# अध्याय-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

नेपाल एक सांस्कृतिक विविधतायुक्त देश हो । साथै यहाँ बहुजाति तथा बहुभाषी समुदायहरु रहेका छन् । नेपाली समाजमा विभिन्न जातजातिहरु बसोबास गर्दछन् । तिनका आ आफ्नै प्रकारका संस्कृतिहरु रहेका छन् । संस्कृति भित्र विभिन्न पक्षहरु रहेका हुन्छन् । जन्म, मृत्यु-संस्कार, धर्म, भाषा, चाडपर्व, मेलाजात्रा, विवाह, चालचलन, भेषभुषा, खानपिन आदी संस्कृति भित्र रहेका तत्वहरु हुन् । यो अध्ययन मगर जातिको विवाह पद्धति बारे जानकारी प्राप्त गर्न साथै विवाह पद्धतिमा आएका परिवर्तन तथा परिवर्तन आउनुका कारणहरु पत्ता लगाउन गरिएको हो । विवाहलाई विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरुले आ-आफ्नो तरिकाले व्याख्या गरेको पाईन्छ ।

अर्याल(२०६७) ले व्याख्या गरेअनुसार "विवाह भन्नाले पुरुषले स्त्रीको समग्र जीवनका सम्पूर्ण आवश्यकताहरुको बहन गर्नु, जिम्मा लिनु र अन्ततः उसलाई आफ्नो अर्धाङ्गको रुपमा स्वीकार गरी सहकार्य गर्दै जीवन व्यतित गराउनु भन्ने बुझिन्छ ।" सामाजिक संस्थालाई निरन्तरता दिनका लागी समाजका विभिन्न इकाइहरु मध्ये विवाह त्यस्तो सामाजिक संस्था हो जसले सृष्टिको वा समाजको निरन्तरतामा महत्वपूर्ण योगदान दिदै आएको छ ।(नेपाली संस्कृति संक्षिप्त झलक,पेज २३)

आचार्य र श्रेष्ठ(२०६६) मा उल्लेख गरिएअनुसार विवाहलाई मानवशास्त्री George P Murdock ले "सर्वव्यापी संस्थाका रुपमा रहेको र जसले निवास, सहवास,आर्थिक सहयोग र परिवारको निमाण गर्दछ" भनी उल्लेख गरेका छन् भने मानवशास्त्री Robert Harry Lowie ले "विवाह भनेको एक महिला र पुरुषले संगै बस्न पाउने आधार हो" भनी परिभाषित गरेका छन् । यसरी हेर्दा विवाह एउटा परिवारको माध्यम हो । विवाहले नै परिवारको निर्माण गर्दछ र समाजको निर्माण साथै समाजको विकासमा सहयोग गर्दछ ।( सामाजिक संस्था र प्रक्रियाको विश्लेषण,पेज २६-२७)

देवकोटा तथा ओझा(२०६७)का अनुसार,समाज शास्त्रिय दृष्टिकोणमा विवाहलाई एक सामाजिक संस्थाको रुपमा लिइन्छ। विवाह सबै भन्दा पूरानो, बढी महत्वपूर्ण र

विश्वव्यापी रुपमा रहेको सामाजिक संस्था हो । विवाहले मानवीय समाजलाई सङ्गठित र स्थायित्व प्रदान गर्दछ । सामाजिक व्यावस्थालाई निरन्तरता दिनका लागि समाजका विभिन्न एकाईहरु मध्ये विवाह त्यस्तो सामाजिक संस्था हो जसले सृष्टिको निरन्तरतामा महत्वपूर्ण योगदान दिदै आएको छ । सामान्य अर्थमा विवाहलाई हेर्दा विवाह एक सामाजिक संस्था हो जसमा मानिसले यौन सन्तुष्टि प्राप्त गर्न, बालबच्चाको जन्म र समाज विकासको प्रक्रियालाई निरन्तरता दिनु हुन्छ भनी उल्लेख गरिएको छ ।(सामाजिक संस्था र प्रक्रियाको विश्लेषण,पेज २१)

विवाहलाई एउटा सामाजिक संस्था मान्न सकिन्छ, जस्तै लोग्ने स्वास्नी वा महिला र पुरुषलाई यौन सम्बन्ध राख्न, बालबच्चा जन्माउन र हुर्काउने सामाजिक कार्यलाई समाजले स्वीकृत दिएको हुन्छ । विवाह समान संस्कृति र प्रचलन अनुसार फरक-फरक किसिमका हुनसक्छन् । विवाह भई सकेपछि समाजमा दम्पतीहरुलाई खास अधिकार र निर्दिष्ट दायित्व निर्धारण गरिन्छ । यो पनि समाज र संस्कृति अनुसार फरक-फरक हुन्छ । यदि हिन्दु समाजमा हेर्ने हो भने विवाहित मानिसलाई सामाजिक समारोह र उत्सवमा सलग्न हुन छुट हुन्छ । विवाहित छोरा मान्छेले मात्र वावु-आमाको मृत्युमा काजक्रिया गर्न सक्दछन् । विवाहपछि समाजमा लोग्ने-स्वास्नी दुबैको पद तथा भूमिका बद्लिन्छ । सामाजिक सम्बन्धको दायरा अरु बढी फराकिलो भएको हुन्छ । नेपाली हिन्दु तथा बौद्ध समाजमा र प्राय अन्य सबै समाजमा विवाहले मानिसलाई व्यवहारमा परिपक्व गराएको पनि संकेत गर्दछ । विश्वका अधिकांश देशमा पितृसतात्मक व्यवस्था भएकाले विवाहपछि स्वास्नी मानिस लोग्नेको घरमा जाने र त्यही आफु बस्ने परम्परा छ । यसको विपरित मातृसतात्मक व्यवस्था भएका समाजमा लोग्ने पछि स्वास्नी को घर जाने गर्दछन् । विवाहका विधि, प्रकारहरु र विवाह पछिका कार्य र सामाजिक दायित्वका सम्बन्धमा प्रत्येक समाजका आ-आफ्नै परम्परा र मान्यताहरु हुने गर्दछन् ।(देवकोटा तथा ओझा,२०६७-सामाजिक संस्था र प्रक्रियाको विश्लेषण,पेज २३-२४)

आचार्य र श्रेष्ठ(२०६६)का अनुसार “आदिम युगमा एक हुल वा एउटा समुह एकै परिवारमा बस्ने गर्दथ्यो । बच्चाले आफ्नो आमालाई मात्र चिन्ने गर्दथ्यो भने बाबु चिन्दैन थियो ।” जब मानव सभ्याताको सुरु भयो त्यहि समय देखि एकात्मक परिवार र केन्द्रिय परिवारको निर्माण भएको पाउन सकिन्छ । समयको कालखण्डमा व्याप्त रहेका जारी विवाह, विधवा/विधुर विवाह, बाल विवाह, बहु विवाह, जबरजस्ती विवाह जस्ता स्वरुपमा व्यापक परिवर्तन आएको पाइन्छ । यसरी हेर्दा विवाहका विभिन्न किसिमहरु पाउन सकिन्छ । जस्तैः पति/पत्नि प्राप्त गर्ने तरिकाका आधारमा, विवाहको लागी पति/पत्नी छनौटका आधारमा,

पति/पत्निको संख्याको आधारमा, पति/पत्नि रहने वा बस्ने स्थानका आधारमा र विवाह सम्बन्धि धार्मिक मुल्यमान्यताका आधारमा विवाहलाई हेर्न सकिन्छ । यसरी हेर्दा समयको परिवर्तनसंगै र समाजको निर्माण संगै विवाह र परिवारको प्रक्रियामा फरकपना रहेको पाउन सकिन्छ । समयको परिवर्तन संगै विवाह पद्धतिमा पनि परिवर्तन आएको पाइन्छ ।( सामाजिक संस्था र प्रक्रियाको विश्लेषण,पेज २८)

आचार्य र श्रेष्ठ (२०६६)ले उल्लेख गरे अनुसार Horton and Hunt(1964) ले आफ्नो पुस्तक Sociology मा विवाहलाई एउटा "सामाजिक मान्यता प्राप्त संस्थाका रुपमा लिदैं विवाहबाट नै परिवारको सृजना गर्दछ" भनी व्याख्या गरेका छन् । त्यसै गरी Subba (1999) ले "विवाह पद्धति औपचारिक वा अनौपचारिक, सहमतीय वा निर्णायात्मक जे जसरी भए पनि सामाजिक रुपमा स्वीकार्य हुने गर्दछ साथै विवाह पद्धति मार्फत मानिसले विभिन्न सामाजिक क्रियाकलापहरु गर्ने अनुमति पाउँदछ ।" भनी व्याख्या गरेका छन् ।(सामाजिक संस्था र प्रक्रियाको विश्लेषण,पेज २९-३०)

यी परिभाषाहरुको आधारमा विवाह एक सामाजिक संस्था हो जसमा पुरुष र महिला बिच सामाजिक धार्मिक अथवा कानूनी रुपबाट एक अर्का सँगै जीवन ब्यतित गर्ने सम्बन्ध कायम हुनुको साथै यसबाट नयाँ पारिवारिक सम्बन्ध कायम भई व्यक्तिगत तथा पारिवारिक कर्तव्य विस्तार हुन्छ भन्न सकिन्छ ।विवाहको सम्बन्धमा जे जस्तो परिभाषा वा बुझाई भए पनि समय र समाज अनुरुप विवाह सम्बन्धि बुझाई तथा मान्याता रहेको छ । विवाह सर्वव्यापी सामाजिक संरचना हो । यो जुनसुकै समाज र संस्कृतिमा सूक्ष्म तहको सामाजिक संस्थाका रुपमा प्रचलित रहेको छ । हरेक समाज र संस्कृतिमा विवाहका अनेक रुप र प्रकृतिहरु प्रचलित छन् । जसले गर्दा विवाहलाई एउटै कोणबाट परिभाषित गर्न सकिदैन । समय परिस्थिति,संस्कृति तथा स्थान विषेश अनुसार विवाह तथा यसका स्वरुपमा पृथकता पाउन सकिन्छ ।

मगर जातिमा विवाह पद्धति आफ्नै परम्परागत खालको छ । मगरहरुले प्राय आफ्नो दिदी-बहिनिको छोरालाई छोरी दिने र मामाकी छोरीलाई विवाह गर्ने गर्दछन् । यसलाई "मामा चेली र फुपूचेला" विवाह भनिन्छ । मामाकी छोरीलाई साली भन्ने चलन छ र पहिले-पहिले विवाह गर्न हक लाग्दछ भनिन्थ्यो भने हाल अन्य जात र कुलबाट पनि विवाह गर्ने गरेको पाइन्छ । मामाकी छोरी नभएमा वा मन नपरेमा अरु नै विवाह गर्ने गर्दछन् । यस्तो विवाह गर्दा वरले आफ्नो कुल भन्दा बाहिरको केटीलाई छान्ने गर्दछन् । तर एउटै

कुलमा पनि सात पुस्ता देखि बाहिरकी केटीलाई विवाह गर्ने परम्परा कतै-कतै पाइन्छ । सात पुस्ता भित्र कसैको विवाह भएमा तिनिहरुलाई कडा सजाय गर्ने गरिन्छ । (बराल मगर,२०६८-पाल्या, तनहुँ र स्याङजाका मगरहरुको संस्कृति, पेज ६४)

तसर्थ,मगर जातीको आफ्नै परम्परागत धर्म,भाषा र पद्धती रहेको पाईन्छ । परिवर्तन प्राकृतिक प्रक्रिया हो । मगर जातीमा पनि परिवर्तित समयको विकास संगै आफ्नो परम्परागत मौलिक पक्षहरुमा केहि परिवर्तन आएको पाईन्छ । यसरी समाजमा भएका हरेक वस्तुहरुमा हुने परिवर्तन तथा संस्कृतिकरण संगै मगरहरुमा हुने परम्परागत विवाह पद्धतीमा पनि हाल व्यापक परिवर्तन भएको पाईन्छ ।

## १.२ समस्याको कथन

समाजशास्त्र र मानवशास्त्रमा मगर जाति नयाँ विषयवस्तु होइन । समाजशास्त्री तथा मानवशास्त्री Hitchcock(1966),शर्मा (२०३६), बुढा (२०५३), घर्ति (२०६२),विष्ट (२००७),आदि विद्धानहरूले आफ्ना पुस्तकमा मगर जातिको उत्पत्ति, परिचय,सामाजिक,सांस्कृतिक पक्षहरूका बारेमा उल्लेख गरेका छन् । खासगरी Hitchcock(1966),ले आफ्नो पुस्तक 'The Magar of Banyan Hill' मा हिन्दू संस्कृतिको सम्पर्कले गर्दा मगर जातिको सामाजिक तथा सांस्कृतिक मूल्य मान्यताहरूमा आइरहेका परिवर्तनहरूको उल्लेख गरेका छन् । यसका अतिरिक्त उनीहरूको गुजारामुखी आर्थिक अवस्थाको वर्णन गरेका छन् ।

घर्ति(२०६४) ले मगर सामाजिक संस्कार र नाता सम्बन्धमा मगरहरूको वंशावली, जन्म, विवाह, चाडपर्व, नाता सम्बन्ध र मृत्यु संस्कारको बारेमा छोटो परिचय दिएका छन् । त्यस्तै बुढा (२०५३) ले मगर जाति र उनका सामाजिक संस्कार मा मगरहरूको उत्पत्ति, विस्तार र सामाजिक संस्कारहरूको संक्षिप्त जानकारी गराएका छन् । त्यस्तैगरी मगर समुदायका विभिन्न संघ संगठनहरूले प्रकाशन गर्ने मुखपत्र तथा जर्नलहरूमा प्रकाशित लेख रचनाहरूले पनि मगर जातिको सामाजिक सांस्कृतिक अवस्थाको बारेमा जानकारी दिएको पाइएतापनि तिनीहरुले मगर जातिको सामाजिक संस्कृतिक अवस्थाको स-साना इकाईहरुलाई सूक्ष्म रुपमा अध्ययन गरेको देखिंदैन । त्यसैले यस अनुसन्धानमा मगर जातीको विवाहको सूक्ष्म ढंगबाट अध्ययन गर्न खोजिएको छ ।

त्यसैले मगर जातिको यस अध्ययनमा मगरहरुको विवाह पद्धती र यसमा आएका परिवर्तन तथा कारणहरु बारे खोज गर्ने प्रयास गरिएको छ । मगरहरुको विवाह पद्धती र यसमा आएका परिवर्तन तथा कारणहरुलाई अध्ययनको समस्याको रुपमा लिई मुख्य गरि मगरहरुको परम्परागत विवाह पद्धती, हाल मगरहरुमा प्रचलित विवाह, विवाह पद्धतीमा आएका परिवर्तनहरु तथा परिवर्तन आउनका कारणहरु पत्ता लगाई समस्याको समाधान गर्ने प्रयास गरिएको छ । यस अध्ययनमा मगरहरुको वैवाहिक पद्धतिबारे नजिकबाट हेर्ने प्रयास गरेको छ,साथै यस अध्ययनबाट मगरहरुको परम्परागत विवाह पद्धतिमा आएका परिवर्तन र यसका प्रमुख कारणहरु बारे बुझ्न प्रत्येक्ष रुपमा अध्ययन क्षेत्र मगर बस्तीमै गएर शोधकार्य गरिएको हुदाँ यस अध्ययनले समस्याको समाधानको लागि हदैसम्म प्रयास गरेको छ ।

## १.३ अध्ययनको उद्देश्य

मगर जातिहरुको वैवाहिक पद्धतीबारे जानकारी गराउने र उनीहरुको वैवाहिक पद्धतीमा आएको परिर्वतन तथा यसका कारणहरुको खोजी गर्ने उद्देश्यले यो अध्ययन गरिएको छ । साथै यस अध्ययनबाट जाति तथा संस्कृति सम्बन्धि जानकारी राख्न रुची राख्ने व्यक्ति,विद्यार्थी तथा संघ-संस्थालाई पनि केही हदसम्म सहयोग पुग्ने उद्देश्य रहेको छ। यस अध्ययनको मुख्य उद्देश्य मगर जातिमा प्रचलित विवाह पद्धती र यसमा आएको परिवर्तन तथा यसका कारणहरुका बारेमा अध्ययन गर्नु रहेको छ र तसर्थ यसका निर्दिष्ट उद्देश्यहरुलाई बुदाँगत रुपमा निम्न अनुसार छन् :

(क) मगर जातिको विवाह पद्धती बारे अध्ययन गर्नु ।

(ख) मगर जातिको विवाह पद्धतीमा आएको परिर्वतन के-के छन्,विश्लेषण गर्नु ।

(ग) मगर जातिका विवाह पद्धतीमा आएको परिवर्तनका कारणहरु पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्व

मगर जातिमा हुने विवाहका परम्परागत पद्धति र प्रचलनहरुलाई अहिलेका मगर समुदायले कसरी मान्दै आएका छन् र विवाह पद्धतिमा आएका परिवर्तनलाई कुन रुपमा लिईएको छ भन्ने बारेमा अध्ययन गरी सोको जानकारी गराउने भएकोले यसको महत्व रहेको छ । यो अध्ययनले पछि गरिने अध्ययनका लागि मार्गदर्शन गर्नेछ,साथै अनुसन्धानले भविश्यमा गरिने मगर जाति सम्बन्धि कुनैपनि अनुसन्धानको लागि महत्वपूर्ण योगदान पुर्‍याउने छ । यस प्रकार यो अध्ययनको महत्वलाई निम्न लिखित बुदाँहरुमा लेख्न सकिन्छ ।

(क) मगरहरुको वैवाहिक परम्परालाई यथासम्भव परिचय गराउनुको साथै भौगोलिक, बसाईसराई, शिक्षा, समपर्क विस्तार आदिले मगर जातीको विवाहमा ल्याएको परिवर्तनलाई प्रकाश पारेको छ ।

(ख) यस अध्ययनबाट मगर जातिमा विवाह पद्धतीमा आएको परिवर्तन ,परम्परागत मान्यता र प्रचलनहरु बारे थाहा पाउन सकिन्छ ।

(ग) मगर जातिको बारेमा चासो राख्ने हरेक व्यक्ति एवं संस्थाका लागि थप अध्ययन गर्न विशेष सहयोग पुग्ने छ ।

(घ) यस अध्ययनले सामाजिक-सांस्कृतिक पुनर्निमाणमा सहयोग पुऱ्याउने देखिन्छ । त्यस्तै जनजातिय कल्याण र सामाजिक एकतामा पनि योगदान पुऱ्याउने देखिन्छ।

(ङ) समाजका विभिन्न व्यक्ति, समूह, संख्या तथा समुदायहरुबीचको सम्वन्धको अध्ययन गर्नेदेखि विकासका प्रक्रियामा यस विषयले पुऱ्याउने व्यवहारिक र सैद्धान्तिक वा विधिगत ज्ञानका दृष्टिकोणबाट हेर्दा पनि यस अध्ययनको महत्व बढी नै देखिन्छ ।

## १.५ शोध संगठन

यस अध्ययनमा जम्मा छ अध्याय रहेको छ । पहिलो अध्यायमा परिचय अन्तर्गत अध्ययनको पृष्ठभूमी, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र शोध संगठन रहेका छन् ।

अध्याय दुईमा सान्दर्भिक साहित्यको समीक्षालाई समावेश गरिएको छ । यस अध्यायमा यस अनुसन्धानमा मगर जनजाति तथा विवाहसंग सम्बन्धित विभिन्न पुस्तक, प्रतिवेदन,आदिको बारेमा व्याख्या गरिएको छ ।

अध्याय तिनमा अनुसन्धानकार्य के-कसरी सञ्चालन गर्ने हो त्यसको सम्पूर्ण पद्धति समावेश गरिएको छ । यस भागमा अध्ययन क्षेत्रको छनोट,अध्ययनको ढाँचा, तथ्याङ्कको श्रोत र प्रकृति,जनगणना,तथ्याङ्क संकलन विधिहरु, तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण र अध्ययनको सीमा आदिको व्याख्या गरिएको छ ।

त्यसैगरी, अध्याय चारमा सम्बन्धित क्षेत्रको मगर जातिको वैवाहिक अवस्थितीको बारेमा बर्णन गरिएको छ । जस अन्तर्गत मगर जाति तथा अध्ययन क्षेत्र तथा त्यहाँका मगरहरुको परिचय,पेशा,धर्म,भाषा, पेशाा,आर्थिक, सामाजिक सांस्कृतिक अवस्था आदि बारे व्याख्या गरिएको छ ।

अध्याय पाँचमा अध्ययन क्षेत्रको मगरजातिको विवाह पद्धति र हाल मगर जातिको विवाह पद्धतिमा आएको परिवर्तन तथा  मगर जातिको परम्परागत विवाह पद्धतिमा परिवर्तन आउनुका कारणहरु बारे व्याख्या प्रस्तुत  गरिएको छ ।

र अन्त्यमा अध्याय छ मा भने सम्पूर्ण अनुसन्धानको निष्कर्ष तथा सुझावलाई उल्लेख गरिएको छ ।

# अध्याय-दुई

# सान्दर्भिक साहित्यको समीक्षा

## २.१ मगर जाति

नेपालमा रहेका मगरहरु जनजाति समूह अन्तर्गत पर्दछन् । नेपालमा आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ ले नेपालमा पहिलो पटक आदिबासी जनजातिको पहिचान  र मान्यता प्रदान गरेको हो । जसअनुसार हाल नेपालमा ५९ वटा जातिय समुदायहरु जनजातिका रुपमा रहेका छन्।उक्त ऐन अनुसार जनजातिको पहिचानका लागि निम्न आधार बनाएको थियो :

-जसको आफ्नो अलग्गै सामुहिक साँस्कृतिक पहिचान छ ।

-जसको आफ्नो भाषा,धर्म,परम्परागत रितिरिवाज र संस्कृति छ ।

-जसको आफ्नो लिखित वा अलिखित ईतिहास छ ।

-जसको परम्परागत सामाजिक संरचना समानतामा आधारित छ ।

-जसको आधुनिक नेपालको राजनिति र शाासन व्ययस्थामा निर्णयक भूमिका छैन ।

-जुन समुदायभित्र हार्मा भावना छ ।

-जसको आफ्नो परम्परागत भौगोलिक क्षेत्र छ । र

-जो चार वर्णको हिन्दू वर्णाश्रम व्यवस्थाभित्र पर्दैन र जो आफूलाई जनजाति भनि दाबि गर्दछन् ।

जनजाति भन्नाले हिन्दू वर्णश्रम संरचनाभित्र नपर्ने नेपालका आदिबासी एवं मूल जातिहरुलाई जनाउँछ । (नेपाल जनजाति महासंघ विधान,२०५१)

माथिका परिभाषाहरुका आधारमा तथा नेपाल आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को सूचीको आधारमा पनि मगर जाति नेपालको एक प्रमुख जनजाति हो ।

नेपालमा भएका मगर जातिको उत्पत्ति, नेपाल प्रवेश, नामकरण, थर तथा उपथर र विवाहको परिभाषा आदिका बारेमा विभिन्न प्रकार बाट अध्ययन अनुसन्धान भएको पाईन्छ । यस बारेमा विभिन्न विद्धानहरु बिच मतभिन्नता रहेको छ, त्यसैले मगर जातिको उत्पत्ति

एउटै ठोस प्रमाण पाउन सकिएको छैन । मगरहरु नेपालका आदीवासी/जनजाति मध्ये एक हुन् भन्नेमा भने एउटै मत रहेको पाईन्छ । आजसम्म पनि मगर जातिको मूल थलो कहाँ हो, यिनीहरुको नेपालमा प्रवेश कहिले र कहाँबाट भएको र सबभन्दा पहिले नेपालमा कुन स्थानमा यिनीहरुको बसोबास भएको हो,यस जातिको नामाकरण कसरी भयो भन्ने कुरा को निदान आजसम्म कसैले पनि गरेको पाईदैन । यस सम्बन्धमा बिभिन्न बिद्धानहरुको आ-आफ्नै तर्कहरु रहेको पाईन्छ ।

खत्री र दाहाल,(२०४४) का अनुसार, मगर जातिको उत्पत्ति थलो तिब्बत मानिन्छ । उत्तर चीनबाट हुणको साथमा हेप्ताल जाति आएका थिए । जसले पछि हिन्दू धर्म ग्रहण गरी स-साना राज्यहरु खडा गरेर बस्न थाले । कालान्तरमा यी हेप्ताल जाति मगर भएका हुन भन्ने कुरा थाहा पाइन्छ ।

मगर जाति मंगोल वंशको भोट-बर्मेली भाषा बोल्ने प्राचिन हाँगा हो । जो संभवत उत्तर-पूर्वबाट नेपाल प्रवेश गरेको हुनुपर्दछ । -Hitchcock,1966).

बराल मगर(२०६८)ले पाल्पा,तनहुँ र स्याङ्जाका मगरहरुको संस्कृति भन्ने पुस्तकमा, नेपालमा मगरहरु पाँच समूहगरी प्रवेश गरेको कुरा उल्लेख गरेका छन् । पहिलो समूह पश्चिम भेकबाट आएका मुनाङ्वाका सन्तानहरु नै सर्वप्रथम २३०० ई.पू. तिर नेपालमा प्रवेश गरेका थिए । दोस्रो समूह आसामबाट, तेस्रो समूह उत्तरी भेकबाट, चौथो समूह सिक्किमबाट र पाँचौ समूह दक्षिण भेकबाट नेपालमा प्रवेश गरेका हुन् भन्ने भनाई पनि पाइन्छ । र साथै जुनसुकै काम पनि म गर्छु भन्ने हुनाले मगर भनिएको हो भन्ने धारणा विभिन्न ठाउँमा मगर बुढापाकाहरुमा भएको पाइन्छ ।

श्रीस(२०३८) का अनुसार,नेपालको पश्चिम सीमा महाकाली नदीभन्दा पश्चिम र भारतको पश्चिम उत्तरबाट बग्दै आएको चन्द्रभंग नदीको बीचको उपत्यकालाई 'महर उपत्यका' भनिन्छ । भूमध्यसागर बाट दक्षिण पूर्व हुदै आएका मगरहरुको एउटा शाखा नेपाल प्रवेश गर्नुभन्दा अघि त्यही उपत्यकामा बसोबास गरेको थियो । त्यस उपत्यकाबाट आएको मगरहरुले आफूलाई "महर" भन्दथे । पछि महर शब्दबाट कालान्तरमा "मगर" भएको हो भन्ने तर्क पाईन्छ ।

Bista(1996),अनुसार मामाचेली फुपूचेला धेरै ठाउँमा र कहिलेकाही मामाचेला र फूपुचेली पनि बिहे गर्ने गर्दछन् । तर खास गरी आफ्नो थर भित्र बाहेक मगर जात भित्र जो सुकै केटा र केटीको बिहे हुने गर्दछ । मगरहरूको बिहेको रितिरिवाज अधिकांश क्षेत्रीको

जस्तै नै हुन्छ । उहि बाहुन पुरोहितद्वारा वैद्धिक विधिविधानले बिहे सम्पन्न गराइने हुनाले क्षेत्रीको र मगरको बिहेको विधिमा खास फरक केहि पनि हुदैन ।

बराल मगर(२०६८)का अनुसार,पहिले गण्डकी प्रदेशलाई महरलोक भनिएको र त्यसै महरलोकका बासिन्दालाई महर भनिएको र पछि गएर महरबाट अपभ्रंश भई मगर भएको हुनसक्ने अनुमान गरेको पाईन्छ ।

शर्मा (२०५८)का अनुसार मगर जातिको थरहरु -राना, थापा र आले रहेको र यी सबैको उपथर मिलाएर करिब ४०० रहेको कुरा उल्लेख गरेको पाईन्छ । मगर जातिको थरहरुलाई चौध पन्थी मगर र अठार पन्थी मगरमा विभाजित गरेको पाईन्छ ।

विष्ट(२०६४)का अनुसार मगर जातिको कुनै थर भित्र धेरै खलक पाइन्छ र यिनिहरुको अलग-अलग नाम हुन्छ भनि उल्लेख गरिएको छ साथै केही मगरका थरहरु - आले, घर्ती, थापा, पुन, बुढा, राना, रोका आदि रहेको र अरु धेरै उपथरहरु सम्पर्कमा रहेको कुराा उल्लेख छ ।

श्रीस(२०३८)मा मगर जातिको मुख्य थरहरु राना, थापा, आले, घर्ति, बुढाथोकी, र पुन रहेका र यी थरहरुमा ८१६ उपथरहरु समाहित रहेको समेत जनाईएको छ ।

बराल मगर(२०६८)मा मगरका थरहरु आले, घर्ति, थापा, पुन, बुढा, राना, आदिमा

लगभग ११२६ उपथर समावेश छन् उल्लेख गरिएको छ ।

## २.२ विवाह

विवाह सम्बन्धमा एउटै सर्वमान्य परिभाषा पाइदैन । विभिन्न सामाजिक तथा सांस्कृतिक परिवेसमा अवस्थित समाजमा विवाह पद्धतिमा पनि विभिन्नता पाइन्छ । समाजमा परिवर्तनको प्रक्रिया सँगै विवाह प्रतिको धारणामा पनि परिवर्तन आएको छ । प्रत्येक समाजमा विवाहलाई धर्म, जात, भौगोलिक परिवेस, आर्थिक विषमता र संस्कृतिले प्रभाव पारेको हुन्छ । समयको विकास क्रम सँगै विवाहको प्रक्रियामा परिवर्तन आएको देखिन्छ । विशेषत औधोगिक विकासको अगाडिको समय र पछिको समयमा विवाहका स्वरुपमा परिवर्तन आएको देखिन्छ । समाजमा आएको परिवर्तन सँगै विवाहमा पनि परिवर्तन हुनुमा भौतिकवादी दृष्टिकोणलाई मुख्य रुपमा लिन सकिन्छ । यसका अतिरिक्त अन्य वाह्य सर्म्पक, व्यक्तिगत स्वतन्त्रता सामाजिक-नियन्त्रणमा लचकता आदि पनि प्रमुख

कारण हुन् । विवाहलाई एउटै परिभाषामा संकुचित गर्न सकिदैन । यसलाई विभिन्न समाज र परिस्थिति अनुसार परिभाषित गरिएको पाईन्छ ।

बुढा( २०५३)मा उल्लेख गरिए अनुसार,मगरहरुले प्राय आफ्ना दिदी-बहिनीका छोरा लाई दाजुभाइका छोरी दिने (मामाकि छोरी विवाह गर्ने) गर्दछन् । मामाकी छोरी लाई बाटोकी साली भन्ने चलन छ। भान्जाले आफ्नी छोरी हुदाहुदै अरु ठाउँ बाट विवाह गरेमा बाटो बिराएको भनेर दण्ड गर्ने गर्दछन् ।

श्रीस(२०३८) अनुसार मगर जातिमा मामा चेली र फुपु चेलामा वैवाहिक सम्बन्ध प्रचलित रहेको पाईन्छ भने मामा चेला र फुपु चेलीमा वैवाहिक सम्बन्ध रहेको पाईदैन । मगर जातिमा मामाकी छोरी रोजी-रोजी भन्ने भनाई अनुसार प्राय साली लाई नै विवाह गर्ने, हक लाग्ने र भान्जाले मन नपराएमा वा अन्य ठाउँमा विवाह गरेमा मात्र छोरी अरुलाई दिने चलन छ ।

बराल (२०६८)ले “पाल्पा,तनहुँ र स्याङ्जाका मगरहरुको संस्कृति” भन्ने पुस्तकमा लेखे अनुसार,मगरहरुले मामाकी छोरी नभएमा वा मन नपरेमा अरु नै विवाह गर्ने गर्दछन् । यस्तो विवाह गर्दा वरले आफ्नो कुल भन्दा वाहिरको केटीलाई छान्ने गर्दछन् । तर एउटै कुलमा पनि सात पुस्ता देखि बाहिरकी केटीलाई विवाह गर्ने परम्परा कतै कतै पाइन्छ । सात पुस्ता भित्र कसैको विवाह भएमा तिनिहरुलाई कडा सजाए गर्ने गरिन्छ । हिन्दू विवाह अनुसार सिन्दुर हालि सकेपछि कुमारित्व नास भएको मान्निछ भने मगरहरुको विवाह प्रथा अनुसार कुखुरा काटिसकेपछि कुमारित्व नास भएको मानिन्छ ।

बुढा (२०५३)को मगर जाति र उनका सामाजिक संस्कार भन्ने पुस्तकमा उल्लेख भए अनुसार, पाल्पाली मगरहरुमा विवाहको कुरो छिन्न जादा अथवा बराउनी गर्न जादां दहिको ठेकी लिएर जाने प्रचलनलाई “ठेकी लगाउने” भन्ने चलन छ ।तराई बासीहरुमा “ गौना” भने जस्तै मगर समाजमा प्रचलीत यो परम्परामा वर र कन्याको पूर्व निर्णयको सूचक “ ठेकी लाउने” शब्द प्रचलनमा छ ।

# अध्याय-तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनौट

नेपालको पश्चिम पहाडी क्षेत्रमा बसोबास गर्ने मगरहरुको सामाजिक तथा सांस्कृतिक पक्षको अध्ययन गरी मगर संस्कृति लाई प्रतिनिधित्व गर्ने गरी पाल्पा जिल्लाको दक्षिण पूर्वमा अवस्थित मगरहरुको बाहुल्यता भएको झडेवा गा.वि.स. वडा नं ३ मा रहेका मगर जातिको विवाह प्रणाली अध्ययनको केन्द्र विन्दु मानिएको छ । पाल्पा जिल्ला मगरको जनसंख्या धेरै भएको जिल्ला हो । यस जिल्लाको दक्षिण पूर्वमा पर्ने झडेवा गा.वि.स. मगरहरुको बाहुल्यता भएको ठाउँ हो । यस क्षेत्रका मगरहरुको विवाह पद्धती र त्यसमा आएको परिवर्तनलाई हेर्न सकिने भएकाले र मगर जातिको विवाह पद्धतीमा आएको परिवर्तन को बारेमा अध्ययन गर्ने रुचि भएकोले यस क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा लिईएको छ । झडेवा गा.वि.स.को सम्पूर्ण वडाहरुमा मगरहरुको बस्ती रहेको छ । शोधकर्ता पनि यसै स्थानको बासिन्दा भएको हुदाँ शोधकर्तालाई क्षेत्रगत रुपले समेत सहज देखिने दृष्टिकोणले र मगर जातिको विवाह पद्धतीमा आएको परिवर्तनको बारेमा अध्ययन गर्न रुचि भएकाले यो क्षेत्र छनौटमा परेको हो ।

## ३.२ अध्ययनको ढाँचा

यस अध्ययन को ढाँचा मुख्यतया वर्णनात्मक र विश्लेषणात्मक रहेको छ । वर्णनात्मक भन्नाले प्रत्येक्ष रुपमा यस अध्ययनका क्रममा विवाह पद्धतिमा पाईएका जानकारीहरुको वर्णन गर्नु हो भने विश्लेषणात्मक भन्नाले यस अध्ययनका क्रममा पाईएका परिवर्तन तथा कारणहरुको बारेमा जानकारी प्राप्त गरि त्यसको विश्लेषण गर्नु हो । जातिय सस्कृतिको अध्ययन गर्दा मगर जातिको ऐतिहासिक विवेचना गर्नु पर्ने हुनाले केहि हदसम्म अध्ययन ढाँचा ऐतिहासिक र विश्लेषणात्मक पनि रहको छ । अध्ययन क्षेत्रमा मगर जातिको विवाह पद्धतिबारे अध्ययन गर्दा यहाँका मगरहरुको विवाह प्रचलन, विवाहको विधि, आदिको वर्णनात्मक तरिकाले अध्ययन गरिएको छ । परम्परागत विवाह शैलीमा आएको परिवर्तन र कारणहरुको अध्ययन गरि सोको विश्लेषण गरिएको छ ।

### ३.३ तथ्याङ्क स्रोत र प्रकृति

यस अध्ययनमा प्राथमिक र द्धितिय दुवै स्रोत प्रयोग गरिएको छ । प्राथमिक स्रोत अर्न्तगत अध्ययन क्षेत्रमा गएर सुचनादातासँग अर्न्तवार्ता, स्थलगत अवलोकन, जानकार

व्यक्तिहरुसँगको अर्न्तवार्ताको माध्यमबाट तथ्याङ्कहरु संकलन गरिएको छ भने साहित्यको पुनरावलोकनका साथै अध्ययन क्षेत्रका लागि लिईएका तथ्याङ्कहरु द्बितीय स्रोतमा आधारित छन् । गुणात्मक सुचनालाई प्राथमिकता दिंदै मात्रात्मक वा संख्यात्मक सूचनालाई सहयोगी सूचनाको रुपमा संकलन गरीएको छ ।

## ३.४ जनगणना

यस अध्ययन क्षेत्रको रुपमा  पाल्पा जिल्ला झडेवा गा.वि.स को वडा नं. ३ मा बसोबास गर्ने मगर समुदायलाई समावेश गरिएको छ । कामि , दमाई , क्षेत्री र मगर जातिको बसोबास रहेको उक्त वडामा ४६ वटा घरधुरी रहेका छन् ।जस मध्ये २२ घरधुरी मगर समुदायको रहेको छ । जनगणना विधिबाट सम्पूर्ण मगरहरु २२ घरधुरीको नै संरचित प्रश्नावलीका आधारमा आवश्यक सूचना संकलन तथा जानकारी लिईएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधिहरु

### ३.५.१ अवलोकन

यस अध्ययनमा प्रयोग भएको एउटा विधि अवलोकन विधिको हो ।यस विधिका माध्यमबाट मगरहरुको प्रचलित विवाह प्रक्रियामा प्रत्यक्ष रुपमा संलग्न भई उनिहरुको विवाह पद्धति बारे अध्ययन गरी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.२ अर्न्तवार्ता

यस अध्ययनमा आवश्यक सूचनाहरु संकलन गर्नको लागी अध्ययन क्षेत्रमा गई मगर समुदायका २२ घरधुरी मध्ये प्रत्येक घरका १/१ जना गरि शिक्षित, अशिक्षित,बुढापाका,विद्यार्थी,कृषक,गृहिणी लगायत जम्मा २२ जना जानकारवाला व्यक्तिहरुसँग विवाह गर्ने तरिका, प्रचलित विवाह पद्धतीमा आएको परिवर्तन, पहिला र अहिलेको विवाह पद्धतीमा आएको विवाह पद्धतीमा फरक र यसका कारण,समाजमा यसले पारेको प्रभाव र समाजले यसलाई कसरी ग्रहण गरेको छ भनी संरचित प्रश्नावलीको माध्यमबाट अर्न्तवार्ता लिई  तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण

सङ्कलित तथ्याङ्कहरुलाई व्यवस्थित गर्न तथ्याङ्कहरुको प्रकृति अनुसार तालिकीकरण र वर्गिकरण गरी व्याख्या विश्लेषण गरिएको छ । परिमाणात्मक तथ्याङ्कहरुलाई तालिकिकरण गरिएको छ, भने गुणात्मक तथ्याङ्कहरुलाई उद्देश्य अनुसार व्याख्या विश्लेषण गरी प्रस्तुत

गरिएको छ। तथ्याङ्कहरुलाई व्याख्या गर्ने क्रममा आवश्यक सामग्रीहरुलाई पनि उपयोग गरी अध्ययनमा समावेश गरिएको छ।

## ३.७ अध्ययनको सीमा

यो अध्ययन पाल्पा जिल्लाको झडेवा गा.वि.स. वडा नं. ३ का मगर जातिका विवाह पद्धतीमा आएको परीवर्तनको बारेमा सिमित रहने छ। त्यहाँका मगरहरुले परम्परागत विवाह पद्धती र विवाहमा आएको परिवर्तन, त्यसको प्रभाव आदिका बारेमा सोध केन्द्रित रहेको छ। पहिले र अहिले मगर विवाहमा देखिएका विविधताको बारेमा अध्ययनको जोड रहेको छ। विशेष गरेर वडा नं. ३ मा रहेका २२ घरधुरी लाई अध्ययनमा राखिएको छ। सो क्षेत्र भन्दा बाहिरको अध्ययन आर्थिक तथा प्राविधिक कारणले कठिनाई पर्ने महशुस गरी यस क्षेत्रमै सिमित गरिएको छ । यसर्थ अध्ययनको निष्कर्षले अन्य स्थानमा रहेका मगर समुदायका अन्य पक्षहरु लाई प्रतिनिधित्व नगर्न पनि सक्छ। यो नै यस अध्ययनको सीमा रहेको छ।

# अध्याय-चार

## अध्ययन क्षेत्र र मगर जातिको परिचय

### ४.१ मगर जातिको परिचय

नेपाल बसोबास गर्ने विभिन्न जनजातिहरुमध्ये मगर जातिमा आफ्नै परम्परा,भेषभूषा, रहनसहन, भाषा र संस्कृति रहेको पाईन्छ । यदाकदा मगर संस्कृतिमा अन्य जातिको संस्कृतिको पनि मिश्रण रहेको पाईन्छ । मगरहरुको विभिन्न ठाउँअनुसार आन्तरिक भिन्नताहरु पनि देखिन्छन्  मगर जाति नेपालको प्रमुख आदिबासी जनजाति हो ।

मगर जातिको बसोबास पश्चिमी पहाडी भागमा भए तापनि हाल सबै क्षेत्रमा छरिएर रहेको पाईन्छ । खानी, ढुङ्गा काट्ने, घर बनाउने, जोत्ने, मेलाको काम गर्ने, सैनिक पेशामा जाने र कडा भारी बोक्ने काममा मगर जाति सिपालु भएकाले पेशाको आधारमा यिनीहरु पूर्व पश्चिम छरिएर रहेको पाइन्छ ।तर समयको परिवर्तन सँगै हाल आएर मगर जातिले माथि उल्लेखित पेशा व्यवसाय बाहेक अन्य विभिन्न खालका पेशा व्यवसाय यति अवलम्बन्न गरेको पाईन्छ ।(बुढा,२०५३,मगर जाति र उनका सामाजिक संस्कार)

नेपालको पश्चिमी पहाडी भूभागमा बसोबासगर्ने भोट-बर्मेली भाषिक समूहको एक प्रसिद्व जाति नै मगर आदीवासी हो (प्रयोगात्मक नेपाली शब्दकोष, २०६१)

२०६८ सालको जनगणनाअनुसार नेपालमा मगर जातिको संख्या १८,८७,७३३ रहेको छ । संख्याको आधारमा क्षेत्री र ब्राह्मण पछि तेस्रो स्थानमा भए तापनि भाषाको आधारमा भने आठौं स्थानमा मगर जाति रहेको पाइन्छ । अर्थात जम्मा मगर जनसङख्या १८,८७,७३३ मध्ये २०६८ सालको जनगणना अनुसार ७,८८,५३० जना (४१.७७ प्रतिशत)मगरहरुले मात्र मगर भाषा लाई आफ्नो मातृभाषा को रुपमा अपनाएको पाइन्छ ।

## तालिका नं. १

### नेपालका केही प्रमुख जनजातिहरुको विवरण

| क.स. | जनजातिको नाम | जम्मा जनासंङख्या |
|---|---|---|
| १. | मगर | १८,८७,७३३ |
| २. | थारु | १७,३७,४७० |
| ३. | तामाङ | १५,३९,८३० |
| ४. | नेवार | १३,२१,९३३ |
| ५. | राई | ६,२०,००४ |
| ६. | गुरुङ | ५,२२,६४१ |
| ७. | लिम्बु | ३,८७,३०० |
| ८. | धानुक | २,२७,८२२ |
| ९. | कुमाल | १,२१,१९३ |
| १०. | राजवंशी | १,१५,२४२ |
| **जम्मा** | | **८४,८१,१७१** |

स्रोतः केन्द्रिय तथ्याङ्क विभाग ,राष्ट्रिय जनगणना २०६८

## तालिका नं. २

### विकास क्षेत्रका आधारमा मगरहरुको जनसंङख्या विवरण

| क.स. | विकास क्षेत्र | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पूर्वाञ्चल | १,९९,८९६ | १०.५९ |
| २ | मध्यामाञ्चल | ३,२४,८६९ | १७.२१ |
| ३ | पश्चिमाञ्चल | ८,२१,५३० | ४३.५२ |
| ४ | मध्यपश्चिमाञ्चल | ४,८४,७७१ | २५.७८ |
| ५ | सुदुरपश्चिमाञ्चल | ५६,६६७ | ३.०० |
| **जम्मा** | | **१८,८७,७३३** | **१००.००** |

स्रोतः केन्द्रिय तथ्याङ्क बिभाग,राष्ट्रिय जनगणना २०६८

## ४.२ पाल्पा जिल्लाको सामान्य परिचय

विविध प्रकारका पर्यटकीय स्थल भएको यस क्षेत्रमा आकर्षक डाडाँकाडाँ,झरना, भञ्ज्याङ, उर्वर वेसि रहेका छन् । "पाल्पा जिल्लाका सत्यवती ताल, सुकेताल र प्रभास ताल प्रसिद्ध तालहरु हुन् । तिनाउँ र उत्तरी सिमानामा बग्ने कालीगण्डकी यहाँका मुख्य नदि हरु हुन् । मौसम अनुसारका बिभिन्न

फलफूलहरु पाईने पाल्पा जिल्लाको बिशेषता हो । तरकारी र बिउ उत्पादन यस जिल्लाको अर्को पहिचान हो ।

यस जिल्लामा बिभिन्न जाति समुदायहरु जस्तै मगर, क्षेत्री, ब्राहमण, ठकुरी, नेवार, गुरुङ, सन्यासि, कामी, दमाई, सुनार, सार्की, गन्धर्व, मुस्लीम आदिको बसोवास रहेको छ । यसरी बिभिन्न जाति समुदायहरुको बसोबास भएको कारणले गर्दा पनि यहाँ धार्मिक तथा सांस्कृतिक क्षेत्रमा विविधता पाईन्छ । मुख्य रुपमा यी जाति समुदायले हिन्दु, बौद्ध, क्रिस्चियन, ईस्लाम धर्म मान्दछन् । जिल्लाको उत्तर पूर्व भेकमा मगर हरुको बस्ती भएकोले त्यहाँ मगर परम्परा, भेषभुषा, भाषा-संस्कृति आफ्नै मौलिकतामा अडेको छ ।

## ४.३ झडेवा गा.वि.स र मगर जातिको परिचय

### ४.३.१ परिचय

झडेवा गाविसको पूर्वमा बहादुरपुर, उत्तरमा हुमिन, पश्चिममा रुप्से र दक्षिणमा गोठादी गा.वि.स.पर्दछन् । समषितोष्ण हावापानी पाईन्छ । अग्ला-अग्ला पहाडहरु तथा महाभारत पर्वत समेत रहेका छन् । साल,सिसौ,कटुस, आँप,खयर,धुपि, बाझ, ओखर जस्ता रुखहरु पाईन्छन् । झडेवा गा.वि.स.को संस्कृति भनेको मगर संस्कृति हो । झडेवामा बसोबास गर्ने मगरहरु मध्ये कतिपय धेरै पहिले समयदेखि नै यहाँ बसोबास गरेको र कतिपय जिल्लाकै बिभिन्न ठाउँहरु बाट बिभिन्न समयमा झडेवामा आई बसोबास गरको बताउँछन् । झडेवामा बसोबास गर्ने मगरहरुमा राना, घर्ति, चिदी, पुन,सारु,काम्मु मुख्य छन् । अन्य जातिमा कामि, ठकुरी दमाई,बाहुन,नेवार र क्षेत्रीहरु रहेका छन् । अध्ययन क्षेत्र झडेवा-३ मा मगरहरुको घर सङ्ख्या  २२ छ भने क्षेत्री १३ घर, कामी ८ घर र दमाई ३ घर रहेका छन् ।

### ४.३.२ स्वभाव/प्रकृति

अत्यन्त परिश्रमी र सोझा स्वाभावका मगरहरुको जीवनशैली सरल छ । अरुको सहयोग गर्न पाए खुसीले हुरुक्कै हुने प्रकृति, सामुहिक क्रियाकलापमा सहभागि र एकोहोरोपन यहाँका मगरहरुको स्वाभाब छ । आफ्नो मन मिल्ने मान्छे लाई कुनै समस्या आईपर्दा मरिमेटेर सहयोग गर्ने यहाँका मगरहरुको स्वाभाव छ । जस्तै, कसैको विवाह पर्व,मेलापात,दु:ख विरामी पर्दा दिन रात नभनि जतिबेला पनि सहयोग गर्न तयार हुन्छन् । कसैको घर निर्माण हुँदै छ भने त्यस समुदायका मगरहरु प्रत्येक घरबाट दैनिक सघाउ जाने चलन प्रशस्तै मात्रामा देख्न सकिन्छ । आफुले कसैको हानी नगर्ने र कसैले आफुलाई दु:ख वा हानी पुऱ्याएमा मरीमेटी उसलाई ठिक ठाउँमा ल्याउने गर्दछन् । यिनिहरुलाई जो कोहीले जालजेल गरेको वा ढाँटेको पटक्कै मन पर्दैन । राम्रोमा राम्रो हुने र नराम्रोलाई पटक्कै देखि नसहने बानि हुन्छ । आत्मानिर्भर, स्वावलम्बि र संस्कृति प्रेम यिनीहरुको विशेषता हो । घरमा आएको पाहुनालाई आदरभाव र सम्मान को व्यबहार गर्नु आफ्नो परम्परा नै हो

भन्दछन् । अत्यन्त मिलनसार, ईमान्दार र अनुशासित व्यवहार नै आफ्नो सांस्कृतिक पहिचान ठान्दछन् ।

### ४.३.३ शारीरिक बनावट

अन्य जाति(बह्रमण, क्षेत्री लगायत)को तुलनामा प्रायः मोटो शरीर, होचाहोचा, मोटो बलियो कद, रौं पातलो, ढाड चेप्टो, बटारिएका पिडौला तथा ठूला हाड, गहुँगोरा र चिम्सा आँखा तथा प्राय जसोको थेप्चो नाक मगरहरुको शारीरिक बिशेषता हुन् ।

### ४.३.४ घरको बनावट

पहिले-पहिले सबै गाउँको एउटै ठाउँमा जोडिएर बनाएका घरहरु हुन्थे । तर अचेल कुनै-कुनै ठाउँमा भने छुटाछुटै ठाउँमा बनाएका घरहरु हुन्छन् । अचेल पनि अधिकांश घरहरु दुई तले हुन्छन् । प्राय जसो घरमा माटोको छानो हुन्छ । घाम ताप्दा, नाचगान गर्दा, कुरा गर्दा मानिसहरु छतमा जम्मा हुन्छन् । तल्लो तलामा गाई, भैसी, भेडा, बाखा र सुँगुर हुल्दछन् भने माथिल्लो तलामा मानिस बस्ने गर्दछन् । कुनै-कुनै घर ढुङ्गा र जस्ता पाताले छाएको तीनतले सम्म छन् । दुई तले माटाको छत भएका घरहरुलाई थारे घर भनिन्छ । एउटै ठाउँमा बनाइएका घरहरु एक अर्कामा जोडिएर बनाइएका हुदा एक छेऊको घरबाट हिडेर अर्को छेउको घरसम्म भित्रै-भित्रै पुगिन्छ । टाढा बाट हेर्दा कुनै घर इटाले बनेको जस्ता र कुनै घर सिमेन्ट बाट बनेका पक्की घर जस्ता देखिन्छन् ।

### ४.३.५ पेशा

पेशाको रुपमा खेतीपाति गर्नु नै मुख्य पेशा हो । खेतीपाति परम्परागत र मौसमी हुन्छ । परम्परागत खेती अन्तर्गत मकै,कोदो,धान खेती आदि पर्दछन् भने हाल आएर केहि मौसम अनुसारका खेतीहरु गर्न थालेको पाईन्छ,जस्तै,तरकारी खेती सागपात,फलफूल खेती( सुन्तला,कागती,केरा) खेती लगायत पर्दछन् । मगरहरुले सिकार गर्ने काम पनि गरेको पाईन्छ । मेलापात,घाँस दाउरा गर्ने बेला जंगल जादाँ जंगली पशुपंक्षीहरुको शिकार गर्ने तथा बेच्ने चलन पहिला भन्दा तुलनात्मक रुपमा कमी भए नि केहीले यस्तो पेशा अपनाएको पाईन्छ। हाल वन्यजन्तु चोरी शिकार अबैध भएको र सो सम्बन्धि जनचेतना अभिवृद्धिका कारण यसको सट्टामा माछा मार्ने,पोखरीमै माछापालन गर्ने लगायतका कार्य गर्न थालेका छन् । मगर समुदायका बुढापाकाहरु घरको काम गर्दछन् भने युवाहरु लाहुरे बन्ने, बिदेशमा काम गर्न जाने बढि प्रचलन छ । खेतिपातिको अलवा गाई भैसी र भेडा बाखा पाल्ने प्रचलन पनि छ । हाल आएर कुखुरापालन तथा बंगुरपालनलाई केही मगरहरुले व्यवसायिक रुप दिएका छन् । खेतीपाती वा गोडमेलको काम गर्दा पर्म (श्रम साटासाट) गर्ने चलन छ । व्यापारको रुपमा अदुवा, घिउँ, आलु,तरुल,सखरखण्ड, काफल आदिको व्यापार गर्दछन् ।

### ४.३.६ भेषभूषा/गहना

लोग्ने मानिसहरु सर्ट,दौरा, पटुका,तनेभोटो, जाइकोट र टोपी लगाउँछन् भने आइमाईहरु धोती, लुंगी, गुन्युचोलो, हल्याक, कपाले (कपालमा बाध्ने वा छोप्ने रुमाल), पछ्यौरा र बर्को लगाउछन् । आईमाइले पोते, तिलहरी, सिक्काको माला,मुगाको माला, चाँदिको माला र सुनचादिको गहनाहरु लगाउने चलन छ । तर यी गहना अचेल बिशेष अवसरमा र चाडर्पव, मेला, जात्रामा मात्रै लगाउने गर्दछन् । यी गरगहनाका साथै चुरा, रैया, फूलि, बुलाकी, मुन्द्री आदि लगाउने गर्दछन् भने केटीहरुको कानमा रिङ्ग, कपालमा किलिप, डोरी लगाउछन् । चुरा कसै-कसैले मात्र लगाउँछन् । परम्परागत गुन्युको स्थानमा विदेशी धोतीको प्रचलन बढेको छ । युवायुवतीको तुलनामा आइमाईहरु परम्परागत पोशाकमा नै देखिन्छन् । केटाहरुले भने पाइन्ट, सर्ट, टि-सर्ट लगाउन थालेका छन् ।

### ४.३.७ खानपिन

यहाँका मगर जातिहरुको मुख्य खाना भात, रोटी, ढिंडो र तरकारी हो । दैनिक खाना सँग सुकुटी मासु, तरकारी र सुकाएको साग सब्जी आदी खाने गर्दछन् । पाहुनाको लागी कुखुरा काटेर मासु, भात, रोटी, ढिंडो खुवाई सम्मान् गर्दछन् । तसर्थ यहाँको खानामा भात, रोटि, ढिंडो, मासु, आलु, उसिनेको साग, सिस्नो आदि हुन् ।

### ४.३.८ शिक्षा

यहाँका मगरहरुले शिक्षामा त्यति उन्नति गरेको पाईदैन । यस गा.वि.स मा अहिले सम्म उच्च माध्यामिक विद्यालय १ प्रस्तावित मा.वि १ र प्रा.वि.७ वटा रहेका छन् । प्रौढ र बृद्ध-बृद्धा मगरहरु आशिक्षित नै छन् । तरुन-तन्नेरीहरुमा पनि सबै शिक्षित भएको पाईदैन । बालबालिकाको शिक्षाको गुणस्तर पनि उत्तम खालको छैन । हाल आएर एस.एल.सि. उर्तिण गरेका युवाहरु केही मात्रामा छन् भने प्रमाण-प्रत्र र स्तानक तह उर्तिण गरेका युवाहरु १२/१५ जना मात्रै रहेका छन् । पुरुष भन्दा महिलाहरु बढी निरक्षर रहेका छन् । विद्यालय तहको तल्लो तहमा केटीहरुको सङ्ख्या भने बढ्दो देखिन्छ ।

### ४.३.९ भाषा

झडेवामा बस्ने मगरहरुको आफ्नै मातृ भाषा रहेको छ । आफ्नै घर ब्यवहार लेनदेन र क्रियाकलापमा मगर भाषा बोल्दछन् । बुढापाखाहरु आफ्नो मगर भाषा बाहेक अरु भाषा राम्ररी बोल्न सक्दैनन् । नयाँ पुस्ताहरु भने शिक्षाको पहुचले गर्दा नेपाली भाषा स्पष्ट सँग बोल्दछन् । अन्य जातिसँग कुराकानी गर्दा नेपाली भाषाको माध्यमबाट गर्दछन् । यस गाउँमा बस्ने अन्य ज्यादै सिमित जातिहरुले पनि मगरहरुको रहनसहनले गर्दा मगर भाषा नै प्रयोग गर्दछन् ।

केही मगर भाषा र तिनको नेपाली अर्थ निम्नानुसार छन् ।

| **नेपाली भाषा** | **मगर भाषा** |
|---|---|
| भात | छ्यो |
| पानी | डि |
| छ | ले |
| मामा | कुबा |
| पिउनु | गाके |
| मासु | स्या |
| जाँड | हान |
| खानु | ज्याके |

## ४.३.१० लिपि र साहित्य

यीनीहरुको आफ्नै छुट्टै लिपि भएको कुराको हाल आएर खोजी हुन थाले पनि यस ठाउँमा पुराना लिखित कुरा भेटिएको पाईदैन । दैनिक व्यवहारमा मौखिक कुरा मगर भाषामा बोलिन्छ । पहिले त मगर भाषा लिखित भै सकेको थिएन । तर हाल आएर यो भाषामा लेखिएका पुस्तकहरु भेटिन्छन् । हाल विभिन्न मगर संघ-संगठनले यस प्रति प्रयास गरेको देखिन्छ । हाल पोखरा क्षेत्रिय रेडियो प्रशारण बाट मगर  भाषामा समाचार प्रसारण गरिदै आएको छ । त्यस्तै पाल्पा जिल्लाकै एफ.एम. सामुदायिक रेडियो मदनपोखराले पनि मगर  भाषामा समाचार तथा कार्यक्रम प्रसारण गर्दै आएको छ ।

## ४.३.११ धर्म

नेपालका मगरहरु प्रायः बौद्ध धर्म मान्ने भए पनि यस ठाउँका मगरहरुमा संस्कृतिकरणको प्रभावका कारण हिन्दू धर्म मानेको पाईन्छ । तापनि हिन्दूका संस्कारहरुलाई कट्टरताका साथ पालना गरको पाईदैन । धर्ममा त्यति कट्टरता छैन । केही संस्कारहरु बौद्ध धर्मका संस्कारसँग मिल्दो जुल्दो पनि देखिन्छन् । यहाँका मगरहरुको आफ्नै परम्परागत संस्कार छन, तिनलाई पालना गर्नु आफ्नो कर्तव्य सम्झन्छन् । पितृपुजा गर्नु र जन्म मृत्यु संस्कारमा आफ्नै परम्परागत संस्कारको पालना गर्नु, भुतप्रेतमा विश्वास गर्नु, धामी-झाँक्रि गर्नु र मन्त्र-जन्त्र गर्नु यहाँका मगर हरुको धार्मिक संस्कार मानिन्छ । दोस्रो जनआन्दोलन पछि देश धर्म निरपेक्ष भएपछि धर्ममा स्वतन्त्रता आयो । फलस्वरुप क्रिस्चियन धर्मको प्रवेश भयो र हाल आएर केही मगरहरुले क्रिस्चियन धर्मको अवलम्बन गरे पनि यस धर्मले प्रभाव पार्न भने सकेको देखिदैन ।

### ४.३.१२ आर्थिक अवस्था

यहाँका मगरहरुको मुख्य काम खेतीपाती गर्ने र पशुपालन गर्नु हो । यहाँको जमिन खेतियोग्य छैन । अधिकांश जग्गा, भिर, पाखा र ढुङ्गाहरुले भरिएको हुदा उब्जनी धेरै हुदैन । यहाँका आधा जसो  घर परिवारलाई खाना वर्षैभरिलाई नै पुग्ने गरको देखिन्छ भने आधा जसो परिवारलाई खाना पुग्न मुस्किल पर्ने देखिन्छ । जग्गा भिरालो र  पाखो भएपनि धेरै हुने गर्दछ । धेरै जग्गा तर पाखो र भिरालो हुने भएको कारणले उब्जनि कम हुने भएकाले यहाँको जनजीवन कठिनाई पूर्ण रहेको देखिन्छ । भैसी पाल्ने र उत्पादन भएको घिउ लाई तानसेन बजार सम्म लगेर बिक्री गर्ने गरेको देखिन्छ ।  युवाहरु लाहुरे बन्ने र भारत लगायतका अन्य विदेशी मुलुकमा कमाउनका लागि जाने गर्दछन् ।

### ४.३.१३ सामाजिक-सांस्कृतिक विशेषता

संसारका हरेक ठाउँमा बस्ने मानव जातिको आ-आफ्नो परम्परा अनुसार चाडपर्व मनाउदै आएका छन । जसलाई संस्कृतिको मुख्य अंग मानिन्छ । नेपालमा पनि बिभिन्न जाति समुदायहरुका आ-आफ्नै परम्परागत चाडपर्वहरु छन् । मगर जातिको पनि आफ्नै गौरवमय संस्कृति, परम्परा, भाषा, र इतिहास छ । यहाँका मगरहरुले हिन्दू धर्मालम्वलीहरुले मनाउने सबै चाडपर्वहरु मनाउँछन् । यसका साथै यिनीहरुका आफ्नै मौलिक चाडपर्वहरु समेत हुन्छन् । मौलिक चाडपर्वहरुमा आफन्तहरुलाई बोलाएर बिशेष भेटघाट, खानपान र सुखःदुख साटासाट गर्दछन् । मगरहरुको चाडपर्वहरुमा परिवारका सदस्यहरु भेटघाट गर्ने एउटा उपयुक्त मौका पनि हो । विशेष गरी यहाँका मगरहरुले मान्ने चाडपर्वहरु निम्न प्रकारका रहेका हुन्छन् ।

#### ४.३.१३.१ साउने सक्रान्ती

प्रत्येक वर्षको साउने सक्रान्ति श्रावन १ गते मनाईन्छ । यो पर्व खेती सकेको अर्थात हिलोबाट उम्केको उपलक्ष्यमा मनाउने गरेको पाईन्छ । साँझ पख सबैको घरको छतमा सल्लाको दियालो राखेर आगोवाली उज्यालो पारिन्छ । “लुतो लैजा है काले राकस” भनि अगुल्ठो शरीर मन्छेर फ्याक्ने गरिन्छ । जसले शरिरमा भएका खटिरा हट्ने र नआउने, यदी आएमा निको हुने विश्वास गरिन्छ । राँको सल्काउने वेलामा बन्दुक पड्काएर पनि रमाईलो गरिन्छ । यस पर्वमा पनि नाँचगान गरि रमाइलो गरिन्छ । इष्टमित्र वा छोरी बहिनी जम्मा भएर मिठो खाई मनाउँने गरिन्छ । खाने परिकारमा बिशेष गरी रोटी, दही, खिर खाने गर्दछन् ।

#### ४.३.१३.२ दशैं

मगरहरुले दशैंमा जमराका साथमा टीका लगाउने गर्दछन् । दशैंमा टीका थाप्नका लागी आफ्नो इष्टमित्र मान्यजनकोमा जाने गरिन्छ । साथमा जाँड-रक्सी लगिन्छ । अन्य जातिको जस्तो दशैंमा बलि दिने प्रथाले व्यापकता पाएकै छ । दशैंलाई मनाएपनि धेरै महत्व भने दिदैनन् ।

### ४.३.१३.३ तिहार

चहलपहलको दृष्टिले तिहार मुख्य चाड हो । साधारणतया मगरहरु तिहारलाई औंसी नामले चिन्दछन् । तिहारलाई तिन दिन सम्म धुमधामका साथ मनाउने गर्दछन् । दशैलाई भन्दा तिहारलाई बढी महत्व दिई मनाइन्छ । गाई तिहारको दिन गाउँका सम्पुर्ण गाई निश्चित ठाँउमा जम्मा गरी पूजेर मनाउँछन् । पुज्ने ठाँउमा रक्सी र रोटी लिएर खाने चलन छ । गोरु तिहारका दिन पनि गाईलाई पूजे जस्तै गरी गोरुलाई पुज्ने चलन छ । चर्तुदशीका दिन दिदी बहिनि बोलाउने, तोरनका लागी बर, पिपल खोज्ने गरिन्छ । काग, कुकुर, गाई, लक्ष्मी र गोरुको पूजा गरि अन्तिम दिन भाई टीका सम्पन्न् गर्दछन् । भाई टीकाको दिन दिदी-बहिनी कहाँ गई टीका पनि थाप्छन् । टीका वापत क्षमताअनुसार दक्षिणा दिन्छन् । तिहारमा मगरहरु रोटी, रक्सी, मासु खाने गर्दछन् । घर-घरमा गई देउसी र भैलो खेल्छन् । देउसी-भैलो खेल्दा कसैले परम्परागत लोक भाषाको सांस्कृतिक मनोरञ्जन गर्दछन् भने युवाहरुले पाश्चात्य शैलीका गीतहरु बजाएर पनि रमाईलो गर्दछन् । अतः मगरहरुले यो चाड बिशेष महत्वका साथ मनाउँदछन् ।

### ४.३.१३.४ माघि संक्रान्ति

यो पर्व मगरहरुले धुमधामसँग मनाउँछन् । यो चाड मनाउनाप्राय परिवारले मासुका लागि राँगा, भैसी,सुँगुर, खसी-बोका, चामल खरिद गर्छन् । संक्रान्तिका दिन तरुल, फर्सि, सखरखण्ड, पिडालु र बदाम उसिनेर खाई यो तिहार मनाइन्छ । यसै चाडमा तारो हान्ने प्रचलन पनि छ । जसले तारो लगाउँछ उसलाई युवतिहरुले विभिन्न खानेकुरा दिई सम्मान गर्दछन् । माघे तिहारमा इष्टमित्र र आफन्तलाई बोलाई मिठो-मिठो खानेकुरा दिई मनाउँछन्।

### ४.३.१४ जन्म-मृत्यु संस्कार

म्गारहरुको जन्म-मृत्यु संस्कार आफ्नै प्रकारको छ । मगरहरु पनि अन्य समुदायले जस्तै जन्म-मृत्युको बेला एक अर्कोलाई सघाउने गर्दछन् । 'मर्दा-पर्दा' भन्ने शब्द यस मगर जातिमा पनि प्रचलित छ । मगरहरु एक घरमा परेको दुःखलाई आफ्नो दुःख सम्झेर हर कार्यमा सहयोग गर्दछन् । एउटा लाई परेको दुःखकष्टमा सबैको समान उपस्थितिमा समाधान गर्छन् । सामुहिक भावना अन्य जातिका मानिसहरुमा पनि भएको पाईए पनि तुलनात्मक रुपमा मगर समुदायमा बढी भएको पाईन्छ,त्यसैले सामुहिक भावना मगरहरुको वास्तविक पहिचान हो ।

### ४.३.१४.१ जन्म संस्कार

बच्चा जन्मेको दिन घरपरिवारमा खुसी मनाउँछन् । सुत्केरीको लागी भनेर इष्टमित्र, नाता-कुटुम्बलगायत गाउँघर सबैले आ-आफनो गच्छेअनुसार कुखुरा, अण्डा, तेल, घिउ, चामल, रक्सी लगायतका मीठा र पौष्टिक खाने कुराहरु ल्याउने गर्दछन् । बच्चाको मावली घरबाट कुखुरा, रक्सी, सँगुर र राँगासमेत ल्याउने गर्दछन् । यो मावलीको गच्छेअनुसार हुने

गर्दछ । विशेष गरी पहिलो जन्मिने बच्चाको लागि विशेष पावरपात र खानपिन ल्याउने गर्दछन् । बच्चाको स्याहार-सुसारको लागि भनेर छोरी-चेली केही समयको लागि पठाइदिन्छन् । सुत्केरीमा खानेकुरा ल्याएका नातेदारहरुलाई एक-एक सरो कपडा धोती, लुङ्गी, चोलो, कपाले, हल्याक, दिने चलन छ । आएका आइमाईहरुलाई खसी र सुगुँर काटेर खाना खुवाउने प्रचलन पनि छ ।

**क) न्वारन**

बच्चा जन्मेपछि सुत्केरीलाई अशुद्ध मान्छन् । सुत्केरी लाई छुन हुदैन भनेर छुट्टै कोठामा राख्छन् । बच्चाको न्वारन नहुन्जेलसम्म तेह्रदिने दाजुभाईलाई समेत अशुद्ध मान्छन् । जब बच्चा ११ दिनको हुन्छ, तब न्वारन गर्छन् । सुत्केरी आमा-बच्चा साविक कै सुत्ने कोठामा सर्दछन् । न्वारनको दिन गहुँत खाई चोखिने परम्परा छ । चोखिदा ज्वाइँ वा भान्जाबाट गहुँत ख्वाउन लगाई गर्छन् । ब्राहमणले जग्गे गरी पुजापाठ सकेपछि बच्चा जन्मेको घडी-पला मिलाई नाम राख्ने गर्छन् । न्वारन गरेपछि बच्चाको ओछयाउने कम्बल र अन्य कपडाहरु ब्राहमणलाई दिन्छन् । बच्चाको नामकरण ब्राहमण ज्योतिष बाट भए पनि बोलाउन सजिलो को लागि बच्चाको गुण, रंग, लक्षण, बार आदिबाट नाम राख्ने पनि गर्दछन् । बच्चा जन्मेको छ दिनमा छैटी गर्ने चलन लाई अनिवार्यता मानिदैन । जेठो छोरो जन्मदा बढी खर्च र रमाईलो गर्छन् । गहुँत छर्केर आमा-बाबु र बच्चाको हातमा धागो बाँधिदिएर सुत्केरी चोख्याउने काम कुटुम्ब बाट हुन्छ । ब्राहमण पुरोहितबाट पनि चोख्याउने काम गराउँछन् । न्वारनको दिन घरमुलिले आफ्नो गच्छे अनुसार खसी, सुंगुर र राँगा काटेर भोज भतेर गर्ने चलन छ । उपस्थित सबै नातेदार छिमेकीले बच्चा, आमा र बाबुलाई टीकाटालो गरी आशिक दिने चलन छ ।

**(ख)अन्नप्राशन**

न्वारन पछि गरिने संस्कारलाई अन्नप्राशन भनिन्छ । यसलाई पास्नी पनि भनिन्छ । यस संस्कारमा  बह्माण,क्षेत्रीको जस्तै छोरा भए ६ महिनामा र छोरी भए ५ महिनामा पण्डितद्धारा राम्रो साइतको दिन हेराई नयाँ लुगा, गहना लगाएर नाउँ जुरेको कन्याकेटीले बालकलाई भात खुवाउने चलन छ । त्यसपछी क्रमशः बच्चाको आमा-बाबु र अरु आफन्तहरुले भात खुवाई आफ्नो गच्छे अनुसार उपहार, आशिष दिन्छन् । आफन्तहरुलाई त्यहाँका अन्य जातिमा प्राय गरी मेवा मिष्ठान्न,भोजन खुवाउने चलन छ भने मगरहरुले मासु(प्रायःसुगुँरको), रक्सी, मासको दालको बटुक(बारा),खुवाई विदाई गर्दछन् ।

**(ग) छेवर**

बिगतमा बालक जन्मेको निश्चित उमेरमा बिजोड बर्ष (३, ५ वा ७ वर्ष)मा मात्र केश मुण्डन कार्य गरिन्थ्यो । छेवर गर्दा बच्चाको बाबु घरमा नभएमा वा जोड वर्षमा अशुभ मानिन्थ्यो । छेवर गर्दा भान्जा, ज्वाइँद्धारा गराइन्थ्यो । कसैले मावली (मामा) द्वारा पनि

गराएको पाइन्थ्यो । छेवर कार्य पछि भान्जा, ज्वाँइलाई टोपी लगाइदिने चलन थियो । तर हाल आएर यस संस्कारलाई महत्व नदिदाँ अवलम्वन गरेको पाइदैन ।

### ४.३.१४.२ मृत्यु संस्कार

मानिसको मृत्यू पश्चात हरेक समाजमा विद्यमान रिती रिवाज, संस्कृति अनुसार भिन्न-भिन्न तवरले सम्पन्न गर्ने गरिन्छ । मगर समाजमा प्राण नजाँदासम्म बिरामी बाट वैतरणी पूजा गर्न लगाइन्छ । यस कार्यमा भान्जाको काम धेरै रहन्छ । वैतरणी गर्दा ब्राह्मण बोलाई गाई राखी पूजा गरिन्छ । बिरामीको प्राण जाना लाग्दा गोवरले लिपेको चोखो ठाउँमा बिरामीलाई सारी जौ र तिलसहितको सुनपानि खुवाइन्छ । प्राण गैसकेपछी शवलाई अन्य जाति, जनावर र किराबाट जोगाइन्छ । यसो नगरे अगति हुन्छ भन्ने विश्वास छ ।

मृतकलाई धेरैजसो जलाइन्छ र कसैलाई भने गाडने चलन पनि छ । दागबत्ति छोरा वा छोरा नभए कुलसन्तानले दिन्छन् । छोरा, भान्जा वा कुलका सबै दाजुभाइले कपाल काट्दछन् । कान्छो छोरो र जेठो छोरो किरिया बस्दछन् । यदि मृतक लोग्ने मानिस हो र उसकी श्रीमती भए श्रीमतीले पनि किरियापुत्रि जस्तै गरी बस्नु पर्दछ । सेतो कपडा लगाउनु पर्दछ । कसैसित छोइनु हुदैन । मलामिहरु घर फर्कदा चौबाटोमा मृतकको प्रेत आत्मा घरमा नफर्कियोस भनेर काँडाको बोट काटेर बाटोमा राखि ढुङ्गाले थिच्ने चलन छ । मगरहरु १३ दिनमा मृत्यु संस्कार पुरा गर्दछन् ।

मृत्यू भएको १-२ बर्षपछि मृतकको नाउँमा बाटोमा बिसाउनी चौतारी बनाउने चलन छ । पातलो ढुंगा वा सिलोट कपेर मृतकको नाम, जन्म र मृत्यु मिती लेखी बलियो गरी आधासम्म गाडिन्छ । निर्मित चौतारीमा मौसम अनुकुल रुख रोपिन्छ । चौतारीमा लगाउने रुखहरु लाँखुरी, धुपीसल्ला, ओखर, तथा फलफूलका बोट हुन्छन् । जुन लामो बर्षसम्म टिक्ने खालका हुन्छन् । चौतारी बनाएर रुख रोप्ने चलन हाल सबैमा नभएको पाईन्छ । मरेको मान्छेको आत्मा आउँदा पछी चौतारीमा बिसाउँछ र छायाँमा बस्छ भन्ने विश्वास गरिन्छ ।

# अध्याय-पाँच

# मगर जातिको विवाह पद्धति र यसमा आएको परिवर्तन तथा कारणहरु

## ५.१ मगर जातिको मौलिक विवाह पद्धति

विवाह सन्तान उत्पादन गर्ने वैधानिक संस्था हो । विभिन्न जाति समुदायमा विवाह पद्धती आ-आफ्नै किसिमको परम्परामा आधारित हुन्छ ।विवाह एउटा सामाजिक संस्था हो । विवाह जुनसुकै समाजमा पनि पाउन सकिन्छ । तर प्रत्येक समाजमा विवाह आ-आफ्नै मान्यता, स्वरुप र चालचलन अनुसार सम्पन्न हुने गर्दछ । बिभिन्न जात, धर्म र समाज अनुसार विवाह संस्कार पनि फरक-फरक पाईन्छ ।मगर समुदायमा पनि विवाह प्रथा आफ्नै किसिमको पाईन्छ।मगर जातिमा पनि आफ्नै मौलिक विवाह पद्धति बिद्यमान छ ।

अध्ययनस्थल पाल्पाको झडेवा गा.वि.स.,३मा बसोबास गर्ने मगर जातिहरुको आफ्नै मौलिक  परम्परा, संस्कृति, विवाहका तरिकाहरु प्रचलित छन् । झडेवा लगायतका जिल्लाका पूर्वी क्षेत्रमा मगर जातिको बाहुल्यता रहेको छ । परम्परा, रहनसहन, संस्कृतिक, चार्डपर्व, जन्म, विवाह र मृत्यु संस्कार समान खालको छ । परम्परागत रुपमा सबैभन्दा बढी प्रचलित विवाह मगनी (अभिभावकहरुको सहमतिमा माँगेर गरिने विवाह) हो । तर हाल प्रेम विवाहको मान्यता र लोकप्रियता बढेको छ । अध्ययनस्थल झडेवा-३ का सम्पूर्ण २२ घरधुरी मगर परीवार प्रत्येकका घरमूलीले गरेको विवाह प्रचलनलाई निम्नाअनुसारको तालिका देखाइएको छ :-

**तालिका नं. ३**

**झडेवा गा.बि.स.वडा नं.३ मा प्रचलित विवाहका प्रकार र अवस्था**

| क.स. | विवाहको प्रकार | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | मगनी विवाह | ९ | ४०.९० |
| २. | प्रेम विवाह | १० | ४५.४५ |
| ४. | जारी विवाह | १ | ४.५५ |
| ५. | विधवा विवाह | १ | ४.५५ |
| ६. | विदुर विवाह | १ | ४.५५ |
| | **जम्मा** | २२ | १००.०० |

स्रोतः स्थलगत अन्ध्ययनबाट तथ्याङ्क, २०७३

### ५.१.१ प्रचलित विवाहका प्रकार

#### ५.१.१.१ मगनी विवाह

मगनी विवाह परम्परागत रुपमा चल्दै आएको विवाह प्रक्रिया हो । यो विवाहमा केटाकेटीका आमा-बाबुले आपसी सहमतिमा गरिने विवाह हो । मगनी विवाह भन्नाले केटाकेटीको चाहना इच्छाभन्दा पनि अभिभावकको इच्छा र बिचार अनुसार आवश्यक बिधी पुऱ्याएर गरिने विवाह भन्ने बुझिन्छ । यसमा केटाकेटी तथा अभिभावकको सामाजिक तथा आर्थिक स्तरलाई पनि हेर्ने गरिन्छ । मागेर गरिने विवाहमा आफ्नो मामाको छोरी वा टाढाको केटो माग्न अपनाइने प्रक्रिया एउटै हुन्छ । मगनी विवाहलाई ५ चरणमा सम्पन्न गरिन्छ । जसमा (क) फकाउने, (ख) दिन माग्ने, (ग) घरभित्र पसाल्ने, (घ) माइती माग्ने र (ङ) पाईला फर्काउने (दाइजोसहित)

##### ५.१.१.१.१ फकाउने/मनाउने चरण

केटा पक्षका अभिभावकलाई मामाकी छोरी वा अन्य केटी विवाह गर्ने मन भएमा सर्वप्रथम केटी पक्षका अभिवकसँग कुरा चलाउने कुनै व्यक्तिमार्फत (व्यामी) कुरा पुऱ्याउन लगाईन्छ । दुवै पक्षका अभिभावकहरु कुनै चाडपर्व, मेलाजात्रा वा बसेको बेला रक्सी खाईरहेको अवस्थामा कुराको संकेत देखाउने गरिन्छ । यो पहल सर्वप्रथम केटा पक्षकाले गर्नुपर्दछ । त्यसपछि केटी पक्षबाट के-कस्तो संकेत मिल्छ त्यसै अनुसार कुरा अघि बढाईन्छ । केटा पक्षकालाई सकारात्मक संकेत दिएको महशुस भएमा त्यसै अनुसार अरु थप कुरा हुँदै जान्छन् भने नकारात्मक संकेत थाहा पाएमा अरु बिभिन्न गन्यमान्य व्यक्तिमार्फत उसका नजिकका नातेदार मार्फत, बिभिन्न उपायद्वारा वा सुख-दुःखमा मद्धत गरेर भए पनि सकभर मन्जुर रहने परिस्थिति सृजना गरिन्छ ।

रक्सी-पानी खाईरहेको समयमा ख्याल-ख्याल गरी विहेको कुरा दर्साइन्छ, या कुनै उपर्युक्त मौका पारेर केटीको आमा-बाबुलाई कुरा गरिन्छ र मनाउने/फकाउने काम भैरहन्छ । यो फकाउने काम अभिभावकहरुको बीचको सम्बन्धलाई नै बढि महत्व दिईन्छ । केटी जवानी अवस्थाकी भएमा फकाउने काम केटीलाई पनि गरिन्छ । उसको मनको आशय बुझेर त्यही अनुसार अघि बढ्ने गरिन्छ ।

केटा पक्षका अभिभावक या व्यामीले केटाकेटीको विवाह सम्बन्धमा कुरा खोल्दा धक फोर्न वा बल फुकाउन ४/५ बोत्तल रक्सी र केही रुपैया साई लिएर कुरा सुरु गर्ने चलन छ । बल फुकाउने काम भएपछी कुरा गर्न सजिलो हुने र कुरा अगाडि बढाउने कार्य सुरु हुन्छ । हाल साइ ८/१० हजारसम्म दिने प्रचलन देखिन्छ । यदि त्यो केटीसँग विवाह हुन सकेन भने माइती (केटी पक्ष) ले सबै खर्च केटालाई बुझाउनु पर्दछ । तर सकेसम्म यो हुँदैन । यो चरण केटी पक्षलाई मनाइ केटी माग्ने प्रक्रिया हो । केवल केटीलाई आफ्नो मागेको बनाउने मात्र हो । दिन तोक्न पछी गईन्छ । यसमा केटाको सक्रियता बढि हुन्छ ।

### ५.१.१.१.२. दिन माग्ने चरण

केटी पक्षका अभिभावकलाई मनाई सकेपछि अरु केटा पक्षकाले दिन माग्न जान्छन् । केटीको घरमा दिन माग्न गएका अभिभावकहरु/व्यामीहरु रक्सी खाँदै कुरा अगाडि बढाउँछन् । तर दिन माग्न जाँदा भने केटा जानु पर्दैन । विवाहको लागि दिन माग्ने उचित महिना बैसाख, मंसिर र फागुनलाई मानिन्छ । यी महिनामा हुन नसकेपछि जेष्ठ, असार र माघ महिनालाई पनि ठिकै मानिन्छ । दिन माग्न जाँदा केटाकेटीको उमेरलाई पनि ख्याल गरिन्छ । यदी विवाह गर्ने केटाकेटी जवान भैसकेका भए विवाहको दिन तोक्ने काम छिट्टै हुन्छ । तर दुवै केटाकेटी परिपक्व नभएमा विवाह गर्ने दिन १/२ वर्ष पछी पनि जान सक्छ । उमेर भएको खण्डमा जतिसक्यो छिट्टै विवाह गराईन्छ । किनकी लामो समय सम्म राख्दा केटी अर्कोसँग जान सक्छे भन्ने शंका गरिन्छ । उमेर पुगेका केटाकेटी भएमा १/२ महिना पछि निर्धारित दिन तोकिन्छ र माग्ने सम्बन्धको कुराकानीमा केटी पक्षकाले ढिलो र केटा पक्षकाले छिटो गर्ने भन्दछन् । अर्कोतर्फ जवान भै सकेकी छोरी अन्यत्र गई भने केटा पक्षकाले खाएको मासु, रक्सी र रोटी सबै सरसामानको दोब्बर तिर्नुपर्छ भन्ने डरले पनि माइती पक्षले छिटो-छिटो दिन चाहन्छन् । दिन माग्न जानु भनेको नै केटी माग्न जानु भन्ने बुझिन्छ । त्यसपछि मात्र विवाहको पक्का पक्की हुन्छ र एक अर्काको हकदार हुन्छन् । दिन माग्न जाँदा रक्सी, रोटी, साइमासा (केटीलाई दिने रुपैया) लिएर गईन्छ । ढोक-भेट र सागपात (पावरपात) को कुरा माइती सित दिन हेर्न जाँदा नै गरिन्छ ।

### ५.१.१.१.३. घरभित्र दुलही भित्राउने चरणः

दिन माग्ने कार्य वर्ष, महिना भन्ने निर्धारित भै सकेपछि केटा पक्ष फर्केर आउँछन् । अगाडि माइतीसँग महिनाको समय निर्धारित भएको मात्र हुन्छ तर गते निश्चित गरिएको हुँदैन् । अब केटा पक्षले दिन हेराई सो महिनाको उपर्युक्त गते र बारको खबर गर्न व्यामी पठाइन्छ । व्यामीले माइती पक्ष लाई गते, बार, समय आदीको जानकारी दिने गर्दछ । तर कुनै-कुनै ले भने विवाहको बार, गते र समय निर्धारण गर्दा केटा पक्ष र केटी पक्ष दुवै तिरका आफन्तीहरु मिलेर सँगै पनि गर्ने गर्दछन् । दिन निर्धारण गरिसकेपछि अब केटा पक्षले विवाहको तयारी गर्नुपर्छ । केटा पक्षले रक्सी, रोटी र जाँड आफै पनि बनाउँदछन र इष्टमित्र, नातेदार र छिमेकी सबैलाई बनाउन लगाउँछन् । निर्धारित दिनमा गाउँघर, इष्टमित्र, गन्यमान्य व्यक्ति र सहयोगीहरु लिएर दुलाहा सहित अभिभावकहरु केटी ल्याउन जान्छन् । बिच बाटोबाट एक जना व्यक्तिलाई आज यो समयमा दुलही लिन आउँछन् भन्ने जानकारी दिन पठाइन्छ । जसलाई ‘भतकरा’ भनिन्छ । भतकराको काम माइतीलाई खबर गर्ने, दुलहीको अवस्था बारे बुझ्ने र दुलाहा पक्षलाई खबर गर्ने हो ।

रक्सी, पानी र खानेकुरा खाईसकेपछी माइतीले दुलाहा-दुलहीलाई दाजु भाईबाट टीकाटालो लगाई बिदा गर्दछन् । त्यसै रात दुलहीलाई घर ल्याई पुऱ्याउँछन् । त्यतिखेर

दुलहीले त्यस्तो खास कुनै गरगहना र लुगाफाटा लगाएको देखिन्न् । पहिलेकै लुगा लगाएर आउँछन् । माइतिले दुलहीको साथमा ८-१० जना केटीहरु पठाउने चलन छ । जसलाई मुड्यौली भनिन्छ । मुड्यौली जानेमा दुलहीको दिदी-बहिनी, फुपु नाता पर्नेहरु जाने गर्दछन् । ति मुड्यौलीहरु दुलाहा पक्षका जन्तीको जिम्मा हुन्छन् । ती मुड्यौलीहरु दुलाहा पक्षका जन्तीसँगै दुलाहाका घर आउँछन् । दुलही लिएर दुलाहा घर फर्कदा जन्तीहरु अगाडि बाटोमा लुकाएर राखेका रक्सी-पानी र खाने कुरा खान्छन् । बाटोबाट दमाहा सहित धुम-धामसँग दुलाहा घर आउँछन् । घरमा पस्दा बाजागाजा सहित भित्रिन्छन् । बन्दुक पड्काउने गर्दछन्, बन्दुक पड्काउने काम बिशेषत शोभाको लागि हुन्छ । घर ल्याई सकेपछि दुलाहा दुलहीलाई भित्र लिदा जैसीले दुवो, पाथी ढोकामा बसाली दिन्छन् । दुलाहा-दुलही दुवैले ढोकामा टीका लगाई दुलही अघि र दुलाहा पछि भित्रिन्छन् । बाँकी अन्य मानिसहरु भने निकै उत्साहका साथ रमाउने गर्दछन् । तन्नेरी केटाहरु भने मुड्यौलीसँग नाना-भाँतीका कुरा गर्दै जिस्किन्छन् । बन्दुक हान्ने, मार काट्ने (खसी, राँगा र कुखुरा) तयार हुन्छन् र दमाहा बजाई वातावरण हर्षोल्लास समय बनाईन्छ । दुलाहा-दुलही भित्र पस्ने बितिकै बाहिर मार हान्ने गरिन्छ ।

दुलही भित्र भित्राएपछि मुल खामोमा टीका लगाईज्छ । त्यसपछि दुलाहा दायाँतिर र दुलही बायाँ तिर बसालेर जैसीको उपस्थितिमा दुलाहाले दुलहीलाई निश्चित घडि, पला हेरी सिन्दुर लगाईदिन्छन् । सिन्दुर ३ पटक हाल्ने प्रचलन हुन्छ । त्यसपछि टीकाटालो गरिन्छ । सुरुमा आमा बाबु भएका कन्याबाट दुलाहा-दुलहीलाई टीका लगाउने गरिन्छ । त्यसपछि दुलाहाका आमा-बाबु नातेदार र इष्टमित्र सबैबाट टीका लगाउने कार्य चल्छ ।

रातभर खानपिन गर्ने, रक्सी-पानी खाने र गफ गर्ने गर्दछन् । दुलही त्यस रात मुड्यौलीसँगै सुत्छिन् । भोलिपल्ट गाउँघर, इष्टमित्र, जन्ती, काम गर्ने र नातेदार सबै आ-आफ्नो जिम्माको कार्यमा लागेका हुन्छन् । राँगा र खसीको मार काटी सकेपछि दिनको भोजभतेर गर्दछन् । भान्सा गर्ने व्यक्तिहरु वा जन्ती पक्षहरुले भान्सा गर्ने, मार काट्ने र मासु बनाएर पकाउने गर्दछन् । रमाइलोका लागि दुलहीका साथ आएकी मुड्यौलीले र दुलहीले समेत काट्दाकाट्दैको मासु वा पकाउन थालेको मासु चोर्ने प्रयास गर्दछिन् । भान्सा गर्नेहरुले चोर्न नदिने प्रयास गर्दछन् । दुवै पक्षबिच हात हालाहाल समेत हुने गर्दछ । बाहिर बाट हेर्ने उपस्थित जन्ती, दमाहा बजाउनेहरु र अन्य दर्शकहरुले झन त्यस स्थितिको तालि बजाएर हो-हल्ला गर्दै वातावरण उत्तेजित र रमाईलो बनाउछन् । मासु चोर्न पाएपछि मुड्यौलीहरु निकै खुसी देखिन्छन् । तर चोर्न नपाएपछि उनीहरु खिन्न हुने गर्दछन् ।

दुलहीलाई माइतबाट दुलाहाका घरमा ल्याउँदा दुलाहा पक्षको एकजना मान्छे( कुराकानी गर्न सक्ने) माइतीमै बसेर माइती मान्ने सरसामानहरुका बारेमा छलफल गर्न बस्छन् । माइती पक्षले के-कति खानेकुरा मगाउँछन, के-के कुरा मगाउँछन, कति दिनमा माइतकी मान्ने आदि सबै कुराको जानकारी ल्याउने काम हुन्छ । मावली, माइती, फुपुहरु,

सासुहरु, काकीहरु (सानी आमाहरु), दिदीसासु र माइजुसासु सबैलार्य के-कति रक्सी, रोटी, चोली, गावन (लुगा) पुऱ्याउने, मुल माइती र अन्य गाउँघरका नातेदार माइतीहरुलाई कति-कति पावर पुऱ्याउने भन्ने टिप्पणी माइतीमा छलफलको लागि बसेको व्यक्तिले ल्याउदछ र त्यही टिप्पणीको आधारमा दुलाहा पक्षले सबै कुराको तयारी गर्दछन् । माइती पक्षले यो कुरा ल्याउनुपर्छ भन्ने टिप्पन/सरसामानको सूची दिन्छन र त्यसै अनुसार भान्जा पक्षले सामान जुटाउने तयारी गर्दछन् ।

मुड्यौलीहरु दुलहीका घरमा त्यसबेला सम्म रहन्छन् जति बेलासम्म माइती मान्न गइदैन । माइतीलाई पुऱ्याउनुपर्ने बिभिन्न सामानहरुको टिप्पणी ल्याउने मान्छे भोलिपल्ट सम्म आइपुग्छ । माइती मान्न नजाउन्जेलसम्म ति मुड्यौलीहरु दुलहीसँग दुलाहाका घरमा बसेर काम गर्छिन् । मुड्यौलीलाई खानपिन गर्ने र भोजभतेर दिने काम भने गाउँकै मान्छेहरुले गर्दछन् । प्रत्येक साँझ रातभरी दोहोरी चल्छ । कति मुड्यौलीहरु त जन्ती केटाहरु सँग मन पराएर विवाह गरेको पनि पाईन्छ । मुड्यौलीहरुलाई भनेर छुट्टै १०-१५ पाथी पिठो, दाल, चामल, तेल र तरकारी सबै दिन्छन् । मुड्यौलीहरुले दिएको सबै चिज आफै पकाएर खान्छन् र बाँकी बचेका सामानहरु माइती मान्न जाने जन्तीसँगै आफै बोकेर लैजान्छन् । बस्ने अवधिसम्म दुलाहा पक्षले राम्रो र मिठो-मिठो खानेकुरा खुवाउनु पर्दछ । राँगा, खसी, काटेर मासु, रोटी, भात र ढिडो खुवाउछन् । त्यहाँ बस्ने अवधिसम्म मुड्यौलीलाई राम्ररी खानपिन र बस्ने बासको व्यवस्था गर्नुपर्दछ । मुड्यौलीहरु सँगै दुलही पनि साथै रहन्छिन् । दुलही मुड्यौलीहरु सँगै रहने भएकाले मुड्यौलीको सुरक्षा पनि हुने गर्दछ । ३ वा ५ दिन पछि माइती मान्ने कार्य हुन्छ । त्यतिवेला सम्म दुलही मुड्यौलीहरु सँगै हुने भएकाले दुलाहा-दुलहीको सम्पर्क हुदैन ।

**५.१.१.१.४. माइति मान्ने चरण**

तिन रात वा पाच रात पछि दुलाहा पक्षका सबै इष्टमित्र, नातेदार, जन्ती, सुड्यौली (दुलाहापक्षबाट जाने केटीहरु) मुड्यौली (दुलही पक्षबाटआएकी केटीहरु) दुवै दुलहीका माइतमा माइती मान्न जान्छन् । माइतीले मगाएका सामानहरु जन्तीहरुले बोक्ने गर्दछन् । जन्तीहरुले बाटोमा खाने रक्सी-पानी, रोटी पनि बोक्छन् । तर मुड्यौलीहरुले केही पनि बोक्नु पर्दैन । बरु जन्तीसँग जिस्किदै जान्छन् । सुड्यौली (केटा पक्षबाट गएका जवान केटीहरु) ले बाटोमा खाने चिजहरु बोक्छन् । जन्तीहरुले माइतीलाई बुझाउनुपर्ने पावरपात ( रक्सी, रोटी, जाँड, तरकारी र मासु) बोक्छन् । बाटोमा जन्ती, मुड्यौली, सुड्यौली सबै आ-आफ्ना किसिमका गफ गर्दै हासो ठट्टा गर्दै हिड्छन् । बाजा-गाजा बजाउँदै मनोरञ्जन गर्दै, बिच-बिचमा रक्सी-पानी पिउँदै, नाच्दै-गाउँदै मनोरञ्जन गर्दै साँझ पुग्दछन् ।

माइती मान्न जाँदा दुलही सिंगारिएर जान्छिन् । केटा पक्षले दिएका नयाँ कपडा लगाई जानुपर्दछ ।यता दुलाहा पक्षका मानिसहरु र उता माइती पक्षका मानिसहरु भेटभई सँगै नाच्दछन् । केही बेरको दुवै पक्षको मिलन अति आकर्षक, मनोञ्जन र वातावरण

उत्तेजित परिस्थितिको देखिन्छ । त्यो हर्षोल्लास वातावरणको मध्यनजर गर्दै दुलाहाका बाबुले दान दक्षिणा दिनुपर्छ । त्यो दिन दिएको रकम दुवै पक्षका दमाईले राख्दछन् र दुवै पक्षका दमाईहरु सँगै मिलेर बाजा बजाउँदै नाच्दै घरमा पुग्छन् । जन्ती, मुड्यौली र सुड्यौली लस्करका साथ दमाहका पछि पछि लाग्दछन् ।

माइती पुगेपछि ढोग-भेट, टीकाटाला र साईनो लगाउनुको साथै सम्धी मिलाउने गरिन्छ । लिएको पावरपात (माइतिलाई दिनुपर्ने कुरा) बुझाउँदछन् । अन्य गाउँघर, फुपु, सानी आमा, मावली र साइनो अनुसारको पावरपात त्यही रात दुलहीका आमा-बाबुले आफैसँग राख्ने गर्दछन् । टीकाटालो गरिसकेपछि खानपिन सुरु हुन्छ । जन्तीहरुलाई भतेर खुवाउदा गाउँका जवान बैशालु केटीहरु र जन्ती सँगै गएकी मुड्यौलीहरुले जन्तीले खादाखाँदै हात धुने भनेर फोहर पानी राखिदिने, हिलो लिप्ने, खाँदै गरेको अवस्थामा ऐना हेर्नाको लागि डोकाडाला देखाईदिने, मासु खाँदा दाँतमा अल्झिएको फाल्नलाई ठुल्ठुला दाउरा दिने, पानीले छ्याप्ने आदी हाँसी मजाक र ठट्यौली पाराले भतेर खुवाईन्छ । जवान जन्ती केटाहरु रमाउदै-रमाउँदै खान्छन् । रातभरी नाचगान र दोहोरी चल्छ ।

भोलिपल्ट दुलाहा पक्षबाट लिएका पावरपात टिप्पण बमोजिम साइनो अनुसारको चीजवस्तुहरु सबै घर घरमा बुझाउन जानुपर्दछ । घर घरमा जाँदा दुलाहाका बाबु काका र दाजुभाई जानुपर्छ । बिहानको खानपिन जन्तीलाई बैशालु केटीहरुले बिभिन्न उटपट्याङ गर्दै खुवाउँछन् । त्यसमा जन्तीलाई अत्यन्त खुसी लाग्दछ । एक आपसमा जिस्किदै रमाईलो गर्दै खाना खाने गर्दछन् ।

दिउँसोतिर करिब २-३ बजेतिर जन्ती लगायत गएका सबै इष्टमित्र र नातागोता सबैलाई रक्सी-पानी खुवाई सम्मान गरी माइतीले पठाउछन् । माईति पक्षका दमाइले बाटो वरसम्म पुऱ्याउन बाजागाजा बजाउँदै आउँछन् र जन्तीहरु बाट बाटोमा पैसा झार्दछन् । जन्तीलाई पुऱ्याउन दमाहाका साथ तरुनीहरु पनि आउँछन् । एक अर्कोमा माया साटा-साट समेत गर्छन् । दोहोरी गाएको, खाई जिस्किदै गरेको, नानाभाँती उटपट्याङ गरी सताएको कुरा सम्झदै अत्यन्त हर्षबिभोर र दुःखीत मनले बिदावारी गर्छन् । फेरी-फेरी पनि यस्तै विवाह अरुले पनि गर्छौं भनेर सम्बन्धको गाँठो बलियो पार्छन् । छुट्टिने बेला भैसक्दा पनि जन्ती युवाहरु छुट्टिन नमान्दानमान्दैको अनुभवले मुड्यौली तरुनीहरुलाई हेर्दै हातको इसाराले वाई-वाई गर्दछन् । निकै पर पुग्दासम्म पनि तरुनीले आफुतिर हेरिरहेको दृश्य देख्दा जन्ती पक्षका जवान केटाहरुलाई फर्केर आफुले मन पराएकी तरुनीलाई तानेर ल्याउँ जस्तो अनुभुती सँगाल्दै दृश्य अन्त हुन्छ ।

फर्कदा बाटोमा रक्सी-पानी खाँदै साँझ दुलाहाका घर पुग्दछन् । दुलाहाका घरमा पुगेपछि रक्सीपानी खादै आ-आफ्ना घरतर्फ लाग्छन् । कोही भने त्यहि बस्दछन् । अन्य जातिहरुको भन्दा फरक के छ भने माइती मान्न जाँदा दुलाहा-दुलही केही दिनको लागि माइतीमा नै बस्दछन् । माइतीमा करिब ३-४ दिनजति बस्ने चलन हुन्छ । दुलाहाका बाबु,

काका लगायत आफ्ना नजिकका सन्तानहरु पनि माइतीमा नै बस्दछन् । माइतीहरु ले दुलाहा पक्षबाट आएको पावरपात हेरी दाईजो बनाई दिन्छन् । सुनचाँदी, तामाका गाग्रा, ताउला, हुन्ना-खर्काउला र अन्य बिभिन्न भाँडावर्तनहरु दाईजोको रुपमा दिन्छन् । ३-४ दिन बसेपछि दुलाहा-दुलही, दुलाहाका अभिभावक र गन्यमान्य व्यक्ति सहित जवान तरुनी मुड्यौलीहरुले भाँडावर्तन बोकेर दुलाहाका घरमा आउँछिन् । मुड्यौलीले बोक्न नसकेका सामानहरु दुलाहा पक्षका मान्छेलाई बोलाइन्छ र सबैले मिलिजुली दुलाहाको घरमा लिन्छन् ॥ बाटोमा रोटी, अन्न-पानी र रक्सी खाँदै साँझ दुलाहाका घरमा पुग्दछन् । मुड्यौलीलाई फेरी मिठो मसिनो खाना खुवाउनुपर्छ । मासु, घिउ र मह दिनुपर्छ ।

मुड्यौलीहरुले १-२ दिनलाई दुलाहाको घरमा बस्छिन र काम गर्छिन् । मुड्यौलीहरु १-२ दिन बसेर फर्किन्छिन् । दुलहीको सहयोग र साथ दिनको लागि दुलहीकी बहिनी वा दिदी केही दिन अझै बस्छिन् । दुलहीलाई आवश्यक सहयोग गर्ने र घरमा कुनै कठिनाई वा अप्ठ्यारो महशुस हुनबाट मद्धत गर्ने काम हुन्छ । त्यसपछि दुलाहा दुलही बिच बोलचाल सम्बन्ध र सम्पर्क बढदै जान्छ ।

### ५.१.१.१.५. पाईला फर्काउने

केही दिनपछि दुलाहा-दुलही पाईला फर्काउन माइत जानुपर्छ । जुन महिनामा विवाह भयो त्यही महिनामा पाईला फर्काउन जानुपर्छ । एक महिनामा विवाह भएर अर्को महिनामा पाईला फर्काउन गएपछि नराम्रो हुन्छ भन्ने भनाई छ । पाईला फर्काउदा बिजोड दिन पारेर जाने गरिन्छ । १, ३, ५, ७, ९, आदी दिन पारेर पाईला फर्काउन जाने गरिन्छ । यस अवस्थासम्म दुलाहा-दुलही एक अर्कोमा अत्यन्त घनिष्ट भै सकेका हुन्छन् । उनीहरु केही पावरपात लिएर माइत जान्छन् । पावरपात दुलहीले बोक्छिन् । दुलहा-दुलही सँग अन्य १-२ जना नातेदार पनि जाने चलन छ । माइतमा केही दिन बसेर दुवैजना घर फर्किन्छन् । यस प्रकार मगर जातिको विवाह संस्कारको समाप्ती हुन्छ ।

### ५.१.१.२. प्रेम विवाह/भागेर गर्ने विवाह

केटाकेटीहरु एक अर्कोमा मन पराई भागेर गर्ने यस प्रकारको विवाह अचेल मगर समाजमा बढदै गएको छ । पहिले-पहिले मगनी विवाह निकै चलन चल्तीमा रहेको थियो भने हाल आएर मगनी विवाह भन्दा प्रेम विवाह अर्थात भागेर गर्ने विवाह चलन चल्तीमा आएको छ । केटाकेटीहरुले एक अर्कामा मन पराएपछी केटाले केटीलाई भगाएर लिन्छ र केटाले आफन्तीको घरमा लुकाएर केटीलाई राख्दछ । केही दिन लुकाएर राखे तापनि पछि माइती पक्षको चित्त नबुझेमा त्यो विवाह रद्ध हुन पनि सक्छ । केटाकेटीहरु मनचित्त लगाएर अन्यत्र लुके पनि दुवै पक्षका अभिभावकहरु बिच सहमति नभएमा विवाह हुन सक्दैन । तर यो ज्यादै कम मात्रामा बिरलै मात्रामा देखिन्छ । पोइल गएकी छोरी लाई फर्काएर ल्याउँदा छिमेकीको हेर्ने दृष्टिकोण फरक हुने र मान सम्मान तथा इज्जतमा दख्खल पुग्ने हेतुले फर्काउने काम हुने सम्भव अति न्युन हुन्छ । केटाकेटी भागेर केहि समय अन्यत्रै लुकेर

समय बिताए पछि माइतीहरु रिसाए पनि अन्तमा सबै गन्यमान्य व्यक्तिको जमघट भै सम्झाई बुझाई मन मिलाउने गराई सहमतिमा पुग्दछन् र विवाहको लागि कुरा गर्दछन् ।

भागेर गएकी छोरी बहिनीलाई कहाँ गई ? कस्कोमा गई ? भनेर खोज्न माइतीहरु जाने गर्दछन् । भागेर गएकी छोरी-बहिनीलाई देखाउन लगाएर माइतीले छोरी-चेलीलाई 'राजी कि बिराजी' भनी सोध्दछन् । यो सोध्नको कारण छोरी खुसी, राजीका साथ मन पराएर आएकी हो वा जवरजस्ती रुपमा बलजफत गरेर ल्याइएको हो भनेर थाहा पाउनको लागि हो । छोरीले राजी भनेमा केही रिसाए जस्तो गरी गाली गर्दछन र छोरी मरीहाली हामीले के गर्ने ? हाम्रा हात पछाडी बनाईहाली भनेर चित्त बुझाउँछन् । तर सोधेको बेला बिराजी छ भनेर दुःख व्यक्त गरी भने माइतीले केटापक्षलाई रिसाउने गाली गर्ने र दण्ड जरिवाना गर्ने गर्दछन् । तर यो कमै हुने गर्दछ । केटाकेटी मनचित्त लगाई भागी सकेपछि माइती पक्षलाई सम्झाउदै-बुझाउँदै मनाउने गरिन्छ ।

सुरुमा केटीलाई खोज्न गएका केटी पक्षहरु रिसाएका हुन्छन र उनीहरुले ठुलै सम्मान र प्रतिष्ठा खोजेका हुन्छन् । केटा पक्ष नम्र भएर कुखुरा-रक्सी ले सम्मान तथा आदर गर्दछन् । तर केटी पक्षकाले खान मान्दैनन् । केटा पक्षकाले हरेक बिन्ती भाउ र अनुरोध गर्दछन् । केटी पक्षका मानिसहरु बल्लतल्ल सुरुको उत्तेजित अवस्थाबाट तल झर्दछन् र सहमतिमा पुग्दछन् । त्यसपछि माइतीलाई रक्सी-पानी जाँड र मासु खुवाई खुसी तुल्याउँछन् ।

केटाले केटी भगाई सकेपछि फेरी केटा पक्षका इष्टमित्रहरु हाम्रो केटाले तपाईकी छोरी-बहिनी मनचित्त लगाएर ल्याएछ, माइती मान्नु पर्‍यो भनी माइतीसँग कुरा बुझ्न जान्छन् । माइतीहरु रिसाएर ठुला भएका हुन्छन् र कुनै वास्ता गर्दैनन् । मुल माइती रिसाए पनि अन्य भाई माइतीहरु जम्मा हुन्छन् र सुल्झाउने प्रयास गर्दछन् । कहिलेकाँही त माइतीलाई सोझ्याउन वा मनाउन नसकेर त्यतिकै फर्केर आउनुपर्छ । फेरी अर्को पटक पनि त्यसै गर्नुपर्छ । पञ्च-भलादमी, गाउँघरका गन्यमान्य व्यक्तिहरुलाई जम्मा गराई माइतीलाई सोझ्याउने वा मनाउने काम गरिन्छ । अन्त्यमा माइतीलाई सोझ्याउन वा मनाउनका लागि गल्ती माफको लागि भनेर केटीको आमालाई एउटा पाठो (बोका वा खसी) दिने गरिन्छ ।

माइतीलाई मनाई सकेपछि विवाहको लागि केटा पक्षका सल्लाह माग्न जानुपर्दछ । माइतीको सल्लाह अनुसार काम गरिन्छ । जन्ती कति जाने, मुड्यौली कति ल्याउने, राँगा-खसी खाने आदी सबै कुराको छलफल गरिन्छ । दमाहा बजाउने नबझाउने आदी पनि सल्लाह गरिन्छ । त्यसपछि माइती मान्न जाने चरणदेखि अन्तसम्म मगनी विवाहको तरिका जस्तै यसमा पनि उपनाएको पाईन्छ ।

### ५.१.१.३. चोरी विवाह/जवर्जस्ती विवाह

केटाले कुनै मन पराएकी केटीलाई उपयुक्त अवसर पारी आफुलाई साथ दिने २-४ जना बलिया व्यक्तिहरुको सहयोगमा जवरजस्ती तानेर ल्याई गर्ने विवाह नै चोरी/जवरजस्ती विवाह हो । केटीले मन पराएको होस वा मन नपराएको होस चाहियो भने यस प्रकारको जवरजस्ती तानेर ल्याउने प्रक्रिया अपनाईन्छ । नजिकै गाउँघरका चिनजान गरेका केटाकेटीहरुले पनि यस प्रकारको तरिका अपनाउदछन् भने टाढाका नाता पर्ने चिनजान त्यति राम्ररी नभएकाले पनि यो विवाह गर्न पुग्दछन् ।

केटाले गाउँघर, बनपाखा, मेलाजात्रा, चाडपर्व आदीमा फकाउँदा पनि केटीले मानिन भने र आमा बाबुले माग्दा पनि केटी पक्षकाले दिएनन् भने यो तरिका उपनाइन्छ । बनपाखा, मेलाजात्रा, चाडपर्व र कामकाज गर्ने समयमा केटीलाई तान्ने अवसर हुन्छ । केटीलाई समाउँदा पहिले दुलाहा बन्ने केटाले हात लगाउनुपर्छ र त्यसपछी अन्य सहयोगीहरुले हातपात गरी रुदै, कराउँदै गर्दा पनि जवरजस्ती तानेर र बोकेर लैजान्छन् । केटीले समाउने र बोक्ने व्यक्तिलाई गाली गर्ने, कोर्ने, चिथोर्ने, टोक्ने, रुने, कराउने र अलाप-बिलाप गरे पनि त्यसको वास्ता नगरी तान्दै वा वोकेर लैजान्छन् । कुनै केटीलाई त चोटपटक पनि लागेको देखिन्छ । तर कतिपय अवस्था भने केटीले पनि मन पराएकी र केटाले तानेमा पनि फरक नपर्ने देखिएका केटाले समाएर तानेजस्तो गर्ने र केटीले रुने कराउने जस्तो गरी जाने तरिका पनि हुन्छ । केटाले केटीलाई जवरजस्ती तानेर लैजाने अवस्थाको सृजना आफ्ना अभिभावक, इष्टमित्र र स्वयं माइतीकै संकेत पाएर पनि हुन्छ ।

माइतीले आफ्नी छोरी-चेली तानेर लगेको खबर थाहा पाएपछि रिसको झोकमा माइती पक्षकाहरुले केटाको घरमा गएर गाली गर्दै घरमा ढुंगा-मुढा हानेर उपद्रो गर्दछन् । हाम्रो छोरी-चेलीलाई जवरजस्ती तानेर ल्याउने तिमीहरुको त्यत्रो आँट ? खै हाम्रो छोरी चेलीलाई तुरुन्त देखाउ भनेर अत्यधिक कोधित हुँदै कराउँदै कराँउछन् । केटाले आफुले तानेर ल्याएकी केटीलाई लुकाएर राखेको हुन्छ । केटा पक्षले कुराकानी नमिल्दा सम्म केटा र केटी दुवैलाई देखाउदैनन् । केटाका अभिभावकले अनेक बिन्ती र अनुरोध गर्दा पनि मान्दैनन् । गएको समयमा केटी देखाउ भनेर कराउँदा पनि देखाएनन् भने केटी पक्षकाहरु झन उत्तेजित भएर रिसाई अवस्था नराम्रो पनि हुन सक्छ । केटी पक्षका मानिसहरु रिसाई रहेको अवस्थामा केटीलाई देखाईदिने हो भने उनीहरु ले लैजान्छन भन्ने शंकाले केटा पक्षकाहरुले केटीलाई देखाउन मान्दैनन् । यसै बीचमा केटा पक्षका गाउँका भद्रभलादमी र गन्यमान्य मानिस भेला भै जसरी हुन्छ माइती पक्षलाई सम्झाउने, बुझाउने र चित्त बुझाउने प्रयास गर्दछन् । साइमासा दिएर हुन्छ की, रक्सी र खसी दिएर हुन्छ कि, बिन्ती गरेर हुन्छ की नम्रता देखाएर, सानो भएर माइतीले भनेका कुरालाई सहन्छन् ।

धेरै रिसायर उपद्रो मच्चाउँदा पनि केटी नदेखाएपछि अन्तमा हाम्री छोरी बहिनीलाई देखाउ राजी छ कि बिराजी छ सोध्दछौं भन्छन् र केटा पक्षले डराइ-डराई केटी देखाईदिन्छन्

। केटीले आमा बाबुकै अगाडि म राजी खुसीले आँए । अर्थात केहि दिन बसिहालियो अब गएर झन बेइज्जत हुन्छ भनी भने माइतीले अरु थप क्रियाकलाप देखाउदैनन् । यदी केटीले म बिराजी छु, म बस्दै बस्दिन भनी रुन, कराउन थाली भने आमा-बाबु र गएका व्यक्तिहरु झन क्रोधित भएर दण्ड दरिवाना र उजुरी गर्ने सम्मको अवस्थामा पुग्दछन् । केटी बिराजी भएमा सकभर त्यो मामिलालाई गाउँका भद्र भलादमीले गाउँमै दण्ड जरिवाना तोकेर कुरा मिलाउँछन् ।

तर केटाले केटीलाई जवरजस्ती तानेर लिइ केही दिनसम्म लुकाएर राख्दाको अवधिसम्म केटीलाई हरसम्भव मनाउन लगाउछन् । केटीलाई खुसीराजी आएकी हुँ भन्न लगाईन्छ । केटीलाई सुटुक्क पैसा दिएर हुन्छकी, मन चित्त बुझाएर हुन्छकी,कआफु तिर मन पगाल्न कोशिस गरिन्छ । माइतीहरु खोज्न आए पनि समस्या नपरोस भन्नका लागि हरसंभव केटीलाई खुसी पार्ने काम गरिन्छ । माइती आएर उत्तेजित भएको अवस्थामा सान्त्वना दिलाउन, खुसी पार्न गाउँका गन्यमान्य र नाता पर्ने र भनेको कुरा काट्न नसक्ने व्यक्तिलाई कुरा मिलाउन जम्मा गरिन्छ । केटीले आफु मन्जुर भै बस्छु भन्ने कुरा देखाई र आमा-बाबु पनि घरघराना हेरी मन्जुर भएमा र पञ्च-भलादमीले कुराकानी मिलाए भने अब माइतीलाई रक्सीपानी, खसी, रोटी, र भात खुवाएर सम्मान गर्दछन् । केटा पक्षकाले माइतीलाई झारेपाठो (खसी र राँगा) दिन्छन् । माइतीहरु चित्त बुझाई घर फर्कन्छन् ।

केही दिनको समय पछी केटा पक्षका अभिभावकहरु माइती मान्ने सम्बन्धमा कुराकानी गर्न जानुपर्छ । माइतीसँग कति जन्ती, मुड्यौली, सुड्यौली, पावरपात, रक्सी पानी र दमाहा लगायत अन्य आवश्यक व्यवस्थाका लागि कुरा गरी फर्कन्छन् । यता केटा पक्षकाले केटीलाई सिन्दुर हाल्ने र भोज भतेर खुवाउने काम गर्दछन् । त्यसपछि अरु प्रक्रियाहरु मगनी विवाह जस्तै अपनाउने गरिन्छ ।

**५.१.१.४. विधवा विवाह**

विधवा विवाहलाई मगर समाज सहज रुपले लिने गरिन्छ । यो विवाह मगर समाजमा परम्परागत रुपले प्रचलित छ । लोग्नेको मृत्युपछि केहि बर्ष घरमै बसी जीवन बिताउँछन् । त्यसपछि माइतीमा गएर जीवन बिताउछन् । विधवा स्वास्नी जवान छ भने उसको अर्को व्यक्तिसँग पुनःविवाह गर्न पाउछे । यसलाई समाजले सहज रुपमा मान्यता दिन्छ । विधवा श्रीमतीले माइतीको सल्लाह र आफ्नै इच्छाले फेरी अर्को व्यक्तिसँग विवाह गर्न सक्छे । यदी विधवा स्वास्नी मानिसका बालबच्चा भएमा माइतीले दिएका सम्पूर्ण दर दाइजो टिप्पणी गरे बमोजिम त्यो छोराछोरीले खान पाउने गरी छुट्याई दिन्छन् । घरतिरको जायजेथा पनि छोरा-छोरीको लागि छुट्याइन्छ । अर्थात छोराछोरीको जिम्मा छोडिन्छ । तर विधवा स्वास्नी मानिसको इच्छा अनुसार कुनै-कुनै विधवा स्वास्नी मानिस अर्को विवाह नगरी पहिलेका लोग्नेबाट जन्मेका बालबच्ची पालेर घरमै बस्ने पनि गर्दछिन् । बालबच्चा नपाउँदै लोग्नेको मृत्यु भएमा उमेर खेर जान नदिई गाउँघर, इष्टमित्र, माइती र स्वयं

मृतक लोग्नेको घरपरिवारले समेत अर्को विवाह गर्नको लागि अनुमति दिन्छन् । यस्तो विवाहमा केटाको इच्छाअनुसार बाजागाजा सहित धुमधाम सहित विवाह पनि गर्ने गर्दछन् ।

### ५.१.१.५. विदुर विवाह

विदुर विवाह पनि मगर समुदायमा प्रचलित छ । स्वास्नी मरेको लोग्ने मानिस भनेर समाजमा केही संकुचित व्यवहार पनि हुन्छन् । तापनि त्यो लोग्ने मानिसलाई दोस्रो विवाह गर्न कुनै बन्देज रहदैन । यदि विदुरको उमेर कलिलै छ भने केटी मागेर धुमधामका साथ विवाह पनि गरिन्छ । विदुरले प्रेम विवाह, भागेर गर्ने विवाह, जवरजस्ती गर्ने विवाह सबैखाले गर्न पाउँछ । बच्चाबच्ची भएर स्वास्नीको मृत्यु भएमा आमाको सम्पत्ति दर दाईजो, माइतीले दिएका सरसामान लगायतका बस्तुहरु ती बच्चाबच्चीले पाउने भनी मृतक स्वास्नी कै माइतीले राखिदिन्छन् । बच्चाबच्ची ठुला भइसकेपछि त्यो सबै बस्तुहरुको सहजै रुपमा उपयोग तथा उपभोग गर्न पाउँछन् । विदुरले विवाह गरेमा समाजमा पछि पहिले जस्तै स-सम्मानका साथ जीवन-यापन गर्न पाउँछ ।

### ५.१.१.६. वहुविवाह

लोग्नेले स्वास्नी हुँदा-हुँदै अर्को स्वास्नी ल्याउन पाउने चलन नै वहुविवाह हो । लोग्नेले स्वास्नी भएर पनि फेरी अर्को स्वास्नी ल्याएमा अघिल्लो स्वास्नी तिरका माइतीहरु त्यहाँ पुगी हाम्रो छोरीलाई अलपत्र पार्ने, दुःख पार्ने, अब छोडपत्र गर भनी लोग्नेलाई धम्की दिन्छन् । छुट्टिई बस्ने हो कि होईन ? भनी आफ्नी छोरी बहिनीलाई सोध्दछन् । छोरी बहिनीले जे भए पनि यहि बस्छु भनी भने माइतीहरुको उपस्थितिमा जेठी स्वास्नीलाई जेठाक भरिदिन्छन् । जेठाक भनेको जेठी स्वास्नीलाई लोग्नेले श्रीसम्पत्तिबाट अंश छुट्याईदिने काम हो । कुराकानी मिलेपछि पनि कान्छी स्वास्नीलाई जेठी स्वास्नीले गाली गर्ने र झगडा गर्ने गर्छिन् । कान्छी स्वास्नीलाई भित्र पसाल्ने बेला जेठीले कान्छीको टाउको लुछ्ने पनि गर्दछिन् । कान्छीले सहनुपर्दछ र ढोग दिनुपर्छ । जेठीलाई कान्छीले ढोग गरेपछि दिदी भनी सम्मान गर्नुपर्छ । लोग्नेले जेठी स्वास्नीको माइतबाट ल्याएको सम्पुर्ण दाईजो माइतीको उपस्थितिमा जेठी स्वास्नीको नाममा बनाईदिन्छ । त्यो सम्पत्ति जेठी तिरका छोराछोरीले मात्र उपभोग गर्न पाउँछन् । त्यसपछि लोग्नेको कुनै हकदावी हुँदैन । लोग्नेको सम्पत्तिबाट जीवनमा आवश्यक पर्ने एकसरो चीज सबै जेठीलाई छुट्याई दिन्छन् । अब जे-जति बाँकी रहन्छ त्यो सबै सम्पत्तिमा लोग्ने, जेठी स्वास्नी र कान्छीस्वास्नीको हक दावी रहन्छ । अगाडी जेठी स्वास्नीलाई छुट्याइएको जेठीको माइतबाट ल्याएको दाईजो र एकसरो चीज बस्तुमा जेठी स्वास्नी र उसका छोराछोरीको मात्र एकाधिकार हुन्छ । त्यसमा लोग्ने, कान्छी स्वास्नी र उसका छोराछोरीको कुनै हकदावी हुँदैन । त्यसपछि बाँकी रहेको जायजेथा सम्पत्तिमा र लोग्नेको आम्दानी सबैमा जेठी र कान्छी स्वास्नी र उनीहरुका छोराछोरीको समान अधिकार लाग्दछ ।

यो विवाह मगर समाजमा ज्यादै कम पाईन्छ । वहुविवाह गर्न पाईने प्रचलन भए तापनि यो गरेको भने पाईदैन । किनकी यसमा आर्थिक अवस्थाले धेरै मात्रामा नियन्त्रीत गरेको पाईन्छ । लोग्नेले पछाडि विवाह गरेपछि उसको आर्थिक अवस्था कमजोर हुने र अघिल्लो स्वास्नीबाट छोरा भएनन् भने पनि दोस्रो विवाह गरेको पाईदैन । यदि विवाह गरेको स्वास्नी मानिसबाट छोराछोरी नभएमा माइतीको सल्लाह बमोजिम अर्को स्वास्नी ल्याउन लगाएमा मात्र ल्याउने गर्दछन् । यदि अर्को कान्छी स्वास्नी ल्याए पनि जेठीकै मातहतमा रहनु पर्ने हुन्छ । तर अध्ययन गर्दा हाल आएर वहुविवाह बिरलै रुपमा कहिलेकाँही मात्रै गरेको पाईन्छ  र यो विवाह समुदाय बाट विस्तारै-विस्तारै समाप्त हुँदै गईरहेको छ ।

**५.१.१.७. जारी विवाह**

अर्काकी स्वास्नीलाई मन पराई भगाई गरिने विवाह जारी विवाह हो । यसरी अर्काकी स्वास्नीलाई भगाएपछि पहिलेको लोग्नेलाई पछिको लोग्नेले पहिलेको लोग्नेले बिवाह गर्दा लाग्ने गरेको सम्पूर्ण खर्च दिनुपर्ने हुन्छ । यसको लागि पहिलेको लोग्ने र पछिको लोग्ने गरी दुवै पक्षको तर्फबाट आ आफ्नो ठाउँतिर पर्ने गरी दुई ओटा कचहरी गरिन्छ । ति दुईओटा कचहरीको कुरा एक अर्कालाई पु¥याउनको लागि बिचमा एउटा व्यक्ति हुन्छ । जसलाई ‘कटौले’ भनिन्छ । कटौलेको काम पहिलेको लोग्ने तिरको कचहरीले गरेको निर्णय पछिल्लो लोग्नेको कचहरीमा ल्याईपु¥याउनु र उनीहरुको कुरा पनि उता पु¥याउनु हो । पहिलेको लोग्नेले विवाह गर्दा लागेको खर्च अनुसारको रकम तिर्नुपर्ने हुन्छ । एकै ठाउँमा कचहरी बस्दा हात हालाहाल हुने र परिस्थिति नराम्रो हुने भएकाले दुवै पक्षले आ-आफ्नो ठाउँतिर पर्ने गरी कचहरी बसाउने गर्दछन् ।

तर केटाकेटीको उमेर नपुगी अभिभावकले विवाह को लागि मगनी गरेका रहेछन वा माइतीको पावरपात खाइसकेको रहेछ र दुर्भाग्यवस केटा वा केटीको मृत्यु हुन गएमा उनीहरुले पछि गर्ने विवाहमा ती लेनदेन गरेका सबै कुराहरु बुझाउनुपर्दछ । मृतकका परिवार लाई ति चिजहरु बुझाउनुपर्दछ ।

**५.१.१.८. पुनर्विवाह**

लोग्ने वा स्वास्नीको मृत्यु भई वा सम्बन्ध बिच्छेद गरी फेरी अर्कोसँग गरिने विवाह नै पुनः विवाह हो । मगर समुदायमा यो विवाह पनि प्रचलित छ । यदि लोग्ने वा स्वास्नी कुनै कारणवश मृत्यु हुन गएमा स्वास्नी वा लोग्नेले छोराछोरी भए पनि अर्को विवाह गर्न पाउँछन् । यसमा माइति पक्षको पनि समर्थन हुने गर्दछ । तर कुनैले भने विवाह नगरी भएका बालबच्चाहरु पालेर जीवन बिताउँछन् । लोग्नेको मृत्यु पछि स्वास्नी अर्को सँग पोइल नगई इज्जतसाथ घरमा छोराछोरी भए पनि नभए पनि बसी भने त्यो लोग्नेको सम्पत्तिमा हकदार हुन्छे । यदि लोग्नेको मृत्यु भै स्वास्नी पोईल गै भने यसका छोराछोरी मावली बाट आएको दाइजो र घरको सम्पत्तिमा हकदार हुन्छन् । त्यस्तै स्वास्नीको मृत्यु

भएका लोग्नेले अर्को स्वास्नी ल्याउन सक्छ । अर्को विवाह मागेर, प्रेम गरेर, जवरजस्ती जसरी पनि गर्न सक्दछ । अर्को स्वास्नी विवाह गरे पनि मृतक अघिल्लो स्वास्नीबाट जन्मेका बच्चाबच्चीले आमाले माइतबाट ल्याएका सम्पूर्ण दरदाइजो उपयोग गर्न पाउने हकदार हुन्छन् ।

स्वास्नी मरेको लोग्ने मानिसलाई स्वास्नी खाएको, भाग्य फुटेको भनी कुरा काट्छन् र हेयको दृष्टिकोणले हेर्ने गर्दछन् । त्यस्तै लोग्ने मरेकी स्वास्नीलाई पनि लोग्ने खाएकी अलच्छिनी भनेर हेर्ने दृष्टिकोण पनि फरक हुन सक्छ । तर यो परिपाटी सबैलाई समान हुन सक्दैन । किनकी तिनीहरुलाई हेर्ने दृष्टिकोण आर्थिक तथा सामाजिक प्रतिष्ठा अनुसार हुने गर्दछ ।

यदि लोग्ने स्वास्नीको सम्बन्धमा गिरावट आएमा र मन नमिलेमा सम्बन्ध बिच्छेद गरी पुनःअर्को विवाह गर्ने चलन पनि छ । यदि लोग्नेले छुटपत्र गर्न चाहेको हो भने स्वास्नीले माइतीको उपस्थितिमा माग गरे बमोजिम रकम तथा अन्य जिन्सी सामान दिएर सम्बन्ध बिच्छेद गर्न सक्दछ । विवाह गर्दा लागेको खर्च विवाहमा दिईएको दाइजोको सम्पूर्ण हिसाब गरी त्यसको मूल्य भन्दा पनि बढि सम्पत्ति तथा रकम तिरेपछि मात्र छुटपत्र गर्न पाउँदछ । यदि स्वास्नी ले सम्बन्ध बिच्छेद गर्न चाहेकी हो भने विवाह गर्दा लिएको सम्पुर्ण दरदाइजो माग्न पाउँदिन । अझ उल्टो लोग्नेलाई सन्तुष्ट पार्न सक्ने रकम दिएर चित्त बुझाई छुट्टिन सक्छे, जसलाई टोपी भराउने भन्ने गरिन्छ ।

### ५.१.२ सम्बन्ध विच्छेद

लोग्नेले स्वास्नी लाई मन नपरेमा र लोग्ने-स्वास्नीको मनमुटाव भएमा सम्बन्ध विच्छेद गर्न सक्छन् । सम्बन्ध विच्छेद पनि परम्परादेखि चलिआएको विधि अनुसार गर्ने गर्दछन् । पाल्पाका मगरहरुले सम्बन्ध विच्छेद गर्दा माईतिहरु र केटाको घर तर्फको पञ्च-भलाद्मि कचहरी बस्दछन् । कचहरीमा कसले उपेक्षा गरेको र कसले सम्बन्ध विच्छेद गर्न चाहेको हो, त्यसको छिनोफानो गरिन्छ । सम्बन्ध विच्छेद गर्न चाहेको पक्षले हर्जना तिर्नु पर्दछ । यदि पत्नीले सम्बन्ध विच्छेद गर्न चाहेमा "टोपी भरौनी" र पतिले सम्बन्ध विच्छेद गर्न "फँडो भरौनी" दिने गर्दछन् । कचहरीले नै (टोपी र फाँडो) भरौनि कति तिर्ने भनि निर्णय गर्दछ ।

## ५.१.३. विवाह उत्सव

### ५.१.३.१. बेहुलाको पहिरन

मगर समुदायको विवाहमा बेहुलाको पोशाकमा कुनै नयाँ आकर्षण हुँदैन । समान्यतया अन्य दिनमा नै लगाउने लुगा कपडा प्रयोग गरिन्छ । सामान्यतया पाईन्ट, सर्ट, टिसर्ट, ज्याकेट, टोपी लगाउने गरिन्छ । मगर जातिको विवाहमा बेहुलाको पहिरनमा

देखिएको यो सरल पक्ष हो । किनकी अन्य जातिको विवाह गर्दा नयाँ, भट्किला र आकर्षक किसिमका कपडाहरु बेहुलाले प्रयोग गर्दछन् । तर मगर जातिमा भने त्यो देखिदैन ।

### ५.१.३.२. बेहुलीको पहिरन

मगर जातिको विवाहमा बेहुलीको पहिरन र पोशाकमा पनि नयाँपन हुँदैन । साधारणतया लुङ्गी, चोलो वा ब्लाउज, आदी पहिले लगाएकै कपडा प्रयोग गदर्छिन् । विवाह गरेर केटाको घरमा आईसकेपछि भने केटाका पक्षकाले हाली दिएका नयाँ कपडा लगाउने चलन छ । दुलाहाले दुलहीलाई सिन्दुर हाल्ने बेला केही फरक किसिमका कपडा लगाउने चलन भने छ । सिन्दुर हाल्ने समयमा लगाएका कपडाहरु जीवित रहँदा सम्म सुरक्षित सँग राख्ने गरिन्छ ।

### ५.१.३.३. अन्य मानिसकोहरुको पहिरन

विवाह अवधिभर अन्य जन्ती वा विवाहमा संलग्न मानिसहरुले सामान्यतया पहिलेकै कपडा हरु सफा गरी लगाउँदछन् । तर तन्नेरी हरुले भने पाईन्ट, जिन्स पाईन्ट, सर्ट, टि-सर्ट, ज्याकेट, जुत्ता लगाउँदछन् ।

### ५.१.३.४. नाँचगान

सामान्यतया तामझामका साथ नाँचगान चल्दैन । अधवैशे र बृद्वहरु आ-आफ्ना उमेरकाहरु सँग रमाईला गफ गरेर बस्दछन् । केही तन्नेरीहरु एक आपसमा रमाईलोको लागि नाचगान गर्दछन् । बेहुला पक्षका केटाहरु र बेहुली पक्षका केटीहरुले रातभरी हाँसो, ठट्टा र दोहोरी गरी मनोरञ्जन गर्दछन् । अचेल आएर चलन चल्तीमा रहेका दोहोरी गितहरु बजाउने पनि गर्दछन् ।

### ५.१.३.५. खाजा/जाँड छर्ने

बेहुलीले जन्तीसहित माइती मान्न जाँदा खाजा (भटमास, मकै,रोटी आदी) बाटोमा, दोबाटोमा, बिसाउनामा, चौतारोमा, थानमा, मन्दिरमा, आदीमा छर्दै जाने चलन छ । बेहुलाले पनि दोबाटो, बिसाउने, थान, चौतारो आदीमा जाँड छर्दै जानु पर्दछ ।

### ५.१.३.६. खानपिनको तयारी

विवाहको दिन निश्चित गरेदेखि दुवै पक्षमा जाँड, रक्सी, रोटी, खसी, राँगा, चामल, घिउ, मह, पिठो आदी विवाहमा चाहिने सबै सामानको तयारी गर्न सुरु गर्दछन् । केटी पक्ष भन्दा केटा पक्षले खानपिनको लागि बिशेष तयार गर्नुपर्दछ । विवाह गर्ने केटाका घरकाले आँफै सामान जुटाईसकेका हुन्छन भने केही सामान आफनै भाईपट्टी र छिमेकीहरुलाई जुटाई दिनको लागि अनुरोध गर्दछन् ।

### ५.१.३.७. बेहुली लिन जाने तरिका

विवाहको कुरा छिनी सकेपछि बेहुला, बेहुलाका बाबु, दाज्यु, भाई, ईष्टमित्र र गाउँका मुख्य व्यक्ति बेहुली लिन जान्छन् । बेहुली लिन जाँदा जाँड, रक्सी, रोटी र मासु लिन्छन् । बेहुलीको घर नपुग्दै बाटो बाटै एउटा बिश्वासिलो मान्छेलाई अगाडी पठाईन्छ ।

उसको मुख्य काम बेहुलीका आमा-बाबुलाई बेहुली लिन आएको खबर गर्ने र बेहुलीको अवस्थाबारे बुझ्ने हो । केही समय पछी दुलाहा सहित गएका व्यक्तिहरु दुलहीको घरमा पुग्छन् । गफगाफ सँगै खानपिन सुरु हुन्छ । त्यसपछि टीकाटालो चल्दछ । तर केटीका बाबु आमाले लगाउने चलन हुँदैन । अर्को पटक माइती मान्न आउँदा लगाउने चलन हुन्छ । माइतीले काँसको थाल र फूलपानी सहितको तामाको गाग्री दिएर बिदा गर्दछन् । दुलहीले आफ्नो घर छोड्दा आफ्नी संगीसाथीहरुलाई बोलाउन लगाएर साथै दुलाहाका घर जान्छन् । दुलहीका साथ आएकी युवतीलाई मुड्यौली भन्दछन् । राती दुलही लिई आएका मानिसहरुलाई दुलाहाको घरमा स्वागत गर्दै घरमा दमाहा बजाई  दुलही अघि र दुलाहा पछि लागेर घरभित्र पस्दछन् । टीकाटालो र सिन्दुर हाली विवाह कार्य सम्पन्न गरिन्छ ।

#### ५.१.३.८. लगन बिधी

मगर ज्योतिषको उपस्थितिमा निकालिएको लगनको निर्धारित समयमा पूजापाठ गरी दुलाहा र दुलहीलाई घरभित्र भित्र्याई टीकाटालो गरिन्छ । दुलाहा दुलहीलाई जुठो खानेकुरा, मह आदी खुवाउन लगाई सिन्दुर हाली सकेपछि विवाह बिधी अन्त गरिन्छ ।

### ५.१.४. विवाहमा मुड्यौलीको महत्व

मगर जातिको विवाहमा मुड्यौलीको बिशेष महत्व हुन्छ । मुड्यौली (दुलही पक्षबाट आएकी केटीहरु) ले चाहेमा विवाह नै अस्तव्यस्त पार्न सक्छिन् । दुलहीका साथ आएकी मुड्यौलीको संख्या करिब ८-१० भन्दा बढी नै हुन्छ । दुलही ल्याउन गएका केटा पक्षका मानिसहरुसँग आएकी मुड्यौलीहरु दुलाहाका घरमा तीन दिनजति बस्छिन् । त्यस अवधिमा मुड्यौलीको मनपरी हुन्छ । उनीहरुको इच्छाअनुसार खान, बस्न र सुत्नको व्यवस्था गर्नुपर्छ । मुड्यौलीको लागि भनेर छुट्टै चामल, पिठो, तरकारी र मासु दिइन्छ । बेहुलाको घरमा काटेको खसी र राँगाको मासु काट्दाकाट्दै मुड्यौलीहरुले चोर्ने प्रयास गर्छिन् । चोर्न नदिएमा रिसाएर दुलहीलाई लिएर फर्कने धम्की दिन्छिन र दुलहीलाई सँगै लिएर पर बाटोसम्म गई सकेकी मुड्यौलीहरुलाई दुलाहाका बाबु आमा र गन्यमान्य मानिसहरुले हामीलाई क्षमा दिनुहोला, माफि दिनुहोला भनी बिन्ती गरी फर्काउछन् । तीन दिन सम्म बस्दा खाना आफै पकाएर खाने गर्दछन् । बेहुला पक्षले खानपिनको सबै व्यवस्था मिलाई दिनुपर्छ । मुड्यौलीले यो पुगेन, उ पुगेन भन्न नमिल्ने हिसाबले सजगताका साथ खानाको प्रवन्ध गर्दछन् । गाउँका तन्नेरी युवाहरु मुड्यौली सँग जिस्किने, हाँसो ठट्टा गर्ने, उनीहरुलाई आवश्यक सहयोग गर्ने गर्दछन् । मुड्यौलीहरु बस्दासम्म रातमा दोहोरी चल्दछ । अनेकौं उटपट्याङ गरी तीन दिन बिताएको थाहा नै पाउदैनन् । त्यस अवधिसम्म दुलही मुड्यौलीको साथमा रहन्छिन् । दुलाहा-दुलहीको सम्पर्क हुन सक्दैन । ३ दिनपछि पूर्व निर्धारित पावरपात (जाँड, रक्सी, रोटी र खसी) सहित मुड्यौली, दुलाहा-दुलही, दुलाहाका आमा-बाबु र जन्ती माइती मान्न जान्छन् । बाटोमा पावरपात बोकेका जन्ती तन्नेरीहरुलाई

मुड्यौली युवतीहरुले जुत्ता र चप्पल टेकिदिएर, बाटो रोकेर, कपडा तानिदिएर, भारी बिगारीदिएर, नानाथरीका उल्पट्याङ गरेर हैरान बनाउँछन् । माइत पुगेपछि पनि जन्तीलाई खाना खुवाउँदा, बसाल्दा, गाउँदा, सुताउँदा, रक्सी दिँदा नाना भाँतीका उल्पट्याङ गरेर जिस्काउँछन् । यसैमा जन्ती पनि आनन्दका साथ रमाउँछन् र उनीहरुलाई पनि दिन बितेको पत्तो हुँदैन ।

### ५.१.५. विवाहमा मध्यपानको महत्व

मगर जातिको विवाहमा मध्यपान (जाँड, रक्सी) को अत्यन्त महत्व हुन्छ । रक्सी र जाँड बिना विवाह हुन सक्दैन । इष्टमित्र, गाउँघर, जन्ती र माइति सबै पक्षलाई जाँड रक्सी खुवाउनु मुख्य आवश्यकता मानिन्छ । केटी माग्ने समय देखि ल्याउने, भित्राउने, पाईला फर्काउने र अन्तसम्म जाँड रक्सीको बिशेष महत्व रहन्छ । विवाह अवधिभर कुनै व्यक्ति जाँड रक्सीबाट अछुतो रहन सक्दैन । आइमाईहरुले पनि मध्यपान गर्ने गर्दछन् । तर जाँड रक्सी खाएर झै-झगडा गर्ने, काममा बाधा पुऱ्याउने आदी जस्ता कार्य हरु गरेको भने पाईदैन । मध्यपानले विवाह अवधिभर सरल, मनोरञ्जन र सफल तुल्याउने काममा सहयोग गरेको हुन्छ ।

### ५.१.६. विवाहमा मासुको महत्व

मगर जातिको विवाहमा मध्यपानको जति महत्व रहन्छ, त्यति नै मासुको पनि महत्व हुने गर्दछ । विवाह कार्यमा मासुको पनि अनिवार्यता हुने गर्दछ । इष्टमित्र, गाउँघर, जन्ती र माइती सबै पक्षलाई जाँड रक्सी सँगै मासु खुवाउनु पनि अर्को आवश्यकता हो । मुड्यौलीहरु बेहुली सँग बेहुलाको घरमा आएको बेला त मासुको लागि लुछाचुरी नै पर्दछ । मासुको लागि कुखुरा, खसी, राँगा, र बंगुर काट्ने गर्दछन् ।

### ५.१.७. मगर महिलाको अवस्था

श्रीमान्को गोडाको पानी खानुपर्ने, श्रीमानले भनेको मान्नैपर्ने र भान्सा कुर्नुपर्ने वाध्यता मगर महिलाहरुलाई छैन । उनीहरु समाजमा स्वतन्त्र रहन्छन् । सासु-ससुरा, छोरी-बुहारी, श्रीमान्-श्रीमती, एक आपसमा खुलेर कुरा गर्ने, बुहारीले घुम्टो राख्नु नपर्ने, माइतिबाट ल्याएको दाईजो पेवा बुहारीको आफ्नै हुने, आफ्नो इच्छा अनुसार खर्च गर्न पाउने, सासुपछि स्वतःबुहारीको स्थान आउने, सासु-बुहारी मिली घरभित्रको काम गर्ने, बिभिन्न चाडपर्व र मेला जात्रामा छोरी-बुहारीलाई स्वतन्त्रता र रमाईलो (नाचगान) गर्न र हेर्न छुट हुने, आदी मगर महिलाको स्वाभाविक कार्य भित्र पर्दछन् । लोग्ने मान्छेले स्वास्नी मान्छेसँग सम्बन्ध बिच्छेद गरी अर्को विवाह गर्न पाउँदैन । घरको काममा सम्पूर्ण अधिकार हुने, लोग्नेलाई काममा सल्लाह दिने, माइतीको काममा लोग्नेलाई पठाउने र निर्णायक कुरामा महिलाको अधिकार रहने हुनाले मगर समाजमा महिलाको अवस्था उच्च रहेको पाईन्छ ।

## ५.२ मगरहरुको विवाह पद्धतिमा आएको परिवर्तन

समाजको परिवर्तन सँगै विवाह संस्कारमा पनि क्रमश परिवर्तन हुँदै गएको छ । नेपाली समाजमा विवाहलाई पहिले-पहिले संस्कारमुलक अवधारणा को रुपमा सोच्ने गरिन्थ्यो । तर अब बिस्तारै संस्कारमुलक बाट करारमुलक दृष्टिकोणले हेर्ने अवधारणा विकास भएको पाईन्छ । बिगतमा संस्कारमुलक ढंगले चलेको विवाहकार्य आज राज्य व्यवस्थाको अंगमा रुपान्तरण गर्न थालिएको छ । सामाजिक संस्कारहरुको बिस्तार, उथल-पुथल तथा राज्य व्यवस्थाका परिवर्तित कानूनी प्रक्रिया र नीति अनुसार विवाह संस्कारमा पनि परिवर्तन आएको छ । राज्य व्यवस्थाको विकासको प्रभावले सामाजिक तथा पारिवारीक जीवनमा प्रभाव पारेको छ । पारिवारीक जीवनमा पारेको प्रभावले गर्दा विवाह प्रणालीमा राज्यको समेत दायित्व बढेको छ । जुनसुकै जाति तथा समुदायमा विवाह संस्कारमा परिवर्तन आउनुका कारणहरुमा विश्वव्यापीकरण, आधुनिकताको विकास, पाश्चात्य संस्कृतिको प्रभाव, संस्कृतिको प्रचार-प्रसार,उत्पादन प्रक्रियामा आएको परिर्वतन, घर बाहिर टाढाको पेशा, शिक्षा, रोजगार, व्यापार जस्ता पक्षमा गतिशिलता बढनु, सामाजिक हेलमेल बढनु, व्यक्तिहरु बिच अर्न्तसम्बन्धको दायरा फराकिलो बन्दै जानु, राजनितिक चेतना, यातायातको विकास,सुचना तथा संचारको क्षेत्रमा व्यापक विकास हुनु, परम्परागत मान्यता, चालचलन र व्यवहारमा पुर्नमुल्यांकन हुनु, जाति व्यवस्था बिस्तारै कमजोर हुँदै जानु, मानवीय संवेदना, मनोविज्ञान, सोचाई र दृष्टिकोणमा परिवर्तन आउनु, निती-नियम तथा कानुनको विकास र महिलाको स्थितिमा सुधार आउनु, जीवन शैलीमा परिवर्तन आउनु आदी प्रमुख देखिन्छन् ।

विवाह संस्कारमा परिवर्तन हरेक जाति र समुदायमा आएको देखिन्छ । यो परिवर्तन बाट मगर जातिको विवाह संस्कार पनि अछुतो रहन सकेको छैन । मगर समुदायमा बिभिन्न प्रकारका विवाह संस्कारमा निम्न बमोजिमको परिवर्तन आएको देखिन्छ ।

### ५.२.१. मगनी विवाहमा आएको परिवर्तन

यो विवाह मगर समुदायमा अत्यधिक प्रयोग हुन्थ्यो । केटा पक्षकाले केटी माग्दा पहिले-पहिले केटाकेटीको भेट गराइदैन्थ्यो । केटाकेटीका आमाबाबुको सहमति र सल्लाहमा विवाह हुन्थ्यो । कुनै-कुनै केटाकेटीलाई मेरो विवाह हुदैछ भन्ने कुरासम्म थाहा हुदैन्थ्यो । पहिले-पहिले केटी माग्दा घरको कामको आवश्यकता, धनसम्पत्ति, जग्गाजमिन धेरै भएकी र कुल घरानकी केटी र केटाहेर्ने चलन थियो । तर हाल मगनी विवाहको उत्तिकै अस्तित्व रहेतापनि यसको प्रक्रियामा भने धेरै परिवर्तन भएको पाईन्छ । हाल आएर केटाकेटीको सहमतिमा कुरा चलाईन्छ । केटाकेटीले एक-अर्कालाई मन पराएमा वा अगाडिदेखि नै उनीहरुको माया-प्रेम रहेको भएमा मात्र आमाबाबुले विवाहको कुरा चलाउँदछन् । पुरानो

संस्कार अनुसार आमा-बाबुको सहमतिमा विवाह हुन्थ्यो भने हाल केटाकेटीको विचारलाई प्रमुखता दिएको पाईन्छ । पहिले किशोरावस्थामा नै वा युवावस्थाको सुरुमै बाबु-आमाले छोराछोरीको विवाह गरिदिने चलन थियो । तर हाल उमेर परिपक्व भईसकेपछि विवाह गर्ने प्रचलन बढदै गएको पाईन्छ । अचेल आएर केटाकेटी माग्दा पढेलेखेको, जागिर भएको, शिल स्वभाव राम्रो भएको, फौजी, विदेश गई पैसा कमाएको वा कमाउने लाई नै बढि हेर्ने गरेको पाईन्छ । केटी माग्न जाँदा पावरपातमा पनि पहिलेको भन्दा आजभोलि कम गरेको पाईन्छ । साइमासा पहिले ५-६ हजार रुपैयासम्म दिने गरिन्थ्यो भने हाल आएर उक्त रकम बुझाउनु पर्ने अनिवार्यता मानिदैन । अनुसूची-१ अनुसार अध्ययन क्षेत्रमा गत २ वर्षभित्र जम्मा ९ जनाको विवाह भएकोमा सबै जोडीहरुमा विवाह अगाडी बोलचाल तथा सहमति भएरै विवाह प्रक्रिय अगाडी बढाईएको थियो ।तर अभिभावकबाट मागिएको विवाह भने ४ वटा मात्र थियो । परम्परागत मगनी विवाहमा मुड्यौलीको स्थान महत्वपूर्ण हुन्थ्यो र बढि नै संख्यामा मुड्यौलीहरु जान्थे । तर हाल मुड्यौलीको संख्यामा पनि कटौती गरिएको पाईन्छ भने पहिरनमा पनि पहिलेको तुलनामा आधुनिक खालको कपडाहरु र गरगहनाको प्रयोग गरिएको पाइन्छ । परम्परागत मगनी विवाह लामो अवधि सम्म र बढी खर्चालु हुन्थ्यो । तर हाल आएर छिटो-छरितो र कम खर्चमा नै विवाह कार्य सम्पन्न गर्ने गरेको पाइन्छ । परम्परागत विवाह अवधि लामो र खर्चालु हुने भएकोले हाल आधुनिक किसिमले नै विवाह कार्य गर्ने गरिन्छ । यस प्रकार अध्ययन स्थलका मगर जातिको मगनी विवाहमा परिवर्तन भएको पाईयो ।

### ५.२.२. प्रेम /भागेर गर्ने विवाहमा आएको परिवर्तन

परम्परागत रुपमा चल्दै आएको मगनी विवाह भन्दा यो विवाह पहिले निकै कम थियो । समयको परिवर्तन सँगै यो विवाहले व्यापकता पाउँदै गयो । हाल आएर केटाकेटीले एक अर्कालाई मन पराएमा केही दिन अन्यत्रै लुकी वा नलुकी पनि विवाह गर्दछन् । पहिले त भागेर विवाह गर्नुलाई उचित मानिदैनथ्यो । हाल यसलाई सामान्य रुपमा नै लिने गरिन्छ । हाल प्रेम विवाहले गति लिएको छ । अनुसूची-१ अनुसार अध्ययन क्षेत्रमा गत २ वर्षभित्र जम्मा ९ जनाको विवाह भएकोमा ५ जनाको प्रेम विवाह भएको पाईयो,जसमध्ये २ जोडीले भागेर विवाह गरेका थिए भने ३ जोडीले प्रेम पछि घरपरिवारको स्विकृतिमा विवाह गरेका थिए । त्यसैले हाल केटाकेटीले एक अर्कोमा प्रेम गर्ने र विवाह गर्न इच्छुक भएमा आमा बाबुमार्फत विवाहको कुरा चलाई मागेर विवाह गर्ने प्रचलन छ भन्न सकिन्छ । यस्तो विवाह गरे पनि पछि मगनी विवाहमा गरिने चरणहरु नै अपनाउने गरिन्छ । व्यक्तिगत स्वतन्त्रता, संचारको पहुँच र पारिवारीक नियन्त्रणमा कमी आएको कारण मगर केटाकेटीहरुले प्रेम विवाहलाई अपनाएको पाईन्छ । पश्चिमी संस्कृतिको प्रभाव, शिक्षाको पहुँच, बजारीकरण, जातिय शुद्धतामा कमी र अन्य समुदायसँगको घुलमिल र सम्बन्धले गर्दा प्रेम विवाहमा

परिवर्तन आएको देखिन्छ । पहिले केटाकेटीले आफूखुसी गरेको विवाहलाई अभिभावक वर्गले छुटाउने प्रयास गर्दथे । केटीका आमाबाबु, दाजु, काकाहरु गएर केटी देखाउन लगाउथे । नदेखाएमा साह्रै रिसाउने र छोरी बहिनीहरुलाई राजी कि बिराजी भनी सोध्ने गर्दथे । आजभोलीको सन्दर्भमा ती कुराहरु कमजोर भएका छन् । प्रेम विवाह वा भागेर विवाह गरे छुटाउने प्रयास गरिदैन । राजी की बिराजी भनेर पनि सोध्ने चलन कम भै सकेको छ । यस्तो विवाह लाई सहज रुपमा लिन थालिसकिएको छ ।

### ५.२.३. चोरी गर्ने विवाह/जवरजस्ती गर्ने विवाहमा आएको परिवर्तन

पहिले केटाले कुनै केटी मन पराएको भए उक्त केटीलाई उपयुक्त अवसर पारी आफुलाई साथ दिने २-४ जना बलिया व्यक्तिहरुको सहयोगमा जवरजस्ती तानेर ल्याई विवाह गरिन्थ्यो । केटीले मन नपराएको भए पनि यस्तो किसिमको विवाह हुन्थ्यो । केटीलाई जवरजस्ती ल्याउने अवसर मेलाजात्रा, चाडपर्व, कामकाज गर्ने समयमा हुन्थ्यो । अचेल यस्ता मेलाजात्रा,चाडपर्व, कामकाज गर्ने ठाउँ प्रेम गरेका युवायुवतिको भेटघाट गर्ने थलो भएको छ । अनुसूची-१ अनुसार अध्ययन क्षेत्रमा गत २ वर्षभित्र जम्मा ९ जनाको विवाह भएकोमा कुनै पनि विवाह यस प्रकारको भएको पाईएन। निती-नियम तथा कानूनको निर्माण, चेतनाको अभिवृद्धि, शिक्षाको पहुँच, महिलाको अवस्थामा सुधार जस्ता कारणले गर्दा अचेल यो विवाह गर्ने गरिदैन । यस्तो विवाहको सट्टामा पनि प्रेम विवाहले नै ठाउँ लिएको देखिन्छ । जवरजस्ती विवाह गरेमा यदि केटीले मन नपराएर सम्बन्धित निकायमा उजुरी गरेमा केटा कानुनी फन्दामा पर्ने भएकोले पनि यो विवाह हराउँदै गएको अर्थात अहिले यस प्रकारको विवाह शुन्य भईसकेको छ ।

### ५.२.४. विधवा विवाहमा आएको परिवर्तन

विधवा विवाह पहिलेदेखि नै मगर जातिमा चल्दथ्यो । पतिको मृत्युपछि करिब ३-४ वर्ष बिताएर पछि विधवाले अर्कोसँग विवाह गर्ने इच्छा गरेमा विवाह गर्न सक्थिन् । हाल पनि यो विवाहलाई सामान्य रुपले हेर्ने गरिन्छ । तालिका नं ५ अनुसार,अध्ययन क्षेत्रका २२ वटा परिवारका मूलीहरु मध्ये १ जनाको विधवा विवाह भएको थियो ।अनुसूची-१ अनुसार अध्ययन क्षेत्रमा गत २ वर्षभित्र जम्मा ९ जनाको विवाह भएकोमा सबैको पहिलो विवाह भएकाले विधवा विवाह भएको थिएन। तर चेतनाको अभिवृद्धि, शिक्षाको पहुँच, महिलाको अवस्थामा सुधार र समाजले विधवाहरुलाई हेर्ने दृष्टिमा सुधारका कारण हाल पतिको मृत्यु भएपछि धेरै वर्ष बिताउनुपर्ने बाध्यता छैन,अर्थात छिटै नै विवाह गर्न सकिन्छ । मगर समुदायमा यस प्रकारको विवाहले सामाजिक मान्यता पाएको छ ।

### ५.२.५. वहुविवाहमा आएको परिवर्तन

पहिले यो विवाह मगर समुदायमा कुनै-कुनै मान्छेले गर्ने गर्दथे । घरमा स्वास्नी छँदाछँदै बाहिर अन्य कुनै केटी वा महिला मन परेमा र उसले पनि मन पराएमा लोग्नेले

अर्को विवाह गर्दथ्यो । उसको सम्पत्तिमा जेठी र कान्छी दुवैको लागि बराबर हक रहन्थ्यो । पहिले पनि यो विवाह कुनै-कुनै व्यक्तिले बिरलै रुपमा गर्ने गरेको देखिन्थ्यो । तर हाल आएर मगर समुदयमा यो विवाह गरेको पाईदैन । अध्ययन क्षेत्र झडेवा-३ मा अनुसूची-१ बमोजिम हाल जिवित रहेका सम्पूर्ण विवाहित महिला-पुरुष कसैले पनि बहुविवाह गरेको पाईएन। हाल महिला अधिकार सम्बन्धि बिभिन्न निकाय, महिलाको अवस्थामा सुधार, निती नियमको निर्माण जस्ता कारणले गर्दा यो विवाह गरेको पाईदैन । यो विवाह नियन्त्रण गर्नमा अर्को महत्वपुर्ण पक्ष भनेको आर्थिक अवस्था हो । लोग्नेले पछाडी विवाह गरेपछि उसको आर्थिक अवस्था कमजोर हुने र अघिल्लो स्वास्नी र उसका छोराछोरीको सम्पत्ति सुरक्षित रहने हुनाले वहुविवाह एकदमै कम गरेको पाईन्छ ।

## ५.२.६. जारी विवाहमा आएको परिवर्तन

अर्काकी स्वास्नीलाई भगाएपछि पहिलेको लोग्नेलाई पछिको लोग्नेले पहिलेको लोग्नेले बिवाह गर्दा लाग्ने गरेको सम्पूर्ण खर्च दिनुपर्ने हुन्छ । तर अचेल मगर जातिमा यो विवाह हट्दै गईसकेको छ । विवाह पश्चात लोग्ने हुँदाहुदै आइमाईले अर्को विवाह गरेको खासै पाईदैन । जारी तिरेर गरेको विवाह नगन्य नै छ । हाल यो विवाह गरेको देखिन्न । तालिका नं ५ अनुसार,अध्ययन क्षेत्रमा रहेका सम्पूर्ण २२ घरधुरी मध्ये एउटा परिवारको घरमूलीको मात्र जारी विवाह भएको थियो। अनूसूची-१ बमोजिम उक्त अध्ययन क्षेत्रमा विगत २ वर्ष भित्र ९ वटा भएका थिए,जसमा कसैले पनि जारी विवाह गरेको पाईएन ।यस प्रकारको विवाह अत्यन्त खर्चिलो भएकोले र महिलाको अवस्थामा आएको परिवर्तन सँगै यस खालको विवाहमा नियन्त्रण आएको छ । आर्थिक अवस्था र सामाजिक सम्बन्ध बिग्रिने सम्भावनाले गर्दा पनि हाल यो विवाह नगरेको पाईन्छ ।

## ५.२.७. दाइजो प्रथामा आएको परिवर्तन

मगर विवाहमा दाइजोको अनिवार्यता र महत्व रहँदैन । दाइजो धेरै भए दुलही ल्याउने र दाइजो नदिए दुलही नल्याउने भन्ने कुनै सवाल हुँदैन । अनुसूची-१ अनुसार अध्ययन क्षेत्रमा गत २ वर्षभित्र जम्मा ९ जनाको विवाह भएकोमा ५जना केटा रहेका थिए,जसमध्ये २ जनाले दाईजो ल्याएका थिएनन् भने ३ जनाले हल्का उपहार ल्याएको पाईयो।यसैगरि ४ जना केटीको विवाह भएकोमा २ जनालाई दाईजो दिईएको थिएन भने २ जनालाई सामान्य दाईजो दिईएको थियो । यसरी हेर्दा दाइजो र विवाहमा त्यति सम्बन्ध रहदैन । केटा पक्षले विावाहमा धेरै खर्च गरेको पाईन्छ । दाइजोभन्दा पनि कुल-घरान, इज्जत, शिल-स्वाभाव र केटाकेटीको विचारलाई बढी मात्रामा हेर्ने गरिन्छ । माइती पक्षले मनजानी स्वइच्छाले जे जति धन सम्पत्ति दाइजो स्वरुप दिन्छन् केटा पक्ष त्यसैमा सन्तुष्ट हुन्छन् र सहर्ष स्वीकार्छन् । अचेल पनि दाइजोले विवाहलाई कुनै प्रभाव पारेको देखिदैन ।

### ५.२.८. मुड्यौलीको संख्यामा आएको परिवर्तन

पहिले विवाह गर्दा दुलहीसँग जाने मुड्यौलीको संख्या १०-१५ जना भन्दा बढि हुन्थ्यो। अनुसूची-१ अनुसार अध्ययन क्षेत्रमा गत २ वर्षभित्र जम्मा ९ जनाको विवाह भएकोमा सबै विवाहमा मुड्यौलीको संख्या ३ देखि ५ जना मात्र पाईयो ।त्यसैले हाल आएर कामको व्यस्तता र आर्थिक बोझको कारण यस किसिमको संख्यामा कटौति आई बढीमा ४-५ जनासम्म मात्र सिमित रहेको पाइन्छ ।साथै पहिले विवाहमा मुड्यौलीको भुमिका महत्वपुर्ण मानिन्थ्यो भने हाल आएर उनीहरुको भुमिकालाई गौण रुपमा लिने गरेको देखिन्छ ।

### ५.२.९. विवाहसँग सम्बन्धित अन्य पक्षमा आएको परिवर्तन

#### ५.२.९.१. बेहुला-बेहुलीको पहिरन र गहना

बजारिकरण, विश्वव्यापीकरण, अन्य संस्कृतिको प्रभावले गर्दा पहिरन तथा गहनामा पनि केही परिवर्तन आएको देखिन्छ । पहिले सामान्यतया बेहुलीले लुङ्गी, ब्लाउज, चोलो लगाउने चलन थियो । अनुसूची-१ अनुसार यस अध्ययन क्षेत्रका मगर जातिका बेहुला-बेहुलीको पहिरनमा परिवर्तन आएको पाइयो,जस अन्तर्गत अध्ययन क्षेत्रमा गत २ वर्षभित्र जम्मा ९ जनाको विवाह भएकोमा ५ जना बेहुलीले  लुङ्गीको सट्टामा विदेशी धोती तथा सारीको प्रयोग गरेको पाईयो । गहनामा पहिलेको भन्दा केही परिमार्जित र साना किसिमका लगाउन थालिएको पाईयो । बेहुलाको पहिरनमा सबै जनाले उस्तै पैकारका पाइन्ट, सर्ट, ज्याकेट, कोट आदी लगाएको पाईएको थियो । परिवर्तित समाजको मान्यतासँगै विवाहमा दुलहा र दुलहीको पहिरन तथा गर-गहनामा आधुनिक किसिमको प्रयोग भईरहेको पाईन्छ ।

#### ५.२.९.२. विवाह उमेरमा आएको परिवर्तन

पहिले घरको काम गर्न सघाउनको लागि सानै उमेरमा (१२-१४ वर्षमा) विवाह गरिन्थ्यो भने हाल २०-२१ देखि २५-२६ वर्षसम्म विवाहको उमेर सामान्य मानिन्छ । अनुसूची-१ अनुसार यस क्षेत्रका मगर जातिमा विवाह उमेरमा परिवर्तन आएको पाइयो,जस अन्तर्गत अध्ययन क्षेत्रमा गत २ वर्षभित्र जम्मा ९ जनाको विवाह भएकोमा ९जनाको जोडीकै उमेर २० देखि २६ वर्ष उमेर समूह भित्र परेको थियो । शिक्षाको बिस्तार, प्रचलित मुलुकी ऐनको प्रभाव, अन्य समुदाय सँगको घुलमिल, केटाकेटी स्वयंको ढिलो विवाह गर्ने मान्यताको विकास भएको कारणले गर्दा हाल विवाहको उमेरमा ढिलाई आएको पाईन्छ ।

#### ५.२.९.३. भोजभतेर तथा खर्चमा आएको परिवर्तन

पहिले विवाहमा भोजभेतर गर्दा निकै खर्च व्यहोर्नु पर्दथ्यो । अनुसूची-१ अनुसार अध्ययन क्षेत्रमा गत २ वर्षभित्र जम्मा ९ जनाको विवाह भएकोमा ५जना केटा रहेका थिए,जसमध्ये ५ जनाले नै केटी पक्षलाई विवाहमा रित बुझाउन अनिवार्य नतोकिएको तर

आफ्नो गक्षअनुसार एउटा संस्कारको रुपमा मात्र रीत बुभाईएको पाईयो। साथै भोज भतेर पनि सामान्य रुपमा गरेको पाईयो ।  विवाहको रित पुऱ्याई गर्दा धेरै खर्च लाग्ने हुँदा हाल पहिलेको तुलनामा कम खर्चले विवाह गर्ने चलन बढेको छ । आम्दानीमा कमी,जग्गा जमीन टुक्रिदै जानु,आवश्यकताहरु बढ्दै जानु, अन्य जाति र संस्कृतिको प्रभाव पर्नु, सुटुक्क भागेर विवाह गर्नु लगायतका कारण भोजभतेर तथा खर्चमा परिवर्तन आएको पाईन्छ ।

## ५.३.मगर जातिको विवाह पद्धतिमा परिवर्तन आउनुका कारणहरु

मगर जातिमा आधुनिकीकरण, शिक्षा, प्रविधिको विकास र बैदेशिक रोजगार लगायतले गर्दा मौलिक विवाह पद्धतीहरुलाई विस्तारै छाड्दै गएको पाइन्छ । आधुनिकीकरणका कारणले मानिस र समाज पनि परिवर्तन उन्मुख तिर गएको पाइन्छ । मगर जातिमा शिक्षाको चेतना, प्रविधिको विकासले गर्दा परम्परागत संस्कारहरु हराउदै गएको पाइन्छ । शिक्षा, प्रविधि, आधुनिककिरण र बैदेशिक रोजगारले गर्दा यस मगर समुदायमा परम्परागत विवाह पद्धतिमा परिवर्तन आएको पाइन्छ ।अनुसूची-१ अनुसार यस मगर जातिमा शिक्षा, प्रविधिको विकास, आधुनिकीकणले गर्दा विवाहका प्रकारमा परिवर्तन, रितहरु लिनेदिने प्रचलनमा परिवर्तन, विवाहमा खाना खाने कुरामा पविर्तन र विवाह गर्दा लगाउने परम्परागत पोशाक आदिमा परिवर्तन आएको पाइन्छ ।

मगर जातिमा मौलिक विवाह पद्धतिहरुमा मागी विवाह, चोरी विवाह र जारी विवाह रहेको पाइयो भने अहिले आएर चोरी विवाह र जारी विवाह रहेको पाइदैन भने अहिले आएर यस मगर जातिमा नयाँ नयाँ विवाह पद्धति (प्रेम विवाह र अदालती विवाह) थप भएको पाइन्छ । मगर जातिमा सगुन लिने दिने प्रचलनमा पनि परिवर्तन आएको पाइन्छ । पहिलेको जस्तो पैसा, सुन, गरगहनाहरु, जाँड र रक्सी बुझाउनु पर्दैन तर थोरै थोरै रीत जनाउनु पर्दछ । पहिलेको जस्तो रीत/सगुन माग्ने चलन भएको पाइदैन । पैसा, रक्सी, गरगहना ( सुन) यति नै हुनु पर्छ भन्ने चलनमा परिवर्तन आएको पाइन्छ । मौलिक पद्धतीहरुमा पविर्तन आउनुका एउटा कारण  आधुनिकीकरण रहेको पाइन्छ । आधुनिकीकरणसंगै मानिसहरुको सोचाईमा पनि परिवर्तन आएको पाइन्छ । यस मगर जातीमा आधुनिकीकरणले गर्दा विवाहमा लगाउने पोशाकमा परिवर्तन आएको पाइन्छ भने विवाहमा खाने रीत लिनेदिने, लगाउने गरगहना, विवाह गर्ने प्रक्रिया जस्ता कुरामा परिवर्तन आएको आएको पाइन्छ भने

विश्वव्यापिकरणले गर्दा परसंस्कृति ग्रहणमा ठूलो भूमिका खेलेको पाइन्छ । आधुनिकीकरणले गर्दा नै अहिलेका मगर जातिका युवा युवतीहरुले एक अर्काको संस्कारमा छिटो घुलमिल भएको पाइन्छ । आधुनिकीकरणसंगै शहरीकरण, प्रविधिको विकास र यातायातको विकास पनि भएको पाइन्छ । यातायात, प्रविधिको विकास र शहरीकरणले गर्दा यहाँका मगर जातिका मानिसहरु परम्परागत पद्धतीहरुलाई विस्तारै छाड्दै गएको पाइन्छ । सूचना प्रविधिको विकाससंगै यस क्षेत्रका मगरहरुले टि.भि., फोन र कम्प्युरको प्रयोग गर्ने गरेको पाइन्छ ।

यातायात र शहरीकरणले गर्दा पनि समाजमा पविर्तन आउन थालेको पाइन्छ । यातायातको विकास भए संगै शहरीकरण पनि बढ्ने भएकोले घरेलु उत्पादनमा भन्दा बजारीया खानेकुरा लगाउने कपडा मा परिवर्तन आएको पाइन्छ । जस्तैः विवाहमा लगाउने लुगा पहिले आफ्नै हातले बनेको फरीया चोलो, दौरा सुरुवाल र गरगहना लगाउने गरेको पाइन्छ भने खाने कुरामा पनि परिवर्तन आएको पाइन्छ । जस्तैः पहिले-पहिले घरमा बनाएको जाँड रक्सी, आफ्नै खेत वा बारीमा उत्पादन गरेको अन्नबालीको प्रयोग गर्ने गरेको पाइयो भने यातायात र शहरीकरणसंगै कोकाकोला, पेप्सी, विदेशी रक्सीको प्रयोग भएको पाइन्छ । यसैगरी खानेकुराहरु पनि बजारबाट किनेर ल्याउने गरेको पाइयो । यातायात, प्रविधिको विकास, शहरीकरण र आधुनिकीकरणले गर्दा मगर जातिमा परिवर्तन आएको पाइन्छ यसै गरी मौलिक पद्धतिहरुमा पनि परवर्तन ल्याएको पाइन्छ । आधुनिकीकरण, प्रविधिको विकास, यातायात र शहरीकरणसंगै मगर जातिमा चोरी विवाह र जारी विवाह हराएको पाइन्छ भने प्रेम विवाह र अदालती विवाह प्रचलनमा आएको पाइन्छ ।

यसरी हेर्दा यातायात, प्रविधिको विकास, आधुनिकीकरण र शहरीकरणले गर्दा नयाँ नयाँ विवाह पद्धति साथै आधुनिक संस्कारहरु प्रचलनमा आउनु र परम्परागत संस्कारहरु हराउदै गएको पाइन्छ । आधुनिक विवाह पद्धति प्रचलनमा आउनु र परम्परागत मौलिक विवाह पद्धति हराउदै जानुका केही प्रमुख कारणहरु रहेको  पाइयो, जसलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

### ५.३.१ शिक्षा

समयको परिवर्तनसंगै मानिसको विचार र जीवन व्यातित गर्ने शैलिहरुमा परिवर्तन आएको पाइन्छ । मानिसको विचार तथा दृष्टिकोणलाई परिवर्तन गर्ने मुख्य भूमिका शिक्षा रहेको पाइन्छ । विगतमा मानिसहरु शिक्षाबाट वञ्चित थिए । शिक्षा आजर्न गर्न पाउने स्थिति थिएन । मानसिक विकासमा कमी थियो । परम्परागत सोचहरु बढी हावी हुन्थ्यो । कस्तो प्रकारले काम गर्दा के फाइदा हुन्छ र के बेफाइदा हुन्छ भन्ने कुराको निर्क्योल गर्न सक्ने क्षमता मानिसहरुमा हुदैनथ्यो । आजभोली शिक्षाको विकासका कारण मगर जातिमा पनि विवाह गर्ने प्रक्रिया तथा शैलीमा परिवर्तन आएको देखिन्छ । अनुसूची-१ अनुसार यस मगर जातिमा शिक्षाका कारणले विवाहका प्रकारमा परिवर्तन आएको पाइयो,जस अन्तर्गत अध्ययन क्षेत्रमा गत २ वर्षभित्र जम्मा ९ जनाको विवाह भएकोमा ९जनाको जोडीकै उमेर २० देखि २६ वर्ष उमेर समूह भित्र परेको र ती मध्ये ६ जना एस.एल.सी. पास,२ जना प्रमाणपत्र तह र १ जना स्नातक पास भएको र सम्पूर्ण जोडीहरुको विवाह आफ्नै राजी खुशीमा भएको पाईयो । तसर्थ परम्परागत रुपमा रहेको मागी विवाहमा केही परिमार्जन भई विवाहको निर्णय गर्ने भूमिकामा स्वंम केटाकेटी राजी हुनु पर्ने अहिलेको परिस्थितिमा देखियो । शिक्षाका कारण विवाहलाई वैधानिक र विश्वासिलो संस्थाका रुपमा कायम गराउन छोटो समयमा थोरै खर्च गरेर छिटो छरितो तरिकाले सम्पन्न गर्न प्रेम विवाहको विकास भएको पाइयो, जसको असर उक्त समुदायमा सकारात्मक परिणाम रहेको पाईयो । यस प्रकार मगरहरुको विवाह पद्धतीमा शिक्षाले व्यापक परिवर्तन ल्याएको पाईन्छ ।

### ५.३.२ आर्थिक कारण

कुनैपनि व्यक्ति तथा समाज विकासको लागि अर्थले प्रमुख भूमिका निभाएको हुन्छ । जनसंख्या वृद्धिको साथसाथै दिन प्रतिदिन बढ्दै गइरहेको महङ्गीका कारण अध्ययन क्षेत्रको मगर जातिको विवाहमा गरिने खर्च प्रक्रियामा परिवर्तन भएको पाइयो । परम्परागत रुपमा गरिने मागी विवाहमा केटा पक्षले केटी पक्षलाई बुझाउनु पर्ने रीत को प्रचलनमा केटा पक्षसँग भएपनि नभएपनि अर्थात अलि अलि रहेको जग्गालाई समेत बेचेर अनिवार्य रुपमा बुझाउनु पर्ने हुन्थ्यो तर अनुसूची-१ अनुसार अध्ययन क्षेत्रमा गत २ वर्षभित्र जम्मा ९ जनाको विवाह भएकोमा ५जना केटा रहेका थिए,जसमध्ये ५ जनाले नै केटी पक्षलाई विवाहमा रित बझाउन अनिवार्य नतोकिएको तर आफ्नो गक्षअनुसार एउटा संस्कारको

रुपमा मात्र रीत बुभाईएको पाईयो।साथै विवाह भएका ४ जना केटीहरुमध्ये दुवै पक्षको सल्लाह अनुसार नै २ जनालाई दाईजो नदिईएको पाईयो भने २ जनालाई माईतिको खुशिमा हल्का उपहार दिईएको पाईयो।साथै ती सम्पूर्ण विवाहहरुमा परम्परागत रुपमा जस्तो ठूलो भोजभतेर नगरी सामान्य खर्चमा विवाह उतारेको साथै जन्तीको संख्या पनि सानो अर्थात ११/१२ जना देखि २७/२८ जना सम्म मात्र पाईयो। यस प्रकार जनसंख्या बृद्धिको साथसाथै आर्थिक पक्षमा आएको कमीले गर्दा परम्परागत विवाहमा लाग्ने धेरै खर्च व्यहोर्न नसकिने परिस्थितिको कारण विवाह सरल, कम खर्च र कम चरणमा सम्पन्न गर्ने गरेको पाईयो ।यस प्रकार आर्थिक कारणले पनि मगरहरुको विवाह पद्धतीमा परिवर्तन ल्याएको पाईन्छ ।

## ५.३.३ विदेश जाने प्रचलन

कुनैपनि मानवजाति बाच्नको लागि तथा जिविकोपार्जनका लागि साथै धन आर्जन गर्नका लागि कुनै न कुनै पेशा तथा आयमूलक काम गर्नुपर्ने हुन्छन् । कुनैपनि व्यक्तिको पैसा विना उसको जीवन सहजतापूर्वक वित्दैन । यसरी हेर्दा अध्ययनक्षेत्रका सम्पूर्ण मगरहरु मध्ये १५ जना युवाहरु(१३ पुरुष र २ महिला) वैदेशिक रोजगारीमा  गएको पाइयो, जसको कारण प्रत्यक्ष रुपमा विवाह पद्वतिहरुमा परिवर्तन आएको पाइयो । जस्तो पहिले-पहिले विवाहमा लगाइने लुगा आफ्नै हातले बुनेको फरिया, चौबन्दी चोली, दौरा सुरुवाल र गरगहना पनि फलामको साहयताले हातैले पिटेर बनाएको प्रयोग गर्ने प्रचलन रहेको पाइयो भने हाल आएर वैदेशिक रोजगारको शिलशिलाले गर्दा विभिन्न रीतिरिवाज, चालचलन, संस्कारहरुमा पनि परिवर्तन आएको पाइयो । जस्तो बाहिरी कपडाको प्रयोग मेसिनले बनाएको गरगहना लगाउने प्रचलन रहेको कुरा अनुसूची- १ बाट पाइयो । लाहुरे बन्न नसकेका मगर युवाहरु र अन्य मगर व्यक्तिहरु विदेश जाने प्रचलन छ । विदेश बस्दाको अनुभव, त्यहाँको संस्कृतिले पारेको प्रभाव र धेरै वर्षपछिको पारिवारीक भेटघाटले मौलिक विवाह पद्धतीमा परिवर्तन आएको देखिन्छ । जसको कारणले परम्परागत मौलिक विवाहको सट्टा प्रेम विवाह गर्ने चलन बढेको हो। साथै विदेश जाने प्रचलनका कारण विवाह गर्ने उमेरका साथै विवाह गर्ने पद्धतीमा समेत व्यापक परिवर्तन भएको पाईन्छ ।

## ५.३.४ यातायात तथा प्रविधिको विकास

विश्वमा समयको परिवर्तन संगै विज्ञान तथा प्रविधिको विकास पनि संगै भएको पाइन्छ । यसरी विज्ञान तथा प्रविधिको विकासले गर्दा विश्वमा विभिन्न संञ्चार तथा यातायातका साधनहरुको विकास भएको छ जसले गर्दा विश्वका मानिसहरुको जीवनलाई नै सहज बनाएको छ । संञ्चार तथा प्रविधिको विकासले विश्वलाई एउटा सानो विन्दुमा

ल्याएर समेटेको छ । विश्व साँघुरो हुदै गइरहेको छ । संञ्चार तथा यातायातका साधनले मान्छेको विभिन्न पक्षहरुलाई प्रभाव पारिरहेको हुन्छ । यसरी प्रभाव पार्ने क्रममा मान्छेको विभिन्न संस्कृति तथा संस्कारमा पनि असर गरेको हुन्छ । यसै क्रममा यस क्षेत्रका मगर जातिको विवाह संस्कारमा विभिन्न सूचना तथा प्रविधिका साधनहरु फोन, रेडियो, टि.भि, कम्प्युटर, यातायातका साधन आदि कारणले विवाहका प्रक्रियामा पूर्णरुपमा परिवर्तन ल्याएको देखियो । अनुसूची-१ अनुसार पहिले , दियो बालेर विवाह सम्पन्न गर्ने गरेको पाइयो भने विस्तारै लालटिन,मईन्टल हुँदै अहिले आएर जेनेटर तथा विजुली बत्तीको प्रयोग, पहिले घरमा बनाइएका खानाहरुको प्रयोग गरिने प्रचलनमा अहिले आएर बजारिया खानेकुराहरुको प्रयोग हुन थालेको जवाफमा पाइयो । पहिले घरमा नै उत्पादन गरेको पेयपदार्थहरु (जाँड, रक्सी) को ठाउँमा अहिले आएर कोकाकोला, फेन्टा, वियर र रमको प्रयोग गर्ने गरेको पाइयो । यसरी विवाह पद्वतीमा चाहिने आवश्यक सामग्रीहरुमा फरक आउनुका कारणहरु के-के हुन् ? भनेर प्रत्यक्ष प्रश्न गर्दा प्रविधिको विकास, परसंस्कृति ग्रहण, यातायात र सञ्चारको विकासले भएको हो भन्ने जवाफ उक्त अर्न्तवार्ताबाट पाइयो । आजभोली स प्रविधिको विकासले गर्दा सबै कुराहरु योजनाबद्व रुपमा तय गर्न सकिने, कार्यक्रमहरुमा सरसामानहरु जुटाउनमा सहजता आफन्तहरुलाई निमन्त्रणा गर्नमा छिटो छरितो, फोटो/भिडियो लिनुमा सजिलो आदि जस्ता कार्यमा समेत सहजता रहेको पाइयो । यस प्रकार यातायात तथा प्रविधिको विकासका कारणले पनि मगरहरुको विवाह पद्धतीमा परिवर्तन ल्याएको पाईन्छ ।

## ५.३.५ आधुनिकीकरण तथा शहरीहरण

समाज तथा विश्व समयको गतिसंगै परिवर्तन हुदै गएको पाईन्छ । कुनैपनि समाज तथा विश्व सधैं एकैनासमा चलिरहेको अवस्था हुदैन । समयको गति चल्ने क्रममा समाज तथा विश्वले विभिन्न काल तथा युगहरु पार गर्दै आएको हुन्छ । मानिस जब ढुङ्गेयूग देखि आधुनिक तथा पुँजीवादी युगमा आयो तब सबै क्षेत्रमा परिवर्तनको पनि मानिसले अनुभव पाउदै गएको छ ।

अनुसूची-१ बमोजिम अध्ययन क्षेत्रमा एस.एल.सी.पास गरेका ४ जना व्यक्तिहरुलाई मगरहरुको विवाह पद्धतिमा आएको परिवर्तनका कारणहरु सोध्दा २ जना व्यक्तिहरुले शिक्षा पछि दोस्रो कारणको रुपमा आधुनिकिकरण र शहरिकरणलाई लिएका थिए भने अन्य २ जनाले शिक्षा र आर्थिक अवस्था पछि तेस्रो कारणको रुपमा रहेको भनि बताएका थिए। यस

अध्ययन क्षेत्रमा पनि आधुनिकिकरण र शहरिकरणको अत्यन्त प्रभाव रहेको पाईयो । विवाह विकासका क्रममा मानिसहरु एउटै परिस्थिति तथा अवस्थामा नबसी गाउँ समाजमा आधुनिकीकरण तथा शहरीकरणको विकास पनि हुदै गयो । जब अन्य जाति जस्तै मगरहरु पनि विस्तारै आधुनिकता तथा शहरीकरणतिर उन्मुख हुदै गए त्यसका बावजुद उनिहरुको जीवनशैलीमा पनि परिवर्तन हुदै गयो । विभिन्न विकासका कारण समाजमा सुविधा बढ्दै गयो र यिनीहरु एक ठाउँमा मात्रै सिमित नरही विभिन्न ठाउमा घुम्न जाने क्रम बढ्यो जसले गर्दा अन्य ठाउका समाज तथा व्यक्तिहरुसंग घुलमिल हुने र सोही कारणले यहाँका मगर जातिमा पनि विवाह गर्ने पद्धतिमा परिवर्तन आउन थालेको पाइन्छ । यस प्रकार आधुनिकीकरण तथा शहरीकरणको कारणले पनि मगरहरुको विवाह पद्धतीमा परिवर्तन ल्याएको पाईन्छ ।

### ५.३.६ लाहुरेको प्रभाव

धेरै मगर युवाहरु लाहुरे बन्ने सोच राख्छन र बन्ने प्रचलन छ ।अनुसूची-१ बमोजिम पारिवारिक विवरण संकलन गर्ने क्रममा अध्ययन क्षेत्रका ४ जना मगर युवाहरु भारतीय सेनामा भर्ती भई कार्य गरिरहेको पाईयो ।साथै ६ जना मगरहरु लाहुरे भई निवृत्तिभरण पाई हाल घरमै बसेको पाईयो। उनीहरु मध्ये १ जना १६ वर्षकै उमेरमा विवाह गरी त्यस पछि मात्र भर्ति भएका रहेछन् ।हाल कार्यरत मध्ये १ जनाको विवाह २१ वर्षमा भएको पाईयो भने अन्य ३ जनाको उमेर १८,२०,२२ वर्ष रहेको तर अविवाहित रहेका पाईयो ।एक जना महिलाको भनाई अनुसार महिलाको विवाह पनि ढिलो गरि हुनुमा लाहुरेहरु सँग माया प्रेम बस्नु र लाहुरेहरुलाई विदा मिलाउनु पर्ने हुदाँ उनीहरुको पर्खाईमा बस्नु पर्ने कारण पनि विवाह गर्ने उमेरमा परिवर्तन आएको पाईन्छ । लाहुरे भई सम्पत्ति कमाउने अभिलषा सबै मगर युवाहरुमा पाईन्छ । विवाह गरेका वा नगरेका लाहुरेहरु धेरै वर्षपछी घर फर्किने हुनाले यसले चाँडै विवाह गर्ने प्रचलन र परम्परागत मागी विवाहमा समेत प्रभाव परेको देखिन्छ । यस प्रकार लाहुरेको प्रभावका कारणले पनि मगरहरुको विवाह पद्धतीमा परिवर्तन ल्याएको पाईन्छ ।

### ५.३.७. सूचना तथा सञ्चारको विकास

विगतका केही बर्ष देखि यता राज्यले सूचना तथा सञ्चारको क्षेत्रमा खुलापनाको नीति अपनाईयो । देशका बिभिन्न जिल्लाहरुमा एफ.एम. रेडियो को सुरुवात गरियो । एफ.एम. रोडियो सँग बिभिन्न खालका पत्र पत्रिकाहरु पनि प्रकाशित गर्न सुरु गरियो । पाल्पा जिल्लामा पनि पाचँओटा एफ.एम. रेडियोहरुको स्थापना गरियो । त्यसैगरी जिल्लास्तरमा पत्र-पत्रिकाहरु पनि प्रकाशित गर्न थालियो । एफ.एम. रेडियोबाट समाजमा

चलिरहेका कुप्रथा र कुप्रचलनको बिरुद्धमा बिभिन्न खालका सुचना र कार्यक्रमहरुको प्रसारण गरियो । अध्ययन क्षेत्रमा अनुसूची-१ बमोजिम १८ देखि ४० वर्ष उमेर समूहका २२ जना किशोर-किशोरीहरुलाई सोधिएको प्रश्नमा ११ जना किशोरी र ५ जना किशोर गरी १६ जनाले एफ.एम.बाट प्रसारण हुने बालबालिका तथा महिला तथा स्वास्थ्य सम्बन्धि नियमित कार्यक्रमहरु सुन्ने गरेको र त्यसबाट विवाह गर्ने उपयुक्त उमेर तथा यसका अन्य पक्षहरु बारे सजग रहेको कुरा बताएका थिए । साथै महिला जागरण सम्बन्धि गित, सूचना, नाटक र संवादको प्रसारण भईरहने समेत पाईयो । फलस्वरुप यहाँका मगर यूवाहरुको विवाह सम्बन्धि अवधारणामा नै केहि हद सम्म परिवर्तन आएको पाईन्छ । छिटो बाट ढिलो उमेरमा विवाह र मगनी विवाहको सुरुवातमा प्रेम गर्ने प्रचलन बढदै गयो । परम्परागत रुपमा चलिआएको वहुविवाह, जारीविवाह, अनमेलविवाह र चोरी विवाहहरु नियन्त्रित हुँदै गए ।

विवाहमा आएका उल्लेखित परिवर्तनहरुलाई अध्ययन क्षेत्रका मानिसहरुसँग सोधखोज गर्दा परम्परागत विवाह पद्धतीमा रोकावट गर्दा असन्तुष्टी व्यक्त गरेको पाईयो । परम्परागत संस्कार हराउँदै जान्छ की भन्ने शंका गरेको पाइयो र आफ्नो संस्कारलाई अवलम्वन गर्दै जीवित राख्नुपर्ने धारणा व्यक्त गरेको पाइयो भने अर्कोतिर युवा पिढिंले यस किसिमका परम्परागत संस्कारमा आमूल परिवर्तन गर्नुपर्छ भन्ने भनाई राखेको पाइयो । समाजमा नकारात्मक असर पर्ने संस्कारलाई हटाउँदै जानुपर्ने र सकारात्मक असर पार्ने संस्कारलाई अवलम्वन गर्दै विवाह पद्धतीलाई समय अनुकुल लैजादै जानुपर्छ भन्ने अभिव्यक्ति समेत व्यक्त गरेको पाईयो । यसप्रकार सूचना तथा सञ्चारमा भएको विकासका कारण यस क्षेत्रका मगरहरुको विवाह पद्धतीमा परिवर्तन भएको पाईन्छ ।

# अध्याय -छ
# सारांश र निश्कर्ष

## ६.१. सारांश

नेपाल भौगोकिलक विविधता भएको एउटा देश हो । यहाँ बसोबास गर्ने जातिय समुदायमा पनि विविधता भएको पाईन्छ । नेपालमा बसोबास गर्ने विविध समुदायको आ-आफ्नै धर्म, संस्कृति र परम्परा रहेको छन् । धर्म, संस्कृति र परम्पराले नै जाति समुदायलाई चिनाउने काम गर्दछन् ।

नेपालमा बसोबास गर्ने अनेक जातिहरुमा मगर जाति एक प्रमुख जनजाति हो । जसको नेपाली समाजमा आफ्नै भाषा, धर्म, र संस्कार प्रचलित छन् । विभिन्न समयमा देखाएको बहादुरीता, इमान्दारिता, लगनशिलता र कर्तव्यनिष्ठा आदीले गर्दा नेपालको इतिहासमा यस मगर जातिको महत्वपूर्ण स्थान रहेको पाईन्छ । अत्यन्त सरल स्वभावका स्वाधिनताका लागि आईपरे जाईलाग्ने मगर जाति ज्यादै स्वाभिमान, ईमान्दार र साहसिलो जाति पनि हो ।

मुलुकको विभिन्न ठाउँमा छरिएर बसेका मगर जातिको उत्पत्ति सम्बन्धि बिभिन्न बिद्धान र लेखकहरुमा मत भिन्नता पाईन्छ । यो जाति कहिले कहाँबाट आए, मगर नामाकरण कसरी रहन गयो ? थर र उपथर के कति छन ? भन्ने सम्बन्धमा एकिन हुन सकेको छैन । अनुमान मात्र गरिएको पाईन्छ । मध्य हिमाली क्षेत्र मगरहरुको बसोबास क्षेत्र भएकोले मगरलाई मध्य हिमालमा बस्ने जाति भन्दा भन्दै पछि मगर भन्न थालियो भन्ने धारण कतिपयको पाइन्छ भने मगर अत्यन्त परिश्रमी र साहसिलो जाति भएकाले जनुसुकै काम पनि म गर्छु भन्ने परम्परागत स्वभावले गर्दा मगर नामाकरण रहन गएको हो पनि भनिन्छ । गण्डकी प्रदेशलाई 'महरलोक' भनिएको र यसै महरलोकका बासिन्दालाई 'महर' भनिएको र पछि आएर महरबाट अपभ्रंश भई मगर भएको हुनसक्ने तर्क केही हदसम्म तथ्य मान्न सकिन्छ ।

मगर जातिहरु कताबाट र कहिले नेपाल प्रवेश गरे भन्ने सवालमा विभिन्न तर्कहरु पाइएको भए तापनि मंगोल नाक,एवं शारीरिक बनावट भएका मगर जातिको भाषा भोट बर्मेली भाषा परिवारको मानिन्छ र मगर जातिको नेपाल प्रवेश उत्तरबाट आएको तथ्य मान्न सकिन्छ । मध्य-पश्चिम पहाडी क्षेत्रमा बसोबास गर्ने मगर जाति अन्य जातिको तुलनामा अगाडि नै आई बसोबास गरेका हुनाले मगर जाति नेपालको आदिवासी भएको स्पष्ट हुन्छ ।

मगर एक जाति भए पनि यस जाति भित्र अनेक थर तथा उपथर रहेको पाईन्छ । मगर जातिमा पाईने कुनै-कुनै थरहरु स्थान र पेशाको आधारमा सृजना भएको मानिन्छ ।

जस्तो स्याङजाली मगर, भुजेल मगर, खानिवाल मगर आदी विभिन्न ठाउँमा बसेका मगरका विभिन्न थर उपथर भए तापनि सानो-ठुलोको भावना रहेको पाईदैन । सामाजिक तथा साँस्कृतिक परम्परा एवं रितिरिवाजमा केहि आन्तरिक भिन्नताहरु रहे तापनि मुल रुपमा एकरुपता पाईन्छ ।

पाल्पा झडेवाका मगरहरुले बच्चा जन्मेको ६ दिनमा छैटीगर्ने चलन छ । अधिकांश मगर वस्तीमा मगनी विवाह प्रचलित रहेको भएतापनि अन्य जातिको सम्पर्कमा बसेका मगरहरुले प्रेम विवाह र कन्यादान विवाह प्रचलनमा ल्याएको पाईन्छ ।

मगर जातिको जन्म, विवाह र मृत्यु संस्कारमा पनि केही आन्तरीक भिन्नता रहेको पाईन्छ । बच्चा जन्मेपछी सुत्केरी अशुद्ध हुने र शुद्ध गर्ने दिनमा पनि फरक रहेको पाईन्छ । मृत्यु संस्कारमा पनि कसैले ३ दिनमा जुठो फालेको पाईन्छ भने कसैले १०/१२ दिनमा चोखिने गरेको पाईन्छ । कुनै ठाउँमा शवलाई जलाउने र कुनै ठाउँमा गाड्ने गरेको पाईन्छ । यस प्रकार नेपालको बिभिन्न ठाउँमा छरिएर बसेका मगरहरुको भौगोलिक कारण र अन्य जातिसँगको सम्पर्कको कारणले गर्दा परम्परागत संस्कारमा केही भिन्नता रहेको पाईन्छ । परिवेशिय, अन्य जातिसँगको सम्पर्क, भौगोलिक अवस्था, बसाइसराइ, राज्यको नीति र कानून, राष्ट्रिय संस्कृतिको भावना, हिन्दूकरण, यातायात र संचार, व्यापार, परसंस्कृतिकरण, पश्चिमीकरण, आधुनिकीकरण, विश्वव्यापीकरण, बजारीकरण, राजनैतिक परिवर्तन आदी जस्ता कारणहरुले मगर संस्कृतिमा ह्रास आएको पाईन्छ ।

यस अध्ययनमा पाल्पा जिल्लाको झडेवा गा.वि.स. मा बसोबास गर्ने मगर जातिको सामाजिक तथा साँस्कृतिक पक्षको अध्ययन गरिएको छ । त्यहाँ अवस्थित मगरहरुको विवाह संस्कारको अध्ययन गरिएको छ । झडेवा अधिकांश मगर जाति भएको गा.वि.स. हो । यहाँका मगरहरुमा मौलिक परम्परामा केही हदसम्म परिवर्तन भएको पाईन्छ भने अधिकांश चालचलन रितीरिवाज मौलिक परम्परामा नै आधारित रहेको पाईन्छ । विभिन्न छिमेकी गा.वि.स.हरु कसेनी, गोठादी, रहबास,जल्पा,देवीनगर र अन्य ठाउँहरु बिरकोट, अर्चले आदीबाट बिभिन्न समयमा बसाइ सरी आएका बताउने मगरहरु यहाँका पुराना जाति हुन् । सरल, परिश्रमी, इमान्दार र मिलनसार स्वाभावका मगरहरुको पेशा कृषि, पशुपालन र व्यापार नै हो । कुनै युवाहरु ब्रिटिश सेना, सिंगापुर प्रहरी तथा  भारतीय सेनामा गई काम गर्ने गर्दछन् । यहाँका मगरहरुको आर्थिक अवस्था मध्यम खालको छ भने शिक्षा क्षेत्रमा अझै पनि पिछडिएका छन् । आफ्नै जातिय भाषा मगर भाषा बोल्दछन् । नयाँ पुस्तामा शिक्षाको पहुँच पुगेको कारणले गर्दा नेपाली भाषाको प्रयोग गर्दछन् । स्वास्नी मान्छेले लुङ्गी, गुन्यु, चोली, ब्लाउज र गहनामा फुली, बुलाकी, मुन्द्रि, तिलहरी, पोते, मगंलशुत्र, चुरी-रैया, ढुग्रि माला, मुगाँको माला, रिङ आदी लगाउँछन् । लोग्ने मानिसहरु जाइकोट, तने भोटो, टोपी, पटुका आदी लगाउँछन् । खानपिनमा ढिँडो, रोटी, भात, सिन्की, मासु र जाँड रक्सी मुख्य हुन् । विभिन्न प्रकारका चाडपर्वहरु र पूजाआजा गर्दछन् । यहाँका मगरहरु भुत, प्रेत, धामी,

झाँक्रिमा विश्वास राख्ने गर्दछन् । यहाँका मगरहरु पाहुनालाई जाँड, रक्सी र मासुले स्वागत गर्दछन् । पाहुनालाई अत्यन्त राम्ररी खानपिन गराउने र सम्मान गर्ने यिनीहरुको परम्परागत संस्कार हो । मृतकको उमेर अनुसार शव जलाउने वा गाड्ने गर्दछन् । मृत्यु संस्कारमा भान्जा (कुटुम्व) को महत्वपूर्ण भुमिका हुन्छ । मृतकको प्रेतआत्मा आएर बस्छ भन्ने विश्वासले बाटोमा चौतारी बनाई रुख रोप्ने चलन छ । किरियापुत्री १२/१३ दिनमा चोखिने चलन छ ।

यहाँका मगर जातिको विवाह प्रणाली आफ्नै परम्परामा सम्पन्न गर्दछन् । मगनी विवाह यहाँको परम्परागत र स्वभाविक विवाह हो । कुलघरान र इज्जत सम्झेर सामाजिक प्रतिष्ठा अनुरुप मागेर धुमधामका साथ विवाह गर्नु यहाँका मगरहरुको संस्कार हो । सुरुमा कुरा चलाई केटी माग्ने चलन छ । भागिसकेपछि दिन हेराई केटी ल्याउन जान्छन र ल्याएर रीत पुऱ्याई भित्राउने गर्दछन् । माइती मान्न जाँदा पुर्व सल्लाह बमोजिम पावरपात सहित दमाहा बजाउदै जन्ती सहित धुमधामका साथ जान्छन् । माइती मानेर आएपछि १, ३, ५ वा ७ दिनमा पुनःदुलाहा दुलही पाईला फर्काउन जान्छन् र विवाह सम्पन्न हुन्छ । विवाह गर्दा जाँड रक्सी र मासुको प्रयोग अत्यधिक हुन्छ । विवाह गर्दा मगनी, चोरी, प्रेम, जवरजस्ती, फकाउने आदी प्रक्रिया अपनाउँछन् । मगनी विवाह गर्दा आफ्नै जातमा गर्दछन् । केही वर्ष पहिले सम्म विजातमा गरेको विवाहले सामाजिक मान्यता पाउदैनथ्यो र नकारात्मक दृष्टिले हेरिन्थ्यो तर अचेल विजातिय विवाह पनि गरेको पनि पाईन्छ । यहाँका मगर जातिमा विवाहलाई सामाजिक प्रतिष्ठासँग दाँजेर हेरिन्छ । मगनी विवाह गर्दा मामाको छोरी विवाह गर्ने प्रचलन छ । मामा-चेली फुपु-चेला भन्ने भनाई प्रचलित छ । भान्जाले मामाकी छोरी विवाह नगरी अन्तैबाट विवाह गरेमा बाटो बिराएको भान्जा भन्दछन् । आफन्तहरु मामा-माइजु र आमा-बाबु सबैको सामाजिक मान्यता र परिपाटी केटाकेटीले इन्कार गर्न सक्दैनन् । सट्टा विवाह गर्ने चलन पनि छ । आफ्नो छोरी-बहिनी दिने र उसको छोरी बहिनी ल्याउने गर्दछन् । केटीले एकभन्दा बढी केटासँग विवाह गर्ने र केटाले एकभन्दा बढी केटीसँग छोड्दै विवाह गर्दै गयो भने वा आफ्नै रक्तनातासँग विवाह गऱ्यो भने त्यसलाई सामाजिक मान्यता दिइदैन । प्रेम विवाह गरे पनि सबै पक्षको आम सहमतिमा मागेर गरेको विवाहलाई मगर समाजमा इज्जत र प्रतिष्ठा मान्दछन् ।

यहाँका मगर विवाहमा मुड्यौलीको महत्वपूर्ण स्थान रहन्छ । मुड्यौलीलाई विवाहमा सामाजिक सम्मानको दृष्टिले हेर्दछन् । विवाह अवधिभर यिनीहरुको भूमिका महत्वपूर्ण हुन्छ । दुलही ल्याउन गएका दुलाहातर्फका मानिसहरु र दुलहीका साथ आएकी मुड्यौलीहरु ३/५ दिनसम्म दुलही सँग दुलाहाका घर सम्मानका साथ बस्दछन् । यिनीहरुको संख्या ८-१० जना जति हुन्छ । मुड्यौलीका लागि बस्ने अवधिभर यिनीहरुलाई सम्मान र स्वागत गर्दछन् । यिनीहरुलाई केही कुरामा अलिकति चित्त बुझेन भने दुलही लिएर फर्कने चेतावनी दिन्छन् । यिनीहरु दुलही सँग तिन रात वा पाँच रात बस्दछन् । यहाँ बस्दा दुलहीलाई हरेक कुरामा

सघाउ पुऱ्याउने, दुलहाका घरको यावत काममा सहयोग गर्ने गर्दछन् । तीन दिन वा पाँच दिनपछि दुलाहा पक्ष माइती मान्न जाँदा दुलहीका साथ जन्तीसँग जिस्किदै दुलहीको माइत पुग्दछन् । यहाँ यिनीहरुले जन्तीलाई नानाभाँतीका उट्पट्याङ गर्दै खाना खुवाउछन् । विवाह अवधिभर जन्तीसँग दोहोरी गित गाउँछन् । यति दिनसम्मको हाँसखेल, ठट्टा र मनोरञ्जन् बाट कसैले दुवै पक्ष बिच मन पराई एक अर्कोमा विवाह समेत गर्न सक्दछन् । मगनी विवाह नगरेर प्रेम विवाह गरेपनि पछीका कार्यहरुमा मगनी विवाह कै चरणहरु अपनाउछन् । निर्णयात्मक कुरामा महिलाको अधिकार रहने हुनाले मगर समाजमा महिलाको अवस्था उच्च रहन्छ ।

## ६.२. निश्कर्ष

नेपालका जातिहरु मध्ये एक प्रमुख जाति मगर जातिका आफ्नै मौलिक परम्परागत मूल्य, मान्यता र प्रचलनहरु छन् । संस्कृतिका धनी मगरहरु अत्यन्त सरल, इमान्दार र साहसी जाति हुन् । परम्परागत रुपमा प्रचलित मगनी विवाह मगरहरुले हालसम्म अवलम्वन गर्दै आएका छन् । कुटुम्व खोजी विवाह गर्ने प्रचलन मगर जातिमा बिद्यमान छ । आफ्नै मगर जातिमा विवाह गर्ने मान्यता यहाँका मगरहरुमा पाईन्छ । विवाह गर्दा कुल-घरान, वशं-परम्परा, मगर-जात, जोडा मिलाउने आदीलाई महत्वपुर्ण साथ हेरिन्छ । आफ्नै मामाकी छोरी विवाह गर्ने परम्परा यहाँका मगर जातिमा पाईन्छ । जसलाई मामा चेली, फुपु चेलाविवाह भनिन्छ । मगर जातिमा मगनी विवाह प्रचलनमा भए पनि हाल उत्तिकै रुपमा प्रेम विवाह पनि प्रचलनमा आएको देखिन्छ । मगर समाजमा विवाह गर्दा लमीको माध्यमबाट विवाह कार्य गर्ने गरिन्छ । लमीको काम प्रायः आईमाईले गर्दछन् । विवाहमा माइतीलाई मान्नु अघि सबै गाउँले माइतीलाई खसी र राँगा बुझाउनुपर्ने हुन्छ ।

मगर जातिमा मगनी र प्रेम विवाह बाहेक विधवा वा पुनर्विवाह गर्ने प्रचलन पनि छ । जसलाई मगर समाजमा सामान्य मानिन्छ । विधवाको इच्छा भएमा अर्को लोग्ने खोजी विवाह गर्ने पाउने मान्यता रही आएको छ । त्यस्तै मगर समाजमा जारी, चोरी, भाउजु व्यहोर्ने, भाई बुहारी व्यहोर्ने प्रथा पहिले प्रचलनमा आए तापनि हाल प्रायःदेखिदैनन् । वहुविवाह गर्ने चलन भए पनि यहाँका मगरहरुले गरेको देखिदैन ।

विदेशी कपडा नेपालमा आयात हुनुभन्दा पहिले मगरहरुले लुङ्गी, चोली, ब्लाउज, जाइकोट, तनेभोटी,टोपी,पटुका आदी लगाउदथे । तर आजभोली विदेशी कपडाको आयातपछि विदेशी कपडा पनि लगाउने गर्दछन् । तर पनि आजसम्म मगर महिला र पुरुषहरुले आफ्ना जातिय कपडा लगाउन छाडेका छैनन् ।

मगर परिवार पनि पितृ सत्तात्मक परिवार नै भए तापनि यस जातिमा तुलनात्मक रुपमा महिलाहरुमा बढि स्वतन्त्रता छन् ।जस्तै,बह्रमण,क्षेत्री लगायत अन्य महिलाहरु

महिनावारी जस्तो प्राकृतिक कुरामा पनि बार्नुपर्ने छोईन नहुने चलन छ,यसैगरी श्रीमान्को खुट्टा ढोग्नुपर्ने र जल खानु पर्ने चनल विद्दमान छ, तर मगर महिलाहरुमा यस्तो गर्नुपर्ने कुनै जरुरी छैन अर्थात् यस्तो चलन नै छैन। यसैगरी विधवा विवाह लगायतमा पनि अन्य बह्मण,क्षेत्रीको तुलनामा केही बढी स्वतन्त्रता रहेको छ ।विवाह गर्न केटा छान्ने सम्बन्धमा समेत तुलनात्मक रुपमा बढी स्वतन्त्र रहेको पाईन्छ ।यहाँका मगरहरुको मुख्य पेशा कृषि हो । परिवारमा प्रायःजेठो मानिसले नै नेतृत्व गरेको हुन्छ । मगर जाति लोक संस्कृतिमा धनी जातिहरु मध्ये एक हो ।

बदलिदो सामाजिक परिवेश, बाहिरी समाज र व्यक्तिहरुसँगको सम्पर्क, बसाइसराइँ, रोजगार, शिक्षा,आर्थिक कारण, विदेश जाने प्रचलन, व्यक्तिगत स्वतन्त्रता, विश्वव्यापिकरण,आधुनिकिकरण, बजारीकरण, यातायात, सूचना तथा संचारको विकास,पश्चिमिकरणको प्रभावका कारण मगर समाजको विवाह संस्कारमा परिवर्तन आएको देखिन्छ । राजनैतिक परिवर्तन तथा चेतना र यसको प्रभावका साथै महिलाको अवस्थामा सुधार लगागतका कारण पनि मगर समाजको विवाह पद्धतिमा परिवर्तन आएको देखिन्छ ।

# सन्दर्भ ग्रन्थ सूची


अर्याल,कृष्णराज(२०६७):नेपाली संस्कृति संक्षिप्त झलक,विजय अफसेट प्रेस,काठमाण्डौं ।

आचार्य, बलराम र श्रेष्ठ, केशव कुमार (२०६६), सामाजिक संस्था र प्रक्रियाको विश्लेषण, भोटाहिटी,काठमाण्डौं : नेशनल बुक सेन्टर ।

खत्री, प्रेम र पेशल, दाहाल (२०४४),नेपालको संस्कृति र सभ्यता, काठमाण्डौं : मित्र छापाखाना ।

घर्ती मगर, रण प्रसाद (२०६४), नेपालको मगर आदिवासी र खस राज्यको परिचय, काठमाण्डौं : धनमाया घर्ती मगर र धन कुमारी घर्ती ।

तथ्याङ्क विभाग (२०६८), नेपालको जनसंख्या गणना, काठमाण्डौं :तथ्यांक विभाग ।

देवकोटा पदमलाल तथा ओझा नेत्रकुमार(२०६७):सामाजिक संस्था र प्रक्रियाको विश्लेषण,देउराली प्रकाशन प्रा.लि.काठमाण्डौं ।

नेपाल आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन( २०५८)

प्रयोगात्मक नेपाली शब्दकोष(२०६१):विद्यार्थी प्रकाशन प्रा.लि.काठमाण्डौं ।

बराल मगर, केशर जंग (२०६८), पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरुको संस्कृति, काठमाण्डौं : अस्मिता बुक्स पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स (प्रा.लि.) ।

बुढा मगर, हर्षबहादुर (२०५३), मगर जाति र उनका सामाजिक संस्कार, काठमाण्डौं : जि.पि.ओ. वक्स ४२० ।

विष्ट, डोर बहादुर (२०६४), सबै जातको फुलवारी, काठमाण्डौं : साझा प्रकाशन ।

शर्मा, जनकलाल (२०५८), हाम्रो समाज एक अध्ययन, काठमाण्डौं : साझा प्रकाशन ।

श्रीस, धर्मप्रसाद (२०३८), मगराती संस्कृति, बिराटनगर : कोशेली छापाखाना ।

Bista, Dor Bahadur (1996 A.D), People of Nepal. Kathmandu: Ratna Pustak Bhandar.

Gharti Magar, Rana Prasad (2062 B.S.), An introduction of Magar Policy, Kathmandu: Sirjana Gharti Magar and Dhan Maya Gharti Magar.

John,T. Hitchcock (1966 A.D.), The Magar of Banyan Hill, New York: Chicago, Sanfrancisco, London.

# अनुसूची-१

## अध्ययनमा प्रयोग गरिएका प्रश्नावलीहरु

घरमुलीकोः-

नाम थरः- धर्म :-

उमेर : - पेशा :-

लिङ्ग :- भाषा :-

शिक्षा :-

१. पारिवारिक विवरण :

| क.सं | सदस्यहरुको नाम | घरमुलीसँगको नाता | उमेर | लिङ्ग | पेशा | सहायक पेशा | विवाहको प्रकार | शिक्षा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

२. तपाईको आफ्नो जमिन छ या छैन ? छ भने कति ?

| क.सं. | किसिम | रोपनी | बिगाहा | आाना |
|---|---|---|---|---|
| १ | खेत | | | |
| २ | बारी | | | |
| ३ | पाखो | | | |
| | | | | |

३. तपाई आफू मगर भएकोमा कस्तो अनुभव गर्नुहुन्छ ?

क) गौरब ख) अपमान ग) घृणा घ) केहि पनि नसोचेको

४. तपाईहरुमा सबैभन्दा प्रचलित विवाह कुन हो ?

क) मगनी विवाह   ख) प्रेम विवाह  ग) जवरजस्ती विवाह   घ) जारी विवाह ङ) अन्य

५. कति वर्षको उमेरमा विवाह गर्ने गरिन्छ ?

..........................................................................................................

६. मगनी विवाह कति चरणमा सम्पन्न गरिन्छ ?

..........................................................................................................

७. कुन प्रकारको विवाह उपर्युक्त मान्नुहुन्छ ?

..........................................................................................................

८. तपाईको विवाह कस्तो प्रकारबाट भएको हो ?

क) मगनी विवाह   ख) प्रेम विवाह  ग) जवरजस्ती विवाह  घ) जारी विवाह ङ) अन्य

९. मामाको छोरी माग्दा को कसले कुरा मिलाउन जान्छन ?

..........................................................................................................

१०. अन्यत्रको केटी माग्न जाँदा को मार्फत जानु पर्छ ?

..........................................................................................................

११. केटी माग्न जाँदा के-के लिएर जानुपर्छ ?

..........................................................................................................

१२. मगनी विवाहमा मुख्य हात कस्को हुन्छ ?

..........................................................................................................

१३. मगनी विवाहमा केटाकेटीको इच्छा हुनुपर्छ कि पर्दैन ?

..........................................................................................................

१४. कन्या दिदा को-कसलाई बोलाईन्छ ? र सल्लाह गरिन्छ ?

..........................................................................................................

१५. छोरीलाई दिईसकेपछि अर्को चरणमा के गरिन्छ ?

..........................................................................................................

१६. विवाहको दिन निश्चित गरिसकेपछि दुलही लिन को-को जाने चलन छ ?

..........................................................................................................

१७. पावरपात के-के लिने गरिन्छ ?

..........................................................................................................

१८. पावरपात जम्मा गर्न सहयोग गर्नेलाई के-के भनिन्छ ?

..........................................................................................................

१९. को-कसलाई पावरपात लिने गरिन्छ ?

..........................................................................................................

२०. दुलही भित्राउँदा के-के गरिन्छ ?

..........................................................................................................

२१. ढोगभेटमा माइतीले मागेका पावरपातलाई के भनिन्छ ?

.........................................................................................

२२. पावरपात को-कसले बोक्छन् ?

.........................................................................................

२३. घरबाट जन्ती निस्कँदा के-के गरिन्छ ?

.........................................................................................

२४. जन्त को-को जाने गर्दछन् ?

.........................................................................................

२५. महिला वा केटीहरु पनि जन्तीसँगै जाने चलन छ ? छ भने यिनीहरुलाई के भनिन्छ ?

.........................................................................................

२६. माइती घरको नजिकै पुगेपछि जन्तीहरुलाई के-कसरी स्वागत गरिन्छ ?

.........................................................................................

२७. यदी दिदी वा दाजुको विवाह हुनभन्दा अगाडि भाई वा बहिनीले विवाह गरेमा केही सजाय गर्ने चलन छ कि छैन ?

.........................................................................................

२८. दुलाहा-दुलहीलाई कुन बेला ढोका भित्र भित्राइन्छ ?

.........................................................................................

२९. दुलाहा-दुलहीलाई घरभित्र भित्राउँदा के-के गरिन्छ ? र किन यसो गरिन्छ ?

.........................................................................................

३०. गोडा धुने चलन छ कि छैन ? छ भने कुन बेला र कसरी गरिन्छ ?

.........................................................................................

३१. जन्तीलाई खाना खुवाउँदा के-कस्ता प्रकारका चिज हरु खुवाईन्छ ?

.........................................................................................

३२. दुलाहाका सामान दुलहीकी संगीनीहरुले किन लुकाई दिन्छन् ? कतिबेला र कसरी दिन्छन् ?

.........................................................................................

३३. दुलाहालाई दुलही तर्फका मानिसहरुलाई चिनाउने र नयाँ साइनो लगाउने को बाट गराईन्छ ?

.........................................................................................

३४. विवाह गर्दा सिन्दुर पोते गर्छन कि गर्दैनन् ?

.........................................................................................

३५. स्वयम्वर गरिन्छ कि गरिदैन ? गरिन्छ भने कसरी ?

.........................................................................................

३८. दुलाहाको घरमा आईसकेपछि दुलहीलाई कसरी भित्राइन्छ ?

..............................................................................................

३९. ढोकभेट कहाँ गर्छन् ? (ढोका बाहिर वा ढोका भित्र)

..............................................................................................

४०. प्रेम विवाह बढि चल्छ कि मगनी विवाह?

..............................................................................................

४१. केटाकेटी एकअर्कोलाई मन पराएर भागेर विहे गरे भने बाबुआमाले के-कस्तो व्यवहार देखाउछन्?

..............................................................................................

४२. जवरजस्ती हातपात गरेर पनि विवाह गर्ने चलन छ कि छैन ?

..............................................................................................

४३. केटी पक्षका रिसाएमा के सजाय दिन्छन्?

..............................................................................................

४४. प्रेम विवाह गर्ने विधीहरु मगनी विवाह जस्तै हुन्छन कि फरक हुन्छन् ?

..............................................................................................

४५. यदि जारी विवाह भएमा विवाह गर्ने विधी के-कस्तो हुन्छ ? रकम कति तिर्नुपर्छ ?

..............................................................................................

४६. विधवा र विदुर विवाहका बारेमा बताई दिनुहुन्छ कि ?

..............................................................................................

४७. अन्तरजातिय विवाह हुन्छ कि हुँदैन ? के यसमा सामाजिक मान्यता प्राप्त हुन्छ ?

..............................................................................................

४८. सम्बन्ध विच्छेद हुन्छ कि हुँदैन ? भएका किन र के कारणले हुन्छ ?

..............................................................................................

४९. हाल मगरहरुको विवाह पद्धतीमा देखिएका परिवर्तनहरु के-के हुन्?

..............................................................................................

५०. मगरहरुको मगनी विवाहमा देखिएका परिवर्तन बारे भन्नुहोस् ।

..............................................................................................

५१. मगरहरुको प्रेम विवाहमा देखिएका परिवर्तन बारे भन्नुहोस् ।

..............................................................................................

५२. मगरहरुको जारी,विधवा,जवर्जस्ती विवाहमा देखिएका परिवर्तन बारे बताउनुहोस् ।

..............................................................................................

५३. हाल मगरहरुको विवाह पद्धतीमा देखिएका परिवर्तनका कारणहरु बारे बताउनुहोस् ।

..............................................................................................

५४. विवाह पद्धती कस्तो अपनाउनु उपयुक्त होला ?

.......................................................................................................

५४. मौलिक विवाह संस्कारलाई संरक्षण गर्न के गर्नुपर्ला ?

.......................................................................................................

धन्यवाद ।